" सुन्दर र समृद्ध लमजुङको आधार
कृषि, पर्यटन, जलश्रोत र पूर्वाधार "

# लमजुङ जिल्लाको वस्तुगत विवरण २०७०

# DISTRICT PROFILE OF LAMJUNG DISTRICT

**प्रकाशकः**

जिल्ला विकास समिति, लमजुङ

२०७१, असार

# लमजुङ जिल्लाको वस्तुगत विवरण २०७०

**सम्पादक सल्लाहकार**
विष्णुदत्त गौतम
स्थानीय विकास अधिकारी

**सम्पादक मण्डल**
श्री खगेन्द्रप्रसाद दाहाल प्रमुख जिल्ला इन्जिनियर
श्री युवराज अधिकारी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत
श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत
श्री ऋषिराम पाण्डे, लेखा अधिकृत
श्री लोमश अधिकारी, जिल्ला शासन विज्ञ
श्री महेश अधिकारी उर्जा तथा वातवरण अधिकृत
श्री सुशिला श्रेष्ठ नासु, सूचना शाखा

**प्रकाशक**
नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
जिल्ला विकास समितिको कार्यालय, लमजुङ
फोन नं. :०६६-५२०२८१, १४४, १४३, २१९
फ्याक्स नं. : ०६६५२०१४३
वेभ साइट : ddclamjung.gov.np
इमेल : ddc1lamjung@yahoo.com

**प्रविधिक सहयोग**
**सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि.** (SDIC)
कालिकास्थान, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४४३९३७४

**मुद्रण**
अन्नपूर्ण अफसेट प्रेस
बैकुण्ठपुरी, गोंगबु, काठमाण्डौं
फोन नं. : ०१४३८८८०६

**नेपाल सरकार**

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

# जिल्ला विकास समितिको कार्यालय

**लमजुङ**



## मन्तव्य

जिल्लाका मानवीय, भौतिक, सामाजिक तथा आर्थिक विकाससंग सम्वन्धित तथ्य तथ्यांकहरु संकलन, प्रशोधन गरी प्रकाशन गर्ने तथा अद्यावधिक समेत गरी नियमित प्रकाशन मार्फत सरोकारवालामाझ पुऱ्याउनु जिल्ला विकास समितिको दायित्व भित्र पर्दछ । यिनै सूचनाहरुलाई मनन् गर्ने, विश्लेषण गर्ने तथा स्थानीयस्तरमा योजना तर्जुमा गर्दा पनि यिनै सूचनाको आधारमा छनौट गरी कार्यान्वयन गर्ने परिपाटी बसाल्नु अनिवार्य छ । साथसाथै बस्तुगत विवरणको आधारमा श्रोत नक्शा तयार गर्न सकियो भने योजना तर्जुमामा यसले झन छर्लङ्ग चित्र प्रस्तुत गर्दछ । स्थानीय स्वायत्त शासन ऐनमा पनि बस्तुगत विवरण र श्रोत नक्शा तयार गर्नु पर्ने अनिवार्य व्यवस्था रहेकै छ ।

जिल्ला विकास समिति लमजुङले यस अघि २०५९ सालमा लमजुङ जिल्लाको बस्तुगत विवरण प्रकाशन गरेको थियो । सामन्यतः पाँच पाँच वर्षमा जिल्लाको बस्तुगत विवरण अद्यावधिक गर्ने गरिन्छ । यद्यपी लमजुङ जिल्लाको दोश्रो आवधिक जिल्ला विकास योजना तर्जुमा गर्दाको सन्दर्भमा २०७० मा आएर जिल्लाको बस्तुगत विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । साथ साथै राष्ट्रिय जनगणना २०६८ का नतिजाहरु केन्द्रिय तथ्यांक विभागले बाहिर ल्याए पनि सवैमाझ पुग्न नसकेको महशुश गर्दै राष्ट्रिय जनगणना २०६८ का नजिताहरु पनि यस पुस्तकमा समावेश गरी प्रकाशन गरिएको छ । यसमा गाविस तहकै सूचनाहरु प्राप्त भएसम्म राख्ने प्रयास गरिएको छ ।

सवै गाविस तथा नगरपालिकाको बस्तुगत विवरण अद्यावधिक गरी त्यसकै समस्तीगत रुपमा जिल्ला बस्तुगत विवरण तयार गर्ने कार्य समय र स्रोत साधनको लगानीका दृष्टीले सहज हुने हुन्छ । तर गाविसहरुले पछिल्लो पटक तयार गरेको गाविसको बस्तुगत विवरणको ढाँचाहरुमा एकरुपता नभएकोले र सो समयमा त्यही तवरले सोचेर कार्य हुन नसक्दा यो पटक गाविसहरुको विवरणको आधारमा जिल्ला बस्तुगत विवरण तयार गर्ने कुरा सम्भव भएन । आगामी दिनमा गाविस, नगरपालिका र जिल्लाको बस्तुगत विवरण एकै साथ अद्यावधिक गर्नु पर्दछ भन्ने लागेको छ ।

बस्तुगत विवरणमा कतिपय सूचनाहरु छुटेका हुन सक्छन् । सवै पुरा भएपछि प्रकाशन गर्ने भन्ने हो भने कहिल्यै पनि पुरा नहुने र प्रकाशन पनि हुन नसक्ने खतरालाई टार्दै जो जति संकलन र प्रशोधन भएको छ त्यसैलाई प्रकाशन गर्ने जमर्को गरिएको छ । छुटेका विवरणहरु क्रमशः अद्यावधिक गर्दै लैजाने प्रयत्न गरिनेछ । यो बस्तुगत विवरण तयारी कार्यमा सूचना विवरण उपलब्ध गराउन सहयोग पुऱ्याउने सरकारी कार्यालय र गैससहरु, यसको संकलन र व्यवस्थापनमा प्रत्यक्ष/परोक्ष भूमिका निभाउने परामर्शदाता र जिविसका कर्मचारी मित्रहरु, साथै दोश्रो खण्डमा राखिएको तथ्यांक उपलब्ध गराउने केन्द्रिय तथ्यांक विभाग प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यमा सधैं हौसला प्रदान गर्ने एवम् सकारात्मक तवरले मार्गनिर्देश गर्ने राजनीतिक दल र माननीय सभासद्ज्यूहरुप्रति यो प्रकाशनको अवसरमा विशेष कृतज्ञता प्रकट गर्दछु । धन्यवाद ।

२०७१ असार

.....................................

बिष्णुदत्त गौतम

स्थानीय विकास अधिकारी

# शब्द सङ्क्षेप

| | |
|---|---|
| उवासं | उद्योग वाणिज्य संघ |
| उमावि | उच्च माध्यमिक विद्यालय |
| एक्याप | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना |
| खासडिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, |
| गाविस | गाउँ विकास समिति |
| गाशिस | गाउँ शिक्षा समिति |
| गैसस | गैर सरकारी संस्था |
| घसाउविस | घरेलु तथा साना उद्योग विकास समिति |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिखेविस | जिल्ला खेलकुद विकास समिति |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| जिमबाका | जिल्ला महिला तथा बालबालिका कार्यालय |
| जिवका | जिल्ला वन कार्यालय |
| जिविस | जिल्ला विकास समिति |
| जिबाकस | जिल्ला बाल कल्याण समिति |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय, |
| जिभूसंका | जिल्ला भूसंरक्षण कार्यालय |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिहुका | जिल्ला हुलाक कार्यालय |
| झोपु | झोलुङ्गे पुल |
| नविस | नगर विकास समिति |
| नाथम | पर्यटन तथा होटल व्यवस्थापन तालिम प्रतिष्ठान |
| नासके | नागरिक सचेतना केन्द्र |
| मस्वास्वसे | महिला स्वास्थ्य स्वयम् सेविका |
| मावि | माध्यमिक विद्यालय |
| निमा | निम्नमाध्यमिक विद्यालय |
| वनामं | वडा नागरिक मञ्च |
| सिविओ | समुदायमा आधारित संस्था |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| लैससास | लैंगिक समानता तथा सामाजिक सशक्तिकरण |
| शिअसं | शिक्षक अभिभावक संघ |
| शविडिका | शहरी विकास तथा भवन डिभिजन कार्यालय |
| बीटीएस | बेस ट्रान्सरिसिभर स्टेसन |
| ACAP | Annapurna Conservation Area Project |
| CADRE | Community Action for Disaster Response |
| CAPA | Community Adaptation Plan of Action |
| CPR | Contraceptive Prevelance Rate |
| DACC | District Aids Coordination Committee |
| DDRT | District Disaster Response Team |
| DEOC | District Emergency Operation Centre |
| DPMAS | District Planning and Monitoring Analysis System |

| | |
|---|---|
| EMIS | EducationMangement Information System |
| HCT | HIV Counselling and Testing |
| HCT | HIV/AIDS counselling and testing |
| HMIS | Health Management Information System |
| HP | Health Post |
| ICT | Information and Communication Technology |
| LAPA | Local Adaptation Plan of Action |
| LSR | Light Search and Rescue |
| NDHS | National Demographic Health Survey |
| NGO | Non Government Organization |
| PDQ | Partnership Defind Quality |
| NTNC | National Trust for Nature Conservation |
| PHC | Primary Health Centre |
| RCDC | Rural Community Development Centre |
| SHP | Sub Health Post |
| SMS | Short Messaging Service |

# विषय सूची

## खण्ड १

**जिल्ला वस्तुस्थिति विश्लेषण**

**१.१ भूमिका** **१**

**१.२ उद्देश्य** **१**

**१.३ विधि** **१**

**१.४ अध्ययनको सीमा** **२**

**जिल्ला वस्तुगत विवरण**

**२.१ जिल्लाको भौगोलिक स्थिति** **३**

२.१.१ भौगोलिक स्वरुप ३

२.१.२ अवस्थिति ३

२.१.३ नदी प्रवाह ३

२.१.४ भौगोलिक विविधता ४

**२.२ राजनीतिक तथा प्रशासनिक विभाजन** **४**

**२.३ ऐतिहासिक पक्ष** **५**

**२.४ सांस्कृतिक पक्ष** **५**

**२.५ जनसङ्ख्या विवरण** **६**

२.५.१ जनसंख्या परिवर्तन ७

२.५.२ गाविसअनुसारको जनसंख्या ८

२.५.३ उमेर समूहअनुसारको जनसंख्या १०

२.५.४ निर्वाचन क्षेत्र र इलाका अनुसारको जनसंख्या १२

२.५.५ जातजाति अनुसारको जनसंख्या १३

२.५.६ भाषा अनुसारको जनसंख्या १३

**२.६ भूउपयोग** **१४**

२.६.१ विशेष संरक्षण गर्नुपर्ने भूमि तथा जलाधार क्षेत्र १४

**२.७ भिरालोपन** **१६**

**२.८ शहरीकरण तथा वस्ती विकासको स्वरुप** **१७**

२.८.१ जनसंख्याको आकारअनुसार गाविसहरुको वर्गीकरण १७

२.८.२ जनसंख्याको आकारमा आएको परिवर्तनअनुसार गाविसहरुको वर्गीकरण १७

२.८.३ बजार केन्द्रहरु १८

**२.९ जिल्लाको आर्थिक स्थिति** **१९**

२.९.१ जिल्ला अर्थतन्त्रको संरचनात्मक स्वरुप १९

२.९.२ घरपरिवारको आयस्तर तथा गरिबी २०

**२.१० कृषि तथा सिंचाइ क्षेत्र** **२२**

२.१०.१ प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्व २३

२.१०.२ खाद्य सुरक्षा २५

| | |
|---|---|
| २.१०.३ कृषि पकेट क्षेत्र | २६ |
| २.१०.४ कृषि क्षेत्र तथा सिंचाइ क्षेत्रका समस्या तथा चुनौतिहरू | २६ |
| २.१०.५ कृषि क्षेत्र तथा सिंचाइ क्षेत्रका अवसर तथा सम्भावनाहरू | २७ |
| **२.११ पशुपालन** | **२८** |
| २.११.१ जिल्लामा पशुदानको कारोबार | २९ |
| २.११.२ पशुजन्य पदार्थको निकासी, पैठारी | २९ |
| २.११.३ पशुपालन पकेट क्षेत्र | ३० |
| २.११.४ इलाकाअनुसार एग्रोभेटको वितरण | ३० |
| २.११.५ इलाका तथा गाविसअनुसार पोल्ट्रीफार्म | ३१ |
| २.११.६ पशुजन्य उत्पादन | ३२ |
| २.११.७ पशुपालन क्षेत्रका समस्या तथा चुनौतिहरू | ३२ |
| २.११.८ पशुपालन क्षेत्रका अवसर र संभावनाहरू | ३२ |
| **२.१२ वन क्षेत्र** | **३३** |
| २.१२.१ जडिबूटी तथा लघु वन पैदावार | ३३ |
| २.१२.२ वन्यजन्तु/पशुपक्षी | ३३ |
| २.१२.३ जिल्लामा उपलब्ध वनको प्रकार | ३४ |
| २.१२.४ रेन्जपोष्ट क्षेत्र | ३४ |
| २.१२.५ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) भित्र पर्ने गाविसहरू | ३५ |
| २.१२.६ वनक्षेत्रको आधारभूत स्थिति | ३५ |
| २.१२.७ सामुदायिक वन | ३६ |
| २.१२.८ कबुलियती वन | ३७ |
| २.१२.९ वन क्षेत्रका समस्या तथा चुनौतिहरू | ३७ |
| २.१२.१० वन क्षेत्रका अवसर र सम्भावनाहरू | ३८ |
| **२.१३ उद्योग, व्यापार तथा व्यवसाय** | **३८** |
| २.१३.१ घरेलु तथा साना उद्योगको आधारभूत स्थिति | ३९ |
| २.१३.२ व्यापार तथा व्यवसाय | ४० |
| २.१३.३ बैंकिङ सेवा | ४० |
| २.१३.४ सहकारी | ४१ |
| २.१३.५ उद्योग, व्यापार, व्यवसाय क्षेत्रका समस्या तथा चुनौतिहरू | ४१ |
| २.१३.६ उद्योग, व्यापार, व्यवसाय क्षेत्रका अवसर र सम्भावना | ४३ |
| **२.१४ पर्यटन** | **४३** |
| २.१४.१ प्रमुख पर्यटकीय स्थलहरू र तिनका विशेषता | ४४ |
| २.१४.२ जिल्लामा पर्यटन विविधिकरणका संभावित क्षेत्र | ५१ |
| २.१४.३ जिल्लामा उपलब्ध होटेल र बेड | ५२ |
| २.१४.४ होम स्टे र बेड | ५२ |

२.१४.५ पर्यटन क्षेत्रका समस्या तथा चुनौतिहरू ५३
२.१४.६ पर्यटन क्षेत्रका सम्भावनाहरू ५४
**२.१५ भौतिक पूर्वाधार ५४**
२.१५.१ सडक ५५
२.१५.१.१ जिल्ला सडक मूल सञ्जाल सडक ५५
२.१५.१.२ गाउँ सडक मूल सञ्जाल सडक ५७
२.१५.२ सञ्चार प्रणाली ५९
२.१५.३ जलविद्युत् ६१
२.१५.४ वैकल्पिक ऊर्जा ६१
२.१५.४.१ लघुजलविद्युत् ६२
२.१५.४.२ पेल्ट्रिक सेट ६३
२.१५.४.३ सौर्यऊर्जा ६४
२.१५.४.४ सुधारिएको चुल्हो ६५
२.१५.५ खानेपानी तथा सरसफाइ ६७
**२.१६ शिक्षा ६८**
२.१६.१ शिक्षाका आधारभूत शैक्षिक सूचक ६९
२.१६.२ जनसंख्या र शैक्षिक सुविधा ७०
२.१६.३ स्रोत केन्द्र र साक्षरता स्थिति ७१
२.१६.४ स्रोत केन्द्रहरूअनुसार विद्यालय संख्या ७१
२.१६.५ प्राथमिक विद्यालयमा पहुँच ७२
२.१६.६ प्राथमिक विद्यालयमा न्यूनतम शैक्षिक सुविधा ७३
२.१६.७ स्रोत केन्द्रहरूअनुसार प्राथमिक विद्यालय भर्ना प्रवृत्ति ७४
२.१६.८ निम्न माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना ७५
२.१६.९ माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना ७५
२.१६.१० उच्च-माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना ७५
२.१६.११ सामान्य भर्नादर ७५
२.१६.१२ माध्यमिक विद्यालयमा विद्यार्थी भर्नादर ७६
**२.१७ जनस्वास्थ्य ७६**
२.१७.१ जिल्ला जनस्वास्थ्यको आधारभूत झलक ७८
२.१७.२ जिल्लामा देखापर्नेगरेका मुख्य १० रोगहरू र बिरामी संख्या ८०
२.१७.३ जिल्लामा स्वास्थ्य प्रश्वास तथा झाडापखाला रोग ८०
२.१७.४ स्वास्थ्य सम्बन्धी समस्या तथा चुनौति ८२
२.१७.५ स्वास्थ्यसम्बन्धी अवसर तथा सम्भावना ८३
**२.१८ खेलकुद ८४**
**२.१९ सामाजिक संघ संस्थाहरू ८४**

**२.२० सामाजिक सुरक्षा** **८५**
**२.२१ विपद् जोखिम व्यवस्थापन** **८७**
२.२१.१ विपद् समयरेखा ८७
२.२१.२ गाविसअनुसार विपद् जोखिमको स्थिति ८८
२.२२ बालबालिका तथा महिला ९०
२.२३ संस्थागत विकास तथा सुशासन ९४
२.२४ संस्थागत स्रोत तथा क्षमता ९८
**सन्दर्भ सूची**

## खण्ड २

## केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त राष्ट्रिय जनगणना २०६८ सम्वन्धी तथ्याङ्कहरु

| | | |
|---|---|---|
| **१** | **जिल्लाको घरधुरी सम्वन्धी विवरण** | **१०३** |
| १.१ | खाना पकाउने इन्धनको श्रोतको आधारमा घरधुरी विवरण | १०३ |
| १.२ | बत्ति बाल्ने उर्जाको श्रोतको आधारमा घरघुरी विवरण | १०३ |
| १.३ | शौचालयको प्रकारको आधारमा घरधुरी विवरण | १०३ |
| १.४ | घरधुरीमा उपलब्ध सुविधाको आधारमा घरधुरी विवरण | १०३ |
| १.५ | अचल सम्पति स्वामित्वको आधारमा घरधुरी विवरण | १०३ |
| १.६ | अनुपस्थित घरधुरी र जनसंख्या विवरण | १०४ |
| **२** | **जिल्लाको जनसांख्यिक विवरण** | **१०४** |
| २.१ | उमेर समूहको आधारमा जनसंख्या विवरण (महिला /पुरुष) | १०४ |
| २.२ | दश वर्ष भन्दा माथिका जनसंख्याको वैवाहिक स्थितिको विवरण | १०५ |
| २.३ | पहिलो विवाह भएको उमेरको आधारमा जनसंख्या विवरण | १०५ |
| २.४ | धर्मको आधारमा जनसंख्या विवरण | १०६ |
| २.५ | अपाङ्गताको आधारमा अपाङ्गता जनसंख्या विवरण | १०६ |
| २.६ | पाँच वर्षमाथिका जनसंख्याको साक्षरता सम्बन्धी विवरण | १०७ |
| २.७ | मातृभाषाको आधारमा जनसंख्या विवरण | १०७ |
| २.८ | जातजातिको आधारमा जनसंख्या विवरण | १०८ |
| **३** | **गाविसहरुको वडागतरुपमा जनसंख्या विवरण (अंग्रेजी वर्णानुक्रमानुसार)** | **११०** |
| **४** | **गाविसगतरुपमा घरधुरी तथा जनसंख्या सम्बन्धी विवरण** | **१२५** |
| ४.१ | घरधुरी स्वामित्वको आधारमा घरधुरी विवरण | १२५ |
| ४.२ | घरको जगको आधारमा घरधुरी विवरण | १२७ |

| | | |
|---|---|---|
| ४.३ | घरको भित्ता/पर्खालको आधारमा घरधुरी विवरण | १२९ |
| ४.४ | घरको छानाको आधारमा घरधुरी विवरण | १३१ |
| ४.५ | खानेपानी सुविधाको श्रोतको आधारमा घरधुरी विवरण | १३३ |
| ४.६ | खाना पकाउने इन्धनको श्रोतको आधारमा घरधुरी विवरण | १३५ |
| ४.७ | बत्ति बाल्ने उर्जाको श्रोतको आधारमा घरघुरी विवरण | १३७ |
| ४.८ | शौचालयको प्रकारको आधारमा घरधुरी विवरण | १३९ |
| ४.९ | घरधुरीमा उपलब्ध सुविधाको आधारमा घरधुरी विवरण | १४१ |
| ४.१० | अनुपस्थित घरधुरी र जनसंख्या विवरण | १४३ |
| ४.११ | घरधुरी संख्या, जनसंख्या, औषत परिवारसंख्या र लैङ्गिक अनुपात विवरण | १४५ |
| ४.१२ | उमेर समूहको आधारमा जनसंख्या विवरण (महिला /पुरुष) | १४७ |
| ४.१३ | जातजाति र लैंगिक आधारमा जनसंख्या विवरण (अंग्रेजी वर्णानुक्रमानुसार) | १५५ |
| ४.१४ | मातृभाषाको आधारमा जनसंख्या विवरण | १७१ |
| ४.१५ | अपाङ्गताको आधारमा अपाङ्गता जनसंख्या विवरण | १८१ |
| ४.१६ | पाँच वर्षमाथिका जनसंख्याको साक्षरता सम्बन्धी विवरण | १८६ |
| ४.१७ | शैक्षिक योग्यताको आधारमा पाँच वर्ष माथिका जनसंख्या विवरण | १९२ |
| ४.१८ | पाँच वर्षदेखि २५ वर्ष भित्रका जनसंख्याको विद्यालय उपस्थिति विवरण | २०१ |
| **५** | **विविध** | **२०४** |
| ५.१ | विपन्नता स्तरीकरण प्रतिवेदन २०७० | २०४ |
| ५.२ | जातजातिको आधारमा जिल्लाको अतिगरीव घरधुरी विवरण | २०४ |
| ५.३ | जातजातिको आधारमा जिल्लाका गरीव घरधुरी विवरण | २०४ |
| ५.४ | जातजातिको आधारमा गरीव र अतिगरीव घरधुरी प्रतिशत विवरण | २०४ |
| ५.५ | गा.वि.सगत रुपमा विपन्नता स्तरीकरण | २०५ |
| ५.६ | जिल्लाका जलविद्युत, लघु जलविद्युत र पेल्टि्रक सेट योजना सम्वन्धी विवरण | २०९ |
| ५.७ | जिल्ला सदरमुकामबाट गाविससम्मको दुरी र गाविसको क्षेत्रफल विवरण | २११ |
| ५.८ | नापी नक्शाको आधारमा गाविस अनुसार जग्गाको क्षेत्रफल | २१२ |
| ५.८ | लमजुङ जिल्लाका माननीय सभासदज्यूहरुको विवरण | २१५ |
| ५.९ | जिल्लाका सूचना तथा सञ्चार क्षेत्रको विववरण | २१५ |
| ५.१० | जिल्लाका होटल लजहरुको विवरण | २१६ |
| **६** | **श्रोत नक्शाहरु** | **२२०** |

# खण्ड : १

---

## जिल्ला वस्तुस्थिति विश्लेषण

२०७०



नेपाल
लमजुङ
हुम्ला
बझाङ
बाजुरा
बैतडी
डोटी
अछाम
मुगु
जुम्ला
डोल्पा
मुस्ताङ
दैलेख
जाजरकोट
कैलाली
रुकुम
सुर्खेत
बर्दिया
सल्यान
रोल्पा
म्याग्दी
मनाङ
कास्की
लमजुङ
गोरखा
बाँके
दाङ
प्युठान
गुल्मी
अर्घाखाँची
स्याङ्जा
तनहुँ
रसुवा
नुवाकोट
दोलखा
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
चितवन
धादिङ
मकवानपुर
संखुवासभा
ताप्लेजुङ
सिन्धुली
खोटाङ
भोजपुर
पर्सा
बारा
सर्लाही
धनुषा
सिरहा
उदयपुर
सप्तरी
धनकुटा
सुनसरी
मोरङ
80
0
80
160
240 Miles

खण्ड-१

# परिचय

## १.१ भूमिका

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीको निर्दिष्ट व्यवस्था तथा भावना अनुरुप प्रत्येक जिल्लाले विकेन्द्रीकरणको अभ्यास गर्ने प्रयास गरिरहेका छन्। स्थानीय स्वशासन प्रक्रियालाई व्यवस्थित गरी परिपक्व कार्यान्वयन गर्ने परिपाटीको थालनी गर्ने अभिप्रायले लागू गरिएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा तोकिएको प्रावधान अनुरुप हरेक जिल्लाले सूचनामा आधारित आवधिक योजना तयार गर्नु पर्ने र आवधिक योजनाको लागि आवश्यक तथ्यांक/सूचना सहितको जिल्ला पार्श्व चित्र तयार गर्नु पर्ने भएको हुँदा यो लमजुङ जिल्लाको आर्थिक, सामाजिक, भौगोलिक, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास क्षेत्रको तथ्यांक सूचनालाई समेटेर जिल्लाको पार्श्वचित्र तयार गरिएको छ।

## १.२ उद्देश्य

लमजुङ जिल्लाको सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक लगायतको समग्र वस्तुस्थिति झल्काई लमजुङ जिल्लाको आ.व. २०७०/७१ - २०७४/७५ को पञ्चवर्षीय आवधिक जिल्ला विकास योजना तर्जुमा गर्न आधार रेखा तथ्यांक उपलब्ध गराई जिल्लाको वस्तुगत स्थिति विश्लेषण गर्न सहयोग गर्ने मूल उद्देश्य रहेको यस जिल्ला वस्तुगत विवरणको अन्य विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:-

१. जिल्लाको वस्तुस्थितिको बारेमा जानकारी गराउने।
२. जिल्लाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, भौगोलिक, राजनीतिक वातावरणको बारेमा जानकारी गराउने।
३. जिल्लास्थित विभिन्न स्रोत साधनको उपलब्धता र स्थिति विश्लेषण गर्ने।
४. जिल्लास्थित विषयगत कार्यालय तथा संघ संस्थाहरूको एकीकृत विवरण विश्लेषण गर्ने।
५. जिल्लाको विषयगत/क्षेत्रगत विकासका सम्भावनाहरूको बारेमा विश्लेषण गर्ने।
६. जिल्लाको आवधिक/वार्षिक योजना तर्जुमाको लागि समग्र क्षेत्रको सूचना/तथ्याङ्क उपलब्ध गराउने।

## १.३ विधि

यो दस्तावेजको तयारीका क्रममा सर्वप्रथम आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकाले व्यवस्था गरेबमोजिम विभिन्न विषयगत सूचनाहरूको लागि सूचना संकलन फारामहरू तयार गरियो। संकलित फारामहरू जिविस लमजुङ जिविसमार्फत् सम्बन्धित विषयगत कार्यालयहरूमा पठाई सूचना संकलन गर्ने कार्य गरियो। साथै सम्बन्धित कार्यालय, पेशागत संघसंगठन तथा जिल्लाको बारेमा विशेष दखल राख्ने व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी सम्बन्धित थप एवम् गुणात्मक सूचनाहरू संकलन गरियो। राष्ट्रिय निकायहरू जस्तै केन्द्रिय तथ्यांक विभाग आदिबाट प्रकाशित जिल्लाका सूचनाहरूसमेतका आधारमा जिल्लाको वस्तुस्थिति झल्काउने प्रयास गरिएको छ। धेरै सूचनाहरू सम्बन्धित कार्यालयका वार्षिक प्रगति प्रतिवेदन, जिल्ला विकास समितिले तयार गरेको वस्तुगत विवरणबाट समेत संकलन गरियो। प्राप्त भएका तथ्यांक तथा सूचनाहरूलाई विज्ञ टोलीले विभिन्न विश्लेषणका औजार प्रयोग गरी विश्लेषण गर्ने कार्य सम्पन्न गरी यस दस्तावेजमा प्रस्तुत गरिएको छ। प्राप्त तथ्यांक तथा सूचना हरूलाई सम्भव भए सम्म भौगोलिक सूचना प्रणालीको आधारमा नक्साङ्कन समेत गरिएको छ।

## १.४ अध्ययनको सीमा

आवधिक जिल्ला विकास योजना तर्जुमा लागि भएको पहिलो कार्यशालामा भएको छलफल र निचोडका आधारमा जिल्लाको अघिल्लो एक आर्थिक वर्षको तथ्यांक प्रस्तुत गरिएको छ । वस्तुगत विवरणमा सूचना तथा तथ्यांक सूचनालाई आवधिक जिल्ला विकास योजना तर्जुमासम्बन्धी निर्देशिकाको दोस्रो संस्करण (२०५८) ले निर्दिष्ट गरेबमोजिम खाकामा प्रस्तुत गर्ने अधिकतम प्रयास गरिएको छ, यद्यपि सोअनुसार सूचना उपलब्ध हुन नसकेको अवस्थामा सूचनाको उपलब्धता र आवधिक जिल्ला विकास योजना तर्जुमाको आवश्यकताअनुरुप प्रस्तुत गरिएको छ ।

खण्ड - २

# जिल्ला वस्तुगत विवरण

## २.१ जिल्लाको भौगोलिक स्थिति (District Geographical Characteristics)

### २.१.१ भौगोलिक स्वरुप (Physical Feature)

नेपालको करिब–करिब मध्यपहाडी भागमा अवस्थित लमजुङ जिल्ला विश्वप्रसिद्ध अन्नपूर्ण हिमश्रृंखलाको दक्षिणी भेग तथा महाभारत पर्वत श्रृंखलाअन्तर्गतका पहाड, बेसी, टारहरू मिलेर बनेको छ। यस जिल्लाको भौगोलिक स्वरुपलाई उच्च हिमाल, उच्च पहाड तथा मध्य पहाड क्षेत्र गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ।

**तालिका-१**

**जिल्लाको भौगोलिक विभाजन**

| क्र.सं. | भौगोलिक स्वरुप | क्षेत्रफल (व.कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १. | उच्च हिमाल | ३०९ | १८.२ |
| २. | उच्च पहाड | ६६३ | ३९.२ |
| ३. | मध्य पहाड | ७२० | ४२.५ |
| | | १६९२ | १००.० |

*स्रोत: ICDIMOD, Menris case study no. 4*

भौगोलिक विभाजन हेर्दा लमजुङ जिल्ला केही उच्च हिमालसहितको पूर्णतः पहाडी जिल्ला रहेको प्रष्ट हुन्छ। कुल भूभागको ८१.७ प्रतिशत भूमि उच्च तथा मध्य पहाडले बनेको छ भने १८.२ प्रतिशत भूमि उच्च हिमालयुक्त रहेको छ। जिल्लाको उत्तरी भेगमा पूर्वबाट पश्चिमतर्फ लम्बिएका उच्च हिमाल अन्तर्गत विश्वका केही प्रसिद्ध हिमशिखरहरूसमेत रहेका छन् जुन निम्न अनुसार छन् :

**तालिका-२**

**लमजुङ जिल्लाका प्रमुख हिमशिखरहरू**

| क्र.सं. | मुख्य हिमालहरू | उचाइ (मिटर) |
|---|---|---|
| १. | मनास्लु | ८,१६२ |
| २. | अन्नपूर्ण दोस्रो | ७९३९ |
| ३. | मनास्लु दक्षिण | ७९३७ |
| ४. | हिमालचुली | ७६४७ |
| ५. | लमजुङचुली | ६९८८ |
| ६. | बौद्ध हिमाल | ६६७४ |

*स्रोत: सामुदायिक वन उपभोक्ताहरूको अनुगमन, मूल्यांकन, जि.व.का.*

### २.१.२ अवस्थिति (Location)

अवस्थितिका हिसाबले विश्व मानचित्रमा २८°०३'१९" उत्तरी अक्षांसदेखि २८°३०'३८" उत्तरी अक्षांस तथा ८४°११'२३" पूर्वी देशान्तरदेखि ८४°३८'१०" पूर्वी देशान्तरभित्र अवस्थित यस जिल्लाको कुल क्षेत्रफल १६९२ वर्ग कि.मी. (१६९२०० हेक्टर) रहेको छ। पूर्व तथा उत्तरमा हिमाली जिल्लाहरू गोरखा तथा मनाङबाट अनि पश्चिम तथा दक्षिणबाट पहाडी जिल्लाहरू कास्की तथा तनहुँबाट घेरिएको छ यो जिल्ला। आकारका हिसाबले उत्तरमा केही फुकेको तथा दक्षिणमा केही साँघुरिएको करिब करिब वर्गाकार यो जिल्ला नेपालको करिब करिब मध्यभागमा अवस्थित छ।

### २.१.३ नदी प्रवाह (Drainage system)

गण्डकी नदीको एक प्रमुख सहायक नदी मर्स्याङ्दीदेखि ऐतिहासिक महत्व बोकेको चेपे नदीसम्मबाट सिंचित यस जिल्लाभित्र ठूला र मझौला गरी १३ वटा नदी तथा खोलाहरू बहेका छन्। नदी र खोलाहरूका अतिरिक्त यस जिल्लामा केही चर्चित तालसहित केही पोखरीहरूसमेत रहेका छन्। यहाँ रहेका तालहरूमा

बराहपोखरी तथा दूधपोखरी पर्दछन् भने पोखरीहरूमा इलमपोखरी, मेमेपोखरी रहेका छन्। यस जिल्लामा पाइने मुख्य नदीको वहाव क्षेत्र निम्नअनुसार छ :

**तालिका-३**
**लमजुङ जिल्लाका प्रमुख नदी तथा वहाव क्षेत्र**

| क्र.सं. | नदीको नाम | उद्गमस्थल | वहाव क्षेत्र | मिसिने स्थान |
|---|---|---|---|---|
| १ | मर्स्यांङ्दी | तिलिचो ताल (मनाङ) | च्याम्चे, जगत, स्याङे, घेर्मु, बाहुनडाँडा, ङादी, भुलभुले, खुदी, बेसीशहर, उदिपुर, भोटेवडार, सुन्दरबजार, तार्कुघाट | त्रिशुली |
| २ | मादी नदी | अन्नपूर्ण रेञ्ज | भोर्लेटार, रम्घा | सेती |
| ३ | चेपे नदी | दूधपोखरी | दूधपोखरी, बिचौर, कोल्की, इलमपोखरी, भलायखर्क, चक्रतीर्थ, धमिलीकुवा | मर्स्याङ्दी |
| ४ | ङादी खोला | अन्नपूर्ण हिमाल | भुलभुले, बाहुनडाँडा | मर्स्याङ्दी |
| ५ | रुदी खोला | ताप्राङ धर्मशाला | सिङ्दी, पसगाउँ, भुजुङ | मादी |
| ६ | किसेदी खोला | रिपेलेक | पाचोक, नौथर | दोर्दी |
| ७ | रिस्ती खोला | कुन्छा (भलुवा) | कुन्छा, जिता, तान्द्रिङ टक्सार, सूर्यपाल, रम्घा | मादी |
| ८ | पिस्ती खोला | नेटा | नेटा, बांग्रे, भोर्लेटार | मादी |
| ९ | मिदिम खोला | भुजुङ (बजेरखर्क) | भुजुङ, घनपोखरा, उत्तरकन्या, मालिङ, भोजे. नाल्मा, गिलुङ | मादी |
| १० | पाउँदी खोला | नेटा (थनासिङ) | कोइरालाफाँट, सत्रसयफाँट, तार्कु, सुन्दरबजार, पाउँदी | मर्स्याङ्दी |
| ११ | खुदी खोला | लमजुङ हिमाल | घनपोखरा, सिमपानी, खुदी, खुदीबजार | मर्स्याङ्दी |
| १२ | दोर्दी खोला | मेमे पोखरी | फलेनी, ढोडेनी, चिती, बन्सार, नौथर, श्रीमञ्ज्याङ | मर्स्याङ्दी |
| १३ | नाउँदी खोला | कुन्छा भञ्ज्याङ | कुन्छा, परेवाडाँडा | पाउँदीखोला |

*स्रोत: लमजुङ जिल्लाका वस्तुगत विववरण, जिविस लमजुङ, २०५९*

### २.१.४ भौगोलिक विविधता (Geographycal Diversity)

लमजुङ जिल्लाको भौगोलिक विविधताका उल्लेख्य छ। नेपालको कुल क्षेत्रफलको करिब १.१५ प्रतिशत हिस्सा ओगट्ने यस जिल्लामा समुद्र सतहबाट ३८५ मिटर अग्लो स्थानमा रहेको सिसाघाट, रम्घादेखि विश्वका ८,००० मिटरभन्दा अग्ला १४ अग्ला हिमालमध्येमा पर्ने ८,१६२ मिटर अग्लो मनास्लु हिमालसम्म अवस्थित छ।

जिल्लाको होचो स्थान सिसाघाट, रम्घादेखि अग्लो स्थान मनास्लु हिमालसम्मको उचाइगत भिन्नता (Relief) ७,७७७ मिटर रहेको छ। उचाइगत भिन्नताको यस अधिकताका कारण लमजुङ जिल्लामा नेपालभरि पाइने प्रायः सबै किसिममा जलवायु पाइन्छ। यहाँ पाइने जलवायुमा उपोष्ण, समशीतोष्ण, शीतोष्ण, अल्पाइन र टुण्ड्रा मुख्य हुन्। उपोष्ण जलवायुदेखि टुण्ड्रा जलवायुसम्मको नितान्त फरकखालको जलवायुलाई समेट्न सक्नु यस जिल्लाको भूगोलको एउटा फरक पहिचान हो। परिणामतः जिल्लामा अनेकन् सूक्ष्म जलवायु पकेट क्षेत्रहरूको सिर्जना भएको छ जसको सम्भावना र समस्याहरूको यथोचित अध्ययन हुनु आवश्यक देखिन्छ।

जलवायुमा पाइने भिन्नता अनुरुप यस जिल्लामा वन क्षेत्रमा समेत विविधता पाइन्छ। नेपालमा पाइने उष्ण प्रदेशीय वनदेखि लेकाली वनसम्म मुख्य पाँच प्रकारका वन यस जिल्लामा पाइन्छ।

प्रकारका हिसाबले यस जिल्लामा मुख्यतया बलौटे माटो (Sandy soil), रातो माटो (Lateritic soil), दोमट माटो (Loamy soil) र बलौटे दोमट माटो (Sandy loamy Soil) पाइन्छ। जिल्लामा कृषियोग्य जमिनको क्षेत्रफल ४५०५० हेक्टर रहेको छ (जि.कृ.वि.का., २०७०)।

## २.२ राजनीतिक तथा प्रशासनिक विभाजन (Political and Administrative Division)

नेपालको वर्तमान राजनीतिक/प्रशासनिक विभाजनका हिसाबले लमजुङ जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलअन्तर्गत पर्दछ। बेसीशहर सदरमुकाम रहेको यो जिल्लालाई दुईवटा निर्वाचन क्षेत्रमा वर्गीकरण गरिएको छ। निर्वाचन क्षेत्र नं. १ मा पाँचवटा र क्षेत्र न. २ मा छवटा इलाका गरी जिल्लाभरिमा कुल ११ वटा इलाका रहेका छन्। प्रतिइलाका ५ देखि ७ वटा गाविस मिलेर यी ११ वटा इलाका गठन भएको छ

जसअन्तर्गत निर्वाचन नं. १ अन्तर्गतका ५ इलाकामा २९ गाविस र निर्वाचन क्षेत्र नं. २ अन्तर्गतका ६ इलाका ३२ गाविस समेटिएका छन् । निर्वाचन क्षेत्र, इलाका र गाविसहरूको वर्गीकरण निम्नअनुसार छ :

**तालिका-४**

**निर्वाचन क्षेत्र र इलाकाअनुसार गाविसहरूको विभाजन**

| निर्वाचन क्षेत्र | इलाका | गाविसको नाम | गाविस संख्या |
|---|---|---|---|
| १ | ७ | भुलभुले, घनपोखरा, खुडी, सिम्पानी, बाहनुडाँडा, घेर्मु, ताघ्रिङ | ७ |
| | ८ | चिती, बाँझाखेत, ढोडेनी, बन्सार, फलेनी, हिलेटक्सार | ६ |
| | ९ | अर्चलबोट, भर्ते, नौथर, पाचोक, श्रीभञ्ज्याङ | ५ |
| | १० | गौंडा, इलमपोखरी, बिचौर, दुधपोखरी, कोल्की, प्यारजुङ | ५ |
| | ११ | चक्रतीर्थ, धमिलीकुवा, टार्कुघाट, भलायखर्क, मोहोरियाकोट | ५ |
| | | निर्वाचन क्षेत्र नं. १ मा कुल गाविस संख्या | २९ |
| २ | १ | बेसीशहर, गाउँशहर, उदीपुर, नाल्मा, पुरानकोट, सिन्दुरे | ६ |
| | २ | बाग्लुङपानी, भुजुङ, चण्डीस्थान, मालिङ, उत्तरकन्या | ५ |
| | ३ | भोटेओडार, सुन्दरबजार, परेवाडाँडा, चन्द्रेश्वर, दुराडाँडा, टार्कु | ६ |
| | ४ | रम्घा, जिता, सीमभञ्ज्याङ, सूर्यपाल, तन्द्राङटक्सार | ५ |
| | ५ | भोर्लेटार, बाँग्रे, धुसेनी, कुछ्रा, नेटा | ५ |
| | ६ | इशानेश्वर, भोजे, गिलुङ, करपु, पासगाउँ | ५ |
| | | निर्वाचन क्षेत्र नं. २ मा कुल गाविस संख्या | ३२ |
| | | जिल्लाका कुल गाविस संख्या | ६१ |

## २.३ ऐतिहासिक पक्ष (Historical Aspect)

नेपालको वर्तमान राजनीतिक/प्रशासनिक विभाजनका हिसाबले पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलअन्तर्गत पर्ने लमजुङ जिल्ला नेपालको एकीकरण पूर्व नेपालका चौबीसी राज्यहरूमध्येको एक शक्तिशाली राज्यको रुपमा रहेको थियो । तत्कालीन शाह वंशका पूर्वज यशोव्रह्म शाह, नरभूपाल शाह तथा द्रव्य शाहलगायत नेपालको इतिहासका चर्चित राजाहरूद्वारा शासन गरिएको यस जिल्लमा त्यसपूर्व खासगरी जिल्लाको उत्तरी भेगमा गुरुङ, मगर तथा घले जातिको सामाजिक राजनीतिक प्रभाव रहेको पाइन्छ भने जिल्लाको खासगरी दक्षिण भेगमा मूलतः क्षेत्री, ब्राह्मण, दमाई, कामी, सार्की आदि जातको बहुलता रहेको पाइन्छ ।

"लमजुङ" शब्द मगर भाषाको "लम" र "जुङ" शब्द मिलेर बनेको पाइन्छ । मगर भाषामा लम भन्नाले ठूलो, लामो वा अग्लो भन्ने अर्थ बुझिन्छ र जुङ भन्नाले पहाड पर्वत भन्ने बुझिन्छ । यसअनुसार लमजुङ शब्दले अग्ला, ठूला पहाड, पर्वत भएको भूमि बन्ने संकेत गर्दछ । लमजुङ जिल्लाका धेरै नदी, खोलाको पछाडि "दी" लागेको पाइन्छ, उदाहरणका लागि मर्स्यांङ्दी, मादी, ङादी, पाउँदी, रुदी आदि । मगर भाषामा "दी" शब्दले पानी बुझाउने हुँदा यस जिल्लामा ऐतिहासिक रुपमा मगर जातिको बाहुल्य र प्रभावलाई संकेत गर्दछ ।

नेपालको ऐतिहासिक विकास, पुरातात्विक महत्वका विषय तथा विभिन्न जातजातिको सांस्कृतिक पक्ष अध्ययन गर्न लमजुङ जिल्ला महत्वपूर्ण देखिन्छ। यस जिल्लामा रहेका केही महत्वपूर्ण ऐतिहासिक तथा पुरातात्विक महत्वका अनेक स्थलहरू रहेका छन् जसअन्तर्गत लमजुङ दरबार, पुरानकोट, राइनासकोट, सिन्दुरे ढुंगा, जिताकोट, कुन्छ्रागढी प्रमुख छन् । यी स्थलका महत्व र विशेषता पर्यटन शीर्षकमा प्रस्तुत गरिएको छ ।

## २.४ सांस्कृतिक पक्ष (Cultural Aspect)

लमजुङ जिल्लामा आदि कालदेखि विभिन्न जातजातिको बसोबास रहँदै आएकोले सोही अनुसार विभिन्न जातजातिका संस्कृतिको अध्ययन गर्न सकिन्छ ।

विभिन्न संस्कृतिमध्ये गुरुङ संस्कृतिका दृष्टिकोणले भने यो जिल्ला निकै समृद्ध रहेको छ । गुरुङ संस्कृति अन्तर्गतका रीति रिवाजहरू घाटुनाच तथा रोदीनाचको अध्ययन, अवलोकनका लागि यस जिल्लाले पर्याप्त सम्भावना बोकेको छ ।

गुरुङहरूको प्रसिद्ध घाटुनाच यस जिल्लामा संरक्षित छ । घाटु नाच सेते घाटु र बाह्रमासे घाटु गरी दुई किसिमको छ । कुमारी केटीहरूद्वारा विना संगीत ढीलो गरी नाचिने यो नाच बुद्ध जयन्तिको उपलक्ष्यमा वैशाख

पूर्णिमामा प्रस्तुत गरिन्छ । बाह्रैमास नाचिने घाटुलाई बाह्रमासे घाटु भनिन्छ । यसमा ड्रम बजाइ दुईजना वयस्क केटाकेटी छिटोछिटो नाच्ने गर्दछन् ।

गुरुङ समुदायको अर्को प्रसिद्ध संस्कृति रोदीनाच पनि यस जिल्लामा संरक्षित छ । यो नाच गाउँको रोदीघरमा गाउँका युवायुवतीहरू रातको समयमा जम्मा भई प्रस्तुत गर्दछन् । यसमा जीवनका विभिन्न भोगाइहरू दुई समुहमा विभाजित भई गीत हस्यौली आदिका साथ गीतको माध्यमबाट प्रस्तुत गरिन्छ । रोदीको एउटा महत्वपूर्ण विशेषता भनेको छोराछोरी वयस्क अवस्थामा पुगेको बाबुआमाले संकेत पाएपछि उनीहरूले रोदीमा समावेश हुने व्यवस्था मिलाउँछन् ।

लमजुङ जिल्ला नेपालका अल्पसंख्यक आदिवासीहरूमध्येको एक दुरा जातिको समेत प्रमुख वासस्थान हो । दुरा सेवा समाजले वि. सं. २०४५ सालमा गरेको दुरा जनगणनाअनुसार यस जातिको जनसंख्या ५,६७६ रहेकोमा वि.सं. २०६८ को जनगणनाअनुसार यस जातिको जनसंख्या ३१७० रहेको छ । यस जातिको जनसंख्या जिल्लाले कुल जनसंख्यामा १.८९ प्रतिशत हिस्सा ओगटेको छ । यी दुई स्रोतको तथ्यांक हेर्दा दुरा जातिको जनसंख्या घट्दो क्रममा रहेको देखिन्छ यद्यपि यी दुवै स्रोतका तथ्यांकले दुरा जातिको जनसंख्या अत्यन्त अल्पसंख्यामा रहेको देखाउँछ । लमजुङ जिल्लाको दुराडाँडा क्षेत्र तुर्लुङकोट, भाँगु, ठूलोस्वाँरा, खजेगाउँ, कोनेस्वाँरा, बास्पानी, नेटा, तान्द्राङ, कुन्छा, बर्धानहामा यो जातिको बसोबास भेटिन्छ ।

जिल्लाका विभिन्न १४ स्थानमा विभिन्न तिथिमितिमा विभिन्न जातजातिका लागि विशेष महत्व राख्ने तथा ऐतिहासिक सिन्दुरे ढुंगामा नेपाल एकीकरणको इतिहास झल्काउने मेला लाग्ने गरेको छ, जसको संक्षिप्त विवरण निम्नप्रकार छः

**तालिका-५**
**जिल्लाका प्रमुख मेला र मेला लाग्ने स्थान**

| क्र.सं. | समय/तिथि | मेला लाग्ने स्थानहरू |
|---|---|---|
| १ | नव वर्ष | घले गाउँ, कपुरेश्वर महादेव |
| २ | वैशाख पूर्णिमा | जिल्लाभर |
| ३ | जनै पूर्णिमा | बाह्रपोखरी, दूधपोखरी |
| ४ | हिलेजात्रा, गाईजात्रा | बेसीशहर, गाउँशहर, सुन्दरबजार, भोटेवडार, तार्कुघाट |
| ५ | कृष्णाष्टमी | खुदी, बेसीशहर, भोर्लेटार, पाउँदी |
| ६ | तीज | बेशीशहर, खुदी, सुन्दरबजार, भोटेवडार, चन्द्रेश्वर, तार्कुघाट, ईशानेश्वर, गौंडा, बाहुनडाँडा, गौंडा, भागिरथि |
| ७ | कोजाग्रत पूर्णिमा | गाउँशहर, कालिका, तुर्लुङकालिका, उदिपुर, कालिका |
| ८ | ठूलो एकादशी | तार्कुघाट, भोटेवडार, खुदी, मुगे, थुम्सीकोट, इलमपोखरी, पाउँदी |
| ९ | पौष ३, ४, ५ | नाल्मा, अन्नपूर्ण मावि महोत्सव |
| १० | ल्होसार (पुस १५) | बेसीशहर, भोटेवडार, सुन्दरबजार, खुदी, घलेगाउँ, भुलभुले |
| ११ | पृथ्वी जयन्ति | सिन्दुरेढुंगा |
| १२ | माघे संक्रान्ति | पाउँदी, कपुरेश्वर महादेव, तिला (किरिञ्चे), कीर्तिपुर (पुराणवाचन) |
| १३ | शिवरात्री | ईशानेश्वर महादेव (करापुटार), त्रिवेणी मन्दिर (वेसीशहर) |
| १४ | चैते दशैं | गाउँशहर, सिन्दुरे (तुर्लुङ), उदिपुर कालिका |

## २.५ जनसङ्ख्या विवरण (Population Profile)

मानवीय विकासलाई विकासको केन्द्रविन्दु मानिन्छ । यसर्थ विकासका लागि जनसंख्या सदैव अत्यन्त महत्वपूर्ण हुन आउँछ । जनसंख्या अन्तर्गत यसको आकार, जनसंख्याको बनोट, जनसंख्याको लैंगिक तथा जातिय संरचना तथा यसको परिवर्तनको गति (वृद्धि दर) जस्ता पक्षहरू महत्वपूर्ण हुन आउँछन् । एकातिर विकासको प्रतिफल सबै जनसंख्याको पहुँचमा पुऱ्याउनुपर्ने र अर्कातिर जनसंख्याको बनोट तथा गुणस्तरले विकासको गतिलाई प्रभावित पार्ने हुँदा कुनै पनि योजना तर्जुमामा जनसंख्याको अध्ययन महत्वपूर्ण हुन आउँछ । यसर्थ, यस शीर्षकमा जिल्लाको जनसंख्याको विभिन्न आयामहरू प्रस्तुत गरिएको छ ।

### २.५.१ जनसंख्या परिवर्तन

कुनै पनि क्षेत्रको जनसांख्यिक स्थिति अध्ययन गर्ने क्रममा त्यस क्षेत्रको जनसांख्यिक आकारमा आएको परिवर्तन अध्ययन गर्नु आवश्यक हुन आउँछ। जनसांख्यिक परिवर्तनको अध्ययनले सम्बन्धित भौगोलिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधारलगायतका क्षेत्रमा पर्ने जनसांख्यिक चापको अनुमान गर्ने आधार प्रदान गर्दछ। लमजुङ जिल्लाको जनसंख्यामा गत राष्ट्रिय जनगणना २०५८ र पछिल्लो जनगणना २०६८ को अवधिमा जिल्लाको जनसंख्याको आकारमा आएको परिवर्तन र अन्य आधारभूत विवरण निम्नअनुसार छः

**तालिका-६**

**जनसंख्या परिवर्तनको स्थिति, २०५८-२०६८**

| | २०५८ | | २०६८ | | वृद्धिदर |
|---|---|---|---|---|---|
| | जनसंख्या | हिस्सा (प्रतिशत) | जनसंख्या | हिस्सा (प्रतिशत) | २०५८-२०६८ |
| कुल जनसंख्या | | | | | |
| पुरुष | ८३४०६ | ४६.९ | ७५९१३ | ४५.३ | -१.२ |
| महिला | ९३७४३ | ५३.० | ९१८११ | ५४.७ | -०.६ |
| जम्मा | १७७१४९ | १००.० | १६७७२४ | १००.० | -०.९ |
| दलित | | | | | |
| पुरुष | १३४६६ | ४९.७ | १२६२४ | ४९.८ | -०.६ |
| महिला | १३६२७ | ५०.३ | १२७२७ | ५०.२ | -०.६ |
| जम्मा | २७०९३ | १००.० | २५३५१ | १००.० | -०.६ |
| जनजाति | | | | | |
| पुरुष | ४२९०२ | ४७.४ | ३९८८० | ४७.६ | -०.७ |
| महिला | ४७५६५ | ५२.६ | ४३९१८ | ५२.५ | -०.८ |
| जम्मा | ९०४६७ | १००.० | ८३७९८ | १००.० | -०.७ |

*स्रोतः राष्ट्रिय जनगणना २०५८, २०६८, के.त.वि.*

राष्ट्रिय जनगणना, २०६८ को नतिजा अनुसार यस जिल्लाको जनसङ्ख्या १६७७२४ छ। यसमध्ये ९१८११ (५४.७ प्रतशित) महिला र ७५९१३ (४५.३ प्रतशित) पुरुष छन्। वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लाको जनसंख्या १७७१४९ रहेको थियो। यस आधारमा हेर्दा यस एक दशकको अवधिमा जिल्लाको कुल जनसंख्यामा ९४२५ ले गिरावट आएको देखिन्छ। यस्तै, वि.सं. २०६८ को जनसंख्यामा कुल महिला जनसंख्याका तुलनामा पुरुष जनसंख्यामा संख्याका हिसाबले १५८९८ ले कमी देखिन्छ। कुल घर परिवार सङ्ख्या ४२०७९ छ। जिल्लाको जनसङ्ख्या वृद्धिदर घट्दो (-०.५५) अवस्थामा छ। प्रति वर्गकिलोमिटर क्षेत्रफलमा औसत ९९ जनसंख्याको बसोवास रहेको छ।

महिला जनसंख्याका तुलनामा पुरुष जनसंख्याको आकारमा देखिएको यो ठूलो फरकको यकीन कारण थाहा नभए पनि हरेक गाउँ र अधिकांश घरधुरीबाट कामको सिलसिलमा युवाहरू विदेशिएको स्थितिलाई यसको कारकका रुपमा अनुमान गर्न सकिन्छ।

जनसंख्याको अध्ययनमा जनसंख्याको आकारबाहेक परिवार संख्या, परिवारको आकार, जनघनत्व, जनसंख्या वृद्धिदर, लैंगिक अनुपात महत्वपूर्ण विषयक हुन आउँछ। यस सम्बन्धमा नेपाल र लमजुङ जिल्लाको स्थिति देहायबमोजिम छ :

| विवरण | इकाई | नेपाल | | | लमजुङ | | |
|---|---|---|---|---|---|---|---|
| | | २०५८ | २०६८ | परिवर्तन | २०५८ | २०६८ | परिवर्तन |
| कूल परिवार संख्या | संख्या | ४२,५३,२२० | ५४२७३०२ | ११७४०८२ | ३६५२५ | ४२०७९ | ५५५४ |
| जनघनत्व (जना/वर्ग कि.मि.) | संख्या | १५७ | १८० | २३ | १०५ | ९९.१३ | -५.५६ |
| जनसंख्या वृद्धिदर | प्रतिशत | २.२५ | १.३५ | -०.९ | १.४२ | -०.५३ | -१.९५ |
| परिवारको आकार | संख्या | ५.४४ | ४.८८ | -०.५६ | ४.८५ | ४.० | -०.८६ |
| लैंगिक अनुपात | प्रतिशत | ९९.८० | ९४.१६ | -.५.६४ | ८८.९७ | ८२.६८ | -६.२९ |

*मुलस्रोत : के.त.वि, राष्ट्रिय जनगणना प्रतिवेदन, २०५८ र २०६८*

वि.सं. २०५८ को तुलनामा लमजुङ जिल्लामा वि.सं. २०६८ मा कुल परिवार संख्या ५५५४ ले वृद्धि भई ४२,०७९ पुगेको देखिन्छ भने जनघनत्व, जनसंख्या वृद्धिदर, परिवारको आकार, लैंगिक अनुपात घटेको देखिन्छ। सिंगो नेपालको स्थिति हेर्ने हो भने जनसंख्या वृद्धिदर, परिवारको आकार तथा लैंगिक अनुपातमा गिरावट आएको देखिन्छ भने कुल परिवार संख्या र जनघनत्वमा वृद्धि भएको देखिन्छ। जिल्लाका कुल ६१ गाविसमध्ये ६ वटा गाविसमा मात्र वि.सं. २०५८ का तुलनामा वि.सं. २०६८ मा जनसंख्या वृद्धि वृद्धि भएको र बाँकी ५५ गाविसमा जनसंख्यामा गिरावट आएको हुँदा स्थानीयस्तरमा जनसंख्या व्यवस्थापनका लागि लक्षित कार्यक्रमहरु अघि बढाउनुपर्ने देखिन्छ।

### २.५.२ गाविसअनुसारको जनसंख्या

गाविसअनुसार जनसंख्याको वितरण सन्तुलित किसिमको रहेको छैन। सबैभन्दा बढी जनसंख्या भएको बेसीशहर गाविसमा जिल्लाको कुल जनसंख्या ९.२९ प्रतिशत जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या रहेको उत्तरकन्या गाविसमा जिल्लाको कुल जनसंख्याको ०.६६ प्रतिशत जनसंख्या रहेको छ। यस्तै, जिल्लामा सबैभन्दा धेरै जनसंख्याको बसोबास भएका पाँच वटा (बेसीशहर, भोटेवडार, सुन्दरबजार, गाउँशहर र चिती) गाविसहरूले जिल्लाको कुल जनसंख्याको २५ प्रतिशत हिस्सा ओगटेका छन्। जिल्लाको कुल जनसंख्याको १ प्रतिशतभन्दा कम हिस्सा ओगट्ने गाविसहरूको संख्या १३ वटा रहेको छ। जिल्लामा सबैभन्दा कम जनसंख्या रहेका २६ वटा गाविसले जिल्लाको कुल जनसंख्याको २५ प्रतिशत प्रतिनिधित्व गर्दछन्। जनसंख्याको आकार अनुसार गाविसको क्रमागत सूची निम्नअनुसार छ :

**तालिका-७**
**गाविसअनुसार जनसंख्याको आकार, २०६८**

| क्र.सं. | गाविसको नाम | घरपरिवार संख्या | जनसंख्या | | | कुल जनसंख्यामा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | |
| १ | बेसीशहर | ४२९१ | ६९८८ | ८४५४ | १५४४२ | ९.२९ |
| २ | भोटेओडार | २०७४ | ३३९२ | ४१६८ | ७५६० | ४.५५ |
| ३ | सुन्दरबजार | १७९५ | २९४० | ३७७५ | ६७१५ | ४.०४ |
| ४ | गाँउशहर | १७५७ | २८५९ | ३७५२ | ६६११ | ३.९८ |
| ५ | चिती | १२९९ | २३४८ | २८१८ | ५१६६ | ३.११ |
| ६ | चक्रतिर्थ | १२५३ | २१६८ | २८४३ | ५०११ | ३.०२ |
| ७ | धमिलिकुवा | ११५४ | १९०९ | २५१६ | ४४२५ | २.६६ |
| ८ | भोर्लेटार | १०३३ | १८३२ | २२२७ | ४०५९ | २.४४ |
| ९ | खुदी | ८२६ | १५१० | १८९१ | ३४०१ | २.०५ |
| १० | सिमपानी | ८२० | १४४७ | १८४२ | ३२८९ | १.९८ |
| ११ | रम्घा | ७९५ | १४२६ | १७३२ | ३१५८ | १.९० |
| १२ | इशानेश्वर | ७६४ | १३३० | १६६१ | २९९१ | १.८० |

| क्र.सं. | गाविसको नाम | घरपरिवार संख्या | जनसंख्या | | | कुल जनसंख्यामा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | |
| १३ | भुलेभुले | ७१२ | १३५७ | १६३० | २९८७ | १.८० |
| १४ | घनपोखरा | ६४८ | १३६० | १५३३ | २८९३ | १.७४ |
| १५ | तार्कुघाट | ७७२ | १२६६ | १६२७ | २८९३ | ८.०० |
| १६ | बाँभ्काखेत | ७१८ | १३०९ | १५३५ | २८४४ | १.७१ |
| १७ | उदिपुर | ६९८ | १२१० | १४८२ | २६९२ | २.०० |
| १८ | गौंडा | ६१६ | १२१९ | १४३८ | २६५७ | २.०० |
| १९ | इलामपोखरी | ६०८ | १२०४ | १४४६ | २६५० | २.०० |
| २० | परेवाडाँडा | ७०६ | ११२७ | १५१९ | २६४६ | २.०० |
| २१ | ढोडेनी | ५५३ | १२५५ | १३७० | २६२५ | १.५८ |
| २२ | वन्सार | ५७२ | ११८३ | १२९४ | २४७७ | १.४९ |
| २३ | पाचोक | ५६१ | ११४९ | १३२० | २४६९ | १.४९ |
| २४ | बाग्लुङपानी | ६०९ | १०५८ | १४०० | २४५८ | १.४८ |
| २५ | तान्द्राङ टक्सार | ६१९ | १०७८ | १३४६ | २४२४ | १.०० |
| २६ | ताघ्रिङ | ५२१ | १११३ | १२०५ | २३१८ | १.४० |
| २७ | मोहरियाकोट | ५७१ | ९७६ | १२९३ | २२६९ | १.३७ |
| २८ | भार्ते | ५८४ | ९६३ | १२७६ | २२३९ | १.०० |
| २९ | नौथर | ५३० | ९९० | १२३३ | २२२३ | १.३४ |
| ३० | जीता | ५७८ | ९६६ | १२२५ | २१९१ | १.३२ |
| ३१ | भलायर्खक | ५४९ | ९७१ | १२१९ | २१९० | १.३२ |
| ३२ | करापु | ५१७ | ९६७ | ११६० | २१२७ | १.२८ |
| ३३ | बाहुनडाँडा | ४८० | १०१० | १०८५ | २०९५ | १.२६ |
| ३४ | विचौर | ५११ | ९६८ | १११९ | २०८७ | १.२६ |
| ३५ | भोंजे | ४७६ | ९२३ | १०६९ | १९९२ | १.२० |
| ३६ | दूधपोखरी | ४७० | ९०१ | १०६८ | १९६९ | १.१९ |
| ३७ | चन्द्रेश्वर | ५४६ | ८४४ | १११४ | १९५८ | १.१८ |
| ३८ | चण्डिस्थान | ४९२ | ८६४ | १०३१ | १८९५ | १.१४ |
| ३९ | कुन्छा | ५१४ | ८०७ | १०४८ | १८५५ | १.१२ |
| ४० | दुराडाँडा | ५१९ | ७९८ | ९८८ | १७८६ | १.०७ |
| ४१ | नाल्मा | ४३८ | ८२७ | ९५२ | १७७९ | १.०७ |
| ४२ | श्रीमन्ज्याङ | ४७३ | ८०८ | ९७१ | १७७९ | १.०७ |
| ४३ | घेर्मु | ४०२ | ८२२ | ९५४ | १७७६ | १.०७ |
| ४४ | प्यारजुङ | ४५२ | ८०९ | ९३० | १७३९ | १.०५ |
| ४५ | तार्कु | ४२३ | ७६४ | ९३५ | १६९९ | १.०२ |
| ४६ | नेटा | ४१६ | ७२६ | ९७१ | १६९७ | १.०२ |

| क्र.सं. | गाविसको नाम | घरपरिवार संख्या | जनसंख्या | | | कुल जनसंख्यामा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | |
| ४७ | पसगाँउ | ३८२ | ७६१ | ९३३ | १६९४ | १.०२ |
| ४८ | हिलेटक्सार | ४१३ | ७२५ | ९५४ | १६७९ | १.०१ |
| ४९ | बाङग्रे | ४०८ | ७३२ | ९२७ | १६५९ | १.०० |
| ५० | कोल्की | ३८५ | ७२८ | ८८४ | १६१२ | ०.९७ |
| ५१ | अर्चलबोट | ४२४ | ७०३ | ९०२ | १६०५ | ०.९७ |
| ५२ | सूर्यपाल | ४४९ | ६६२ | ९०० | १५६२ | ०.९४ |
| ५३ | गिलुङ | ४१४ | ६८८ | ८७१ | १५५९ | ०.९४ |
| ५४ | समीभन्ज्याङ | ३०९ | ७५० | ७६७ | १५१७ | ०.९१ |
| ५५ | भुजुङ | ३५३ | ६६० | ८४६ | १५०६ | ०.९१ |
| ५६ | फलेनी | २८४ | ६७६ | ७२९ | १४०५ | ०.८५ |
| ५७ | सिन्दुरे | ३११ | ५६९ | ८२२ | १३९१ | ०.८४ |
| ५८ | धुसेनी | ३११ | ५२८ | ७२६ | १२५४ | ०.७५ |
| ५९ | मालिङ | ३०८ | ५५४ | ६७० | १२२४ | ०.७४ |
| ६० | पूरानोकोट | ३०१ | ५२६ | ६५९ | ११८५ | ०.७१ |
| ६१ | उत्तरकन्या | २८१ | ४९२ | ६०० | १०९२ | ०.६६ |
| | संस्थागत | ३१ | १४१८ | १५६ | १५७४ | ०.९५ |
| | **जम्मा** | **४२०७९** | **७५९१३** | **९१८११** | **१६७७२४** | **१००.००** |

*मुलस्रोत : के.त.वि, राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८*

### २.५.३ उमेर समूहअनुसारको जनसंख्या

विकासको प्रतिफल मानव अथवा जनसंख्याका लागि भएको हुँदा जनसंख्याको आकारले कुनै पनि स्थानको योजना तर्जुमामा महत्वपूर्ण स्थान ओगट्दछ । मानवीय आवश्यकता उमेरअनुसार फरक पर्ने भएकाले योजना तर्जुमा अघि विभिन्न उमेर समूहको जनसंख्या अध्ययन गर्नु बढी महत्वपूर्ण हुनजान्छ । लमजुङ जिल्लाको प्रमुख उमेर समूहको जनसंख्या निम्न अनुसार रहेको छ :

**तालिका-८**

**प्रमुख उमेर समूहको जनसंख्या**

| उमेर समूह | | पुरुष | महिला | कुल |
|---|---|---|---|---|
| एक वर्षभन्दा कम | कुल | १३९३ | १२८९ | २६८२ |
| | कुल जनसंख्यामा प्रतिशत | १.८% | १.४% | १.६% |
| १-५ वर्ष | कुल | ७५३४ | ७२५८ | १४७९२ |
| | कुल जनसंख्यामा प्रतिशत | ९.९% | ७.९% | ८.८% |
| ६-१५ वर्ष | कुल | २०२०९ | २००७६ | ४०२८५ |
| | कुल जनसंख्यामा प्रतिशत | २६.६% | २१.९% | २४.०% |
| १६-४९ वर्ष | कुल | २९११२ | ४४१३० | ७३२४२ |
| | कुल जनसंख्यामा प्रतिशत | ३८.३% | ४८.१% | ४३.७% |

| उमेर समूह | | पुरुष | महिला | कुल |
|---|---|---|---|---|
| ५०-६० वर्ष | कुल | ८५९५ | ९७७६ | १८३७१ |
| | कुल जनसंख्यामा प्रतिशत | ११.३% | १०.६% | ११.०% |
| ६० वर्षभन्दा बढी | कुल | ९०७० | ९२८२ | १८३५२ |
| | कुल जनसंख्यामा प्रतिशत | ११.९% | १०.१% | १०.९% |
| कुल | कुल | ७५९१३ | ९१८११ | १६७७२४ |
| | कुल जनसंख्यामा प्रतिशत | १००.०% | १००.०% | १००.०% |

*मुलस्रोत : के.त.वि, राष्ट्रिय जनगणना प्रतिवेदन, २०५८ र २०६८*

लमजुङ जिल्लाको वि.सं. २०६८ सालको जनसंख्यालाई विभिन्न ७ उमेर समूहमा वर्गीकरण गरी तालिका-८ मा प्रस्तुत गरिएको छ।[1] प्रस्तुत विभिन्न उमेर समूहहरूमध्ये १६–४९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै (४३.७ प्रतिशत) अर्थात् २३२४२ रहेको छ। ५०–६० वर्ष उमेर समूहको १८३७१ जनसंख्या जोड्दा आर्थिक रुपमा सक्रिय १६–६० वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ५३.७ प्रतिशत हुन आउँछ। यस आधारमा कुल जनसंख्यामध्ये आधीभन्दा बढी जनसंख्या आर्थिक रुपमा सक्रिय उमेर समूहको रहेको हुँदा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिएमा जिल्लाले आर्थिक प्रगति गर्न सक्ने देखिन्छ। आश्रित उमेर समूहको जनसंख्या ४६.३ प्रतिशत रहेको छ जसमध्ये जिल्लाको कुल जनसंख्याको करिब करिब एक चौथाइ हिस्सा अर्थात् २४ प्रशित ६–१५ वर्ष उमेर समूहको जनसंख्या देखिन्छ। यस्तै, कुल जनसंख्यामध्ये ६-४९ वर्ष उमेर समूहको जनसंख्याले कुल जनसंख्याको दुई तिहाइभन्दा बढी हिस्सा (६७ प्रतिशत) ओगटेको छ। यसले जिल्लामा युवा जनसंख्याको बहुलता रहेको देखाउँछ। प्रमुख उमेर समूहअनुसारको जनसंख्याको स्पष्ट स्वरुप स्तम्भचित्रमा प्रस्तुत गरिएको छः

[1] एक वर्ष मुनिको उमेर तथा पाँच वर्षमुनिको उमेर जीवनमा विशेष महत्वका अवधिका रुपमा रहन्छन्। विभिन्न उमेर समूहमध्ये एक वर्षमुनिको जनसंख्यामा रोग प्रतिरोध क्षमता न्यून रहने भएकाले मृत्युदर (शिशुमृत्युदर) सामान्यतया सबैभन्दा बढी रहने गर्दछ तथा यसपछि १–५ वर्षको उमेर समूह पर्दछ। स्वास्थ्यसम्बन्धी योजना तर्जुमा गर्न यी दुई उमेर समूहको विशेष महत्व रहने गर्दछ। ६–१५ वर्षको उमेर समूह विद्यालय शिक्षा प्राप्त गर्ने उमेर भएको हुँदा शिक्षासम्बन्धी योजना तर्जुमा गर्नका लागि यो उमेर समूह महत्वपूर्ण रहन्छ। १६–४९ वर्षको उमेर समूह खासगरी महिलाहरूको प्रजनन उमेर भएको हुँदा यस उमेर समूहको जनसंख्या जनसंख्या वृद्धिको अध्ययनका हिसाबले महत्वपूर्ण रहन्छ तथा १६–६० वर्षको उमेर आर्थिक रुपमा सक्रिय उमेर भएको हुँदा रोजगारीको आवश्यकतासम्बन्धी अध्ययन गर्न यो उमेर समूह महत्वपूर्ण रहन्छ। ६० वर्षपपछिको उमेर सामान्यता आर्थिक रुपमा निष्क्रिय उमेर भएकाले यसको छुट्टै अध्ययन गर्नु महत्वपूर्ण हुन आउँछ।




### २.५.४ निर्वाचन क्षेत्र र इलाका अनुसारको जनसंख्या

निर्वाचन क्षेत्र तथा इलाकाहरूमा आधारित भएर नेपाल सरकारले विभिन्न सेवा सुविधाहरूको व्यवस्था गरेको देखिन्छ। यसकारण निर्वाचन क्षेत्र र इलाकाअनुसारको जनसंख्या वितरणको अध्ययन पनि योजना तर्जुमा तथा विभिन्न सेवा सुविधामा जनसंख्याको चाप अध्ययन गर्ने सन्दर्भमा महत्वपूर्ण हुन आउँछ।

**तालिका-९**

**निर्वाचन क्षेत्र र इलाकाअनुसार जनसंख्या वितरण**

| निर्वाचन | इलाका | महिला | पुरुष | कुल | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ७ | १०१४० | ८६१९ | १८७५९ | ११.२ |
| | ८ | ८७०० | ७४९६ | १६१९६ | ९.७ |
| | ९ | ५७०२ | ४६१३ | १०३१५ | ६.१ |
| | १० | ६८८५ | ५८२९ | १२७१४ | ७.६ |
| | ११ | ९४९८ | ७२९० | १६७८८ | १०.० |
| | इलाका कुल | ४०९२५ | ३३८४७ | ७४७७२ | ४४.६ |
| २ | १ | १६१२१ | १२९७९ | २९१०० | १७.३ |
| | २ | ४५४७ | ३६२८ | ८१७५ | ४.९ |
| | ३ | १२४९९ | ९८६५ | २२३६४ | १३.३ |
| | ४ | ५९७० | ४८८२ | १०८५२ | ६.५ |
| | ५ | ५८९९ | ४६२५ | १०५२४ | ६.३ |
| | ६ | ५६९४ | ४६६९ | १०३६३ | ६.२ |
| | इलाका कुल | ५०७३० | ४०६४८ | ९१३७८ | ५४.५ |
| संस्थागत | | १५६ | १४१८ | १५७४ | ०.९ |
| जिल्ला कुल | | ९१८११ | ७५९१३ | १६७७२४ | १००.० |

*मुलस्रोतः राष्ट्रिय जनगणना, २०६८, के.त.वि.*

जिल्लाका दुई निर्वाचन क्षेत्रमध्ये निर्वाचन क्षेत्र नं. २ मा निर्वाचन क्षेत्र नं. १ का तुलनामा १६ हजारभन्दा बढी (कुल जनसंख्याको १० प्रतिशत) जनसंख्या रहेको देखिन्छ। यस्तै, जिल्लाका ११ वटा इलाकामध्ये इलाका नं. १ मा सबैभन्दा धेरै १७.३ प्रतिशत र यसपछि इलाका नं. ३, ७ र ११ मा क्रमशः १३.३, ११.२ र १०.० प्रतिशत जनसंख्या रहेको देखिन्छ। यसरी हेर्दा जिल्लाका यी चारवटा निर्वाचन क्षेत्रमा कुल जनसंख्याको करिब ५२ प्रतिशत जनसंख्या केन्द्रित रहेको देखिन्छ। जनसंख्याको वितरण पातलो रहेका इलाकाहरूमा २, ९, ६, ५ रहेका छन्, यी इलाकाहरूमा क्रमशः ४.९, ६.१, ६.२ र ६.३ प्रतिशत जनसंख्या रहेको देखिन्छ। जिल्लामा

संस्थागत जनसंख्याको संख्या १५७४ रहेको देखिन्छ, यो संख्या जिल्लाको कुल जनसंख्याको करिब १ प्रतिशत हुन आउँछ ।

### २.५.५ जातजाति अनुसारको जनसंख्याः

जातजातिअनुसार भाषा, धर्म, संस्कृति, रीतिथिती तथा परम्परा सामान्यतया फरक फरक हुन्छ । उपलब्ध सबै जातजातिको भाषा, धर्म, संस्कृतिको संरक्षण संवर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा जिल्लामा उपलब्ध विभिन्न जातजातिको जनसंख्याको अध्ययन गर्नु महत्वपुर्ण हुन आउँछ, जुन निम्न प्रकार छः

**तालिका-१०**

**जातजातिअनुसारको जनसंख्या, २०६८**

| क्र.सं. | जातजाति | जनसंख्या २०६८ | प्रतिशत |
|---|---|---|---|
| १ | गुरुङ | ५३९५३ | ३२.१७ |
| २ | क्षेत्री | २६३०५ | १५.६८ |
| ३ | ब्राह्मण | २५१४० | १४.९९ |
| ४ | कामी | ११९८२ | ७.१४ |
| ५ | तामाङ | ११८६५ | ७.०७ |
| ६ | सार्की | ७८८६ | ४.७ |
| ७ | नेवार | ६३२८ | ३.७७ |
| ८ | दमाई | ५४८३ | ३.२७ |
| ९ | अन्य | ४८४६ | २.८९ |
| १० | घर्ती | ३५४१ | २.११ |
| ११ | मगर | ३५१९ | २.१ |
| १२ | दुरा | ३१७० | १.८९ |
| १३ | कुमाल | १४२१ | ०.८५ |
| १४ | सन्यासी | १२६२ | ०.७५ |
| १५ | मुस्लिम | १०२३ | ०.६१ |
| | जिल्ला | १६७७२४ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

जिल्लामा वि.सं. २०६८ को जनगणनाअनुसार कुल जनसंख्याको ३२.१७ प्रतिशत जनसंख्यासहित गुरुङ जातिको बाहुल्यता रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः क्षेत्री र ब्राह्मण जातिको जनसंख्या रहेको छ जुन क्रमशः १५.६८ र १४.९९ रहेको छ । यसआधारमा कुल जनसंख्यामा गुरुङ, क्षेत्री तथा ब्राह्मण जातिको कुल जनसंख्यामा बहुमत (६२.८४ प्रतिशत) रहेको छ । चौथो, पाँचौं र छैठौं स्थानमा रहेको जातजातिमा क्रमशः कामी, तामाङ तथा सार्की रहेका छन्, कुल जनसंख्यामा यी जातिको हिस्सा क्रमशः ७.१४, ७.०७ र ४.७ रहेको छ । एक प्रतिशतभन्दा कम जनसंख्या रहेका जातजातिमा क्रमशः कुमाल, सन्यासी तथा मुस्लिम रहेका छन् । बाँकी जनसांख्यिक हिस्सा नेवार, दमाई, अन्य, घर्ती, मगर र दुरा जातिको रहेको छ ।

विभिन्न जातजातिको जनसंख्याको आकारमा वि.सं. २०४८ र २०६८ को अवधिमा उल्लेख्य फरक आएको देखिँदैन । यद्यपि, जनसंख्या वृद्धिको अध्ययन गर्दा विभिन्न ११ जातजाति (गुरुङ, कामी, तामाङ, सार्की, नेवार, दमाई, अन्य, मगर, कुमाल, सन्यासी, मुस्लिम) को जनसंख्या १ प्रतिशतभन्दा कमले वृद्धि भएको देखिन्छ भने विभिन्न चार जातजाति (क्षेत्री, ब्राह्मण, घर्ती र दुरा) जातिको जनसंख्या १ प्रतिशतभन्दा कमले घटेको पाइन्छ ।

### २.५.६ भाषा अनुसारको जनसंख्या

भाषा संञ्चारको प्रमुख माध्यम भएको र भाषा संस्कृतिको एक अभिन्न अंग भएको हुँदा भाषाअनुसारको जनसंख्या महत्वपूर्ण छ । भाषा अनुसारको जनसांख्यिक संरचना निम्नअनुसार छः

**तालिका-११**
**भाषाअनुसारको जनसांख्यिक संचरना, २०६८**

| क्र.सं. | भाषा | जनसंख्या २०६८ | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ९३६७२ | ५५.८५ |
| ३ | गुरुङ | ५३९५३ | ३२.१७ |
| ५ | तामाङ | १०७८० | ६.४३ |
| २ | नेवारी | ५१०० | ३.०४ |
| ४ | मगर | ३१९५ | १.९१ |
| ६ | मुस्लिम | १०२३ | ०.६१ |
| | कुल | १६७७२४ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

कुल जनसंख्यामा नेपाली भाषीको बहुमत (५५.८५ प्रतिशत) रहेको छ भने दोस्रो स्थानमा गुरुङ भाषीको संख्या रहेको छ जुन ३२.१७ प्रतिशत छ। यसरी यी दुई भाषीले कुल जनसंख्याको ८८ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। यसपछि लमजुङ जिल्लामा बोलिने भाषाभाषिमा तामाङ, नेवारी, मगर र मुस्लिम रहेका छन्। दुरा, कुमाललगायतका जातिले आफ्नो भाषा बोल्ने गरेको पाईदैन। तामाङ, नेवारी, मगर जातिको जनसंख्याभन्दा सम्बन्धित भाषीहरूको जनसंख्या कम रहेको देखिन्छ। यसर्थ स्थानीय भाषाभाषीको संरक्षणमा समेत विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

## २.६ भूउपयोग (Land use)

जिल्लाको भूगोल मूलतः वन क्षेत्र, कृषी क्षेत्र, ग्रामीण क्षेत्रहरू,चरन क्षेत्र, ढुंगा बालुवा तथा हिउँले ढाकिएर रहेको छ। जिल्लामा नगरपालिका नभएको हुँदा सम्पूर्ण वस्तीहरू ग्रामीण क्षेत्रमा पर्दछ। जिल्लाको ३९ प्रतिशत क्षेत्र वनले ढाकिएको छ भने बुट्यानले १०.७ प्रतिशत क्षेत्र ढाकिएको छ। यसरी जिल्लाको आधी भूभाग वन तथा बुट्यानले ढाकिएको छ। खेतीयोग्य जमिनले कुल भूमिको ३६.५ प्रतिशत भूमि ओगटेको छ। यसमध्ये २६.६ प्रतिशत भूमिमा खेती गरिएको छ भने करिब १० प्रतिशत भूमिमा खेती गरिएको छैन। करिब १५ प्रतिशत भूमिमा चरन, झाडी, बुट्यान रहेको छ भने सडक, बाटो, नदी, खोलाले ५.४ प्रतिशत भूमि ओगटेको छ। आवास क्षेत्रले कुल भूमिको ०.५ प्रतिशत क्षेत्र ओगटेको छ।

**तालिका-१२**
**लमजुङ जिल्लाको भूउपयोग स्थिति**

| क्र.सं. | भूउपयोग | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ६६२१६ | ३९.१ |
| २ | खेतीयोग्य जमिन | ६१८१९ | ३६.५ |
| २.१ | खेती गरिएको | ४५०५० | २६.६ |
| २.२ | खेती नगरिएको | १६७६९ | ९.९ |
| ३ | हिउँ, चट्टानले ढाकेको क्षेत्र | ५८९१ | ३.५ |
| ४ | चरन झाडी बुट्यान | २५१५४ | १४.९ |
| ५ | आवास क्षेत्र | ९१८ | ०.५ |
| ६ | अन्य (सडक, बाटो, नदी, खोला) | ९२०२ | ५.४ |
| ***कुल क्षेत्रफल*** | | ***१६९२००*** | ***१००.०*** |

*स्रोतः भूस्रोत नक्सांकन परियोजना, नापी विभाग, नेपाल सरकार, १९७८*

### २.६.१ विशेष संरक्षण गर्नुपर्ने भूमि तथा जलाधार क्षेत्र

जिल्लालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन जिल्लामा पर्याप्त प्राकृतिक स्रोत साधनहरू उपलब्ध भएको बरु तिनलाई उपयुक्त व्यवस्थापन तथा संरक्षण गर्नुपर्ने खाँचो देखिन्छ। कुल जनसंख्याको आधा भाग

सक्रिय उमेर समूहको जनसंख्या रहेको तथा जिल्लाको कुल क्षेत्रफलमध्ये करिब १० प्रतिशत भूभाग कृषियोग्य भएर पनि खेती नगरिएको अवस्थामा रहेको छ। जब कि दैनिक उपभोगका लागि आवश्यक प्रमुख खाद्यान्न जिल्ला बाहिरबाट पैठारी गर्नुपरिरहेको अवस्था छ। यसर्थ, स्थानीय हावापानी सुहाउँदो व्यवसायिक खेतीको सम्भावना खोजी गरी ठूलो संख्यामा रहेको युवा शक्ति परिचालन गरी जिल्लाको आर्थिक वृद्धिमा टेवा पुऱ्याउन सकिने देखिन्छ। यस्तै, ३९ प्रतिशत भूमि वन क्षेत्रले ढाकिएको छ र यस जिल्लाका विभिन्न सम्भाव्य क्षेत्रहरूमध्ये जडिबूटी अर्को ठूलो सम्भावना बोकेको क्षेत्रका रुपमा रहेको छ।

जटिल नदी प्रवाह प्रणाली तथा जलाधार क्षेत्र र जमिनको भीरालो स्वरुपका कारण जिल्लाका कतिपय गाविसहरू बाढीको उच्च जोखिममा रहेका छन्। उपयुक्त भूव्यवस्थापन गरी बाढीजोखिबाट संरक्षण गर्नुपर्ने गाविसहरू निम्नअनुसार छन् :

**तालिका-१३**

**जिल्लाका मुख्य नदी तथा बाढीको उच्च जोखिममा परेका स्थान**

| क्र.सं. | नदिको नाम | मुहान | बाढिको उच्च जोखिममा परेका स्थानहरू | मिसिने नदी |
|---|---|---|---|---|
| १ | मर्स्याङदी नदी | तिलिचो ताल | स्याँगे, राम बजार, ङ्यादी बजार, भुलभुले बजार, खुदी बजार, खुदी बजार, बेलघारी | त्रिशुली |
| २ | मादी नदी | अन्नपूर्ण रेन्ज | ईशानेश्वर गाबिसको रामबजार, भोर्लेटार गाबिसको गुम्बाबेशी | सेती |
| ३ | चेपे नदी | दुधपोखरी | ईलाम पोखरी गाबिसको मुगे, कोल्की गाबिसको कुहेले | मर्स्याङ्दी |
| ४ | डादी खोला | अन्नपूर्ण हिमाल | उपल्लो डादी बजार | मर्स्याङ्दी |
| ५ | रुदी खोला | ताप्राङ धर्मशाला | | मादी |
| ६ | किसेदी खोला | रिपेलेक | पाचोकको तल्लो बजार, साँधिखोला बजार, नौथर गाबिसको शेरा बजार, श्रीमञ्याङ गाबिसको शेरा | दोर्दी |
| ७ | रिस्ती खोला | कुन्छा (भलुवा) | रम्घा, सोतिपसल, जिताबेशी | मादी |
| ८ | पिस्ती खोला | नेटा | बाङग्रे, भोर्लेटार बजार, | मादी |
| ९ | मिदिम खोला | भुजुङ (वजेरखर्क | स्याउली बजार, नाल्माको लाङदी फेदी, लक्ष्मी बजार, करापुटार, भोर्लेटार बजार | मादी |
| १० | पाउँदी खोला | नेटा (थानसिङ) | कोइरालाफाँट, सत्रसयफाँट, खहरे, प्रितिबेशी, खत्रीठाँटी | मर्स्याङ्दी |
| ११ | खुदी खोला | लमजुङ हिमाल | खुदी बजार, पयुँखोला दोभान, सिम्पानी गाबिसको पूर्वेली टोल | मर्स्याङ्दी |
| १२ | दोर्दी खोला | मेमे पोखरी | छोटेखोला, किर्तिपुर वेसि, हिलेबजार, सेराफाँट | मर्स्याङ्दी |
| १३ | पाउँदी खोला | | | पाउँदी खोला |

*स्रोतः जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७०, लमजुङ*

जिल्लामा बाढी, पहिरो, भूक्षय कम गरी भूमिको उत्पादनमा आउने ह्रास तथा वातावरणीय संवेदनशीलतालाई संवोधन गर्न जिल्लाको जलाधार क्षेत्रहरूको पहिचान गरी संरक्षणका कार्यहरू गर्नु महत्वपूर्ण हुन आउँछ। जिल्लाको भूसंरक्षणका लागि जिल्ला भूसंरक्षण कार्यालयले लमजुङ जिल्लामा विभिन्न ४९ उपजलाधार पहिचान गरेको छ, जुन निम्नप्रकार छः

**तालिका-१४**

**जिल्लाका उपजलाधार क्षेत्रहरू**

| क्र.सं. | उपजलाधार क्षेत्रको नाम | क्र.सं. | उपजलाधार क्षेत्रको नाम |
|---|---|---|---|
| १ | रीस्तीखोला उपजलाधार | २ | नाउदीखोला उपजलाधार |
| ३ | किरिञ्चेखोला उपजलाधार | ४ | बाँभ्काते उपजलाधार |
| ५ | तल्लो मिदिमखोल उपजलाधार | ६ | राम्चेखोला उपजलाधार |
| ७ | तल्लो रुदीखोला उपजलाधार | ८ | उपलल्लो लाङ्दीखोला उपजलाधार |

| क्र.सं. | उपजलाधार क्षेत्रको नाम | क्र.सं. | उपजलाधार क्षेत्रको नाम |
|---|---|---|---|
| ९ | तल्लो लाङ्दीखोला उपजलाधार | १० | न्यादीखोला उपजलाधार |
| ११ | मध्य दोदीखोला उपजलाधार | १२ | दूधपोखरी खोला उपजलाधार |
| १३ | उपल्लो दोदी खोला उपजलाधार | १४ | छाङ्दीखोला उपजलाधार |
| १५ | तामागाउँखोला उपजलाधार | १६ | मध्य मिदिमखोला उपजलाधार |
| १७ | उपल्लो मिदिमखोला उपजलाधार | १८ | किचमिचे उपजलाधार |
| १९ | उपल्लो खुदी उपजलाधार | २० | तल्लो सुन्दर उपजलाधार |
| २१ | उपल्लो सुन्दर उपजलाधार | २२ | शल्दू उपजलाधार |
| २३ | ताघ्रिङ उपजलाधार | २४ | चण्डिस्थान उपजलाधार |
| २५ | तल्लो सुन्दरी उपजलाधार | २६ | उपल्लो किसेदी उपजलाधार |
| २७ | तल्लो दोर्दी उपजलाधार | २८ | बाँभ्फाखेत उपजलाधार |
| २९ | भाचोक उपजलाधार | ३० | तल्लो चिन उपजलाधार |
| ३१ | उपल्लो चिन उपजलाधार | ३२ | मध्य डादी उपजलाधार |
| ३३ | तल्लो डादी उपजलाधार | ३४ | बाहुनडाँडा उपजलाधार |
| ३५ | चिप्लाङ उपजलाधार | ३६ | मियादी उपजलाधार |
| ३७ | तल्लो छरछरे उपजलाधार | ३८ | उपल्लो छरछरे उपजलाधार |
| ३९ | उपल्लो पश्चिमी डादी उपजलाधार | ४० | उपल्लो पूर्वी डादी उपजलाधार |
| ४१ | सुदूर पूर्वी डादी उपजलाधार | ४२ | मिमीपोखरी उपजलाधार |
| ४३ | बुद्ध हिमाल उपजलाधार | ४४ | गाउँशहर उपजलाधार |
| ४५ | भोटेवडार उपजलाधार | ४६ | धमिलीकुवा उपजलाधार |
| ४७ | अर्चलबोट उपजलाधार | ४९ | तल्लो किसेदी उपजलाधार |

*स्रोतः जिल्ला भूसंरक्षण कार्यालय, २०६९*

## २.७ भिरालोपन (Slope)

जमिनको भिरालोपनको प्रत्यक्ष सम्बन्ध सम्बन्धित क्षेत्रको माटोको बनोटमा पर्ने र माटोको बनोटले कृषि उत्पादनलाई प्रत्यक्ष प्रभावित गर्दछ। लमजुङ जिल्ला पूर्णतया पहाडी भूभाग भएका हुनाले यहाँका समथर भूभाग नदी किनारका बेसी, टारहरूमा सीमित छ। यस जिल्लामा भिरालोपन अनुसार जमिनको वर्गीकरण निम्नअनुसार रहेको छ :

**तालिका-१५**
**जिल्लामा भिरोपनको स्थिति**

| भिरालोपन ( डिग्री) | विवरण | क्षेत्रफल (हे.) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ०°–२° | करिब समथल | ६४२९.६ | ३.८ | न्यूनतम भूक्षय हुने तथा पहाडी क्षेत्रमा खेती गर्न उपयुक्त जमिन |
| २°–५° | सामान्य उतारचढाव भएको | ४३९९.२ | २.६ | |
| ५°–१०° | कम उतारचढाव भएको | ८६९८.५ | ५.२ | |
| १०°–२०° | बढी उतारचढाव भएको | ४०१००.४ | २३.७ | |
| २०°–३०° | मध्यम भिरालो | ६१७५८.० | ३६.६ | |
| ३०°–४०° | पहाडी भिरालो | ३७३९३.२ | २२.१ | |
| ४०° भन्दा बढी | धेरै भिरालो | १०३२१२.० | ६.१ | |

## २.८ शहरीकरण तथा वस्ती विकासको स्वरुप (Urbanization and Settlement Pattern)

जिल्लामा कुनै पनि नगरपालिका नभएको हुँदा हालसम्म शहरको विकास हुन सकेको छैन । यद्यपि केही बजारहरूको तीव्र रुपमा विकास भइरहेको छ । जिल्लाका तीन वटा गाविसहरू सुन्दरबजार, भोटेवडार र भोर्लेटार नगरोन्मुख गाविसहरूका रुपमा रहेका छन् भने बेसीशहर नगरपालिकाका रुपमा प्रस्तावित गाविस हो ।

जिल्लाका गाविसहरूलाई गाविसहरूको जनसंख्याअनुसार ठूलो मध्यम र सानो गरी तीन किसिमले वर्गीकृत गरिएको छ । यस वर्गीकरणको आधारमा बेसीशहर, भोटेओडार, चिती, चक्रतीर्थ, गाउँशहर, सुन्दरबजार गरी जिल्लाका ६ वटा गाविसहरूमा तुलनात्मकरुपमा बाक्लो बस्ती र बढी जनसंख्या रहेको देखिन्छ । जिल्लाका ६१ गाविसहरूमा करिब ४० बजारहरू रहेका छन् ।

### २.८.१ जनसंख्याको आकारअनुसार गाविसहरूको वर्गीकरण

जनसंख्याको आकारले शहरीकरणको प्रवृत्तिको संकेत गर्नुका साथै सेवा सुविधामा जनसंख्याको चाप अनुमान गर्न सहज पुऱ्याउँदछ । जनसंख्याको आकारको आधारमा लमजुङ जिल्लाका गाविसहरूलाई ठूलो, मध्यम र सानो गरी तीन वर्गमा विभाजित गरिएको छ, जुन निम्नप्रकार छः

**तालिका-१६**

**जनसंख्याको आकारअनुसार गाविसहरूको वर्गीकरण**

| जनसंख्याको आकार | गाविस संख्या | गाउं विकास समितिको नाम | वर्गीकरणको आधार[२] (जनसंख्याको आकार) |
|---|---|---|---|
| ठूलो | ६ | बेसीशहर, भोटेओडार, चिती, चक्रतीर्थ, गाउँशहर, सुन्दरबजार | ५,००० - २०,००० |
| मध्यम | १५ | बाँभ्काखेत, भोर्लेटार, भुलभुले, धमिलीकुवा , ढोडेनी, गौंडा, घनपोखरा, इलमपोखरी, इशानेश्वर, खुडी, परेवाडाँडा, रम्घा, सिम्पानी, टार्कुघाट, उदीपुर | २,५०० - ५,००० |
| सानो | ४० | अर्चलबोट, बाहुनडाँडा, बागलुङपानी, बांग्रे, बन्सार, भलायखर्क, भर्ते, भोजे, भुजुङ, बिचौर, चण्डीस्थान, चन्द्रेश्वर, धुसेनी, दुधपोखरी, दुराडाँडा, फलेनी, घेर्मु, गिलुङ, हिलेटक्सार, जिता, करपु, कोल्की, कुछा, मालिङ, मोहोरियाकोट, नाल्मा, नौथर, नेटा, पाचोक, पासगाउँ, पुरानकोट, प्यारजुङ, सीमभज्याङ, श्रीभञ्याङ, सिन्दुरे, सुर्यपाल, ताघ्रिङ, तन्द्राङटक्सार, टार्कु, उत्तरकन्या | १,००० - २,५०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८, के.त.वि.*

जिल्लाका ६१ गाविसहरूमध्ये चारवटा गाविसहरूमा मात्र वि.स. २०५८ को तुलनामा २०६८ को जनगणनामा जनसंख्या वृद्धि भएको छ । २० वटा गाविसमा यस अवधिमा जनसंख्या १००० भन्दा कमले घटेको छ भने बाँकी ३७ वटा गाविसहरूमा यस दुई जनगणना अवधिमा जनसंख्या २००० भन्दा बढीको दरले घटेको देखिन्छ । यी गाविसहरू निम्नअनुसार छन् :

### २.८.२ जनसंख्याको आकारमा आएको परिवर्तनअनुसार गाविसहरूको वर्गीकरण

जनसंख्या वृद्धि तीव्र हुँदै गएमा सम्बन्धित क्षेत्रमा सेवा सुविधाको माग पनि तीव्र गतिमा बढ्दै जाने, स्थानीय स्रोत परिचालनका लागि श्रम शक्ति उपलब्ध हुने हुन्छ । यसकारण यस जिल्लामा राष्ट्रिय जनगणना २०५८ र २०६८ बीचको अवधिमा जनसंख्याको आकारमा आएको परिर्वतनअनुसार गाविसहरूहरूको वर्गीकरण गरिएको छ । यस अध्ययनबाट जिल्लाका ४ वटा गाविसमा जनसंख्या वृद्धि भएको, २० गाविसमा जनसंख्या १००० सम्मले गिरावट आएको र ३७ गाविसमा १००० भन्दा बढीले जनसंख्याको आकारमा गिरावट आएको देखिन्छ । यसअनुसार गाविसहरूको वर्गीकरण निम्नअनुसार छः

---

[२] आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिका २०५८, राष्ट्रिय योजना आयोगमा आधारित

**तालिका-१७**
**वि.सं. २०५८ र २०६८ बीच जनसंख्याको आकारमा आएको परिवर्तन**

| जनसंख्या वृद्धि भएका गाविसहरू | जनसंख्यामा १००० सम्म गिरावट आएका गाविसहरू | जनसंख्यामा १००० भन्दा बढीले गिरावट आएका गाविसहरू |
|---|---|---|
| बेसीशहर, सुन्दरबजार, भोर्लेटार, भोटेओडार | सुर्यपाल, धुसेनी, पुरानकोट, टार्कु, भर्ते, मालिङ, परेवाडाँडा, भोजे, इलमपोखरी, चिती, गौंडा, जिता, कुछ्रा, बन्सार, चन्द्रेश्वर, श्रीमञ्याङ, हिलेटक्सार, भलायखर्क, कोल्की, ईशानेश्वर | बाहुनडाँडा, नेटा, पासगाउँ, सिन्दुरे, सीमभञ्याङ, चण्डीस्थान, रम्घा, चक्रतीर्थ, मोहोरियाकोट, ताघ्रिङ, बिचौर, नौथर, करपु, घेर्मु, धमिलीकुवा, उदीपुर, सिम्पानी, तन्द्राङटक्सार, टार्कुघाट, बागलुङपानी, अर्चलबोट, घनपोखरा, फलेनी, भुजुङ, गिलुङ, दुधपोखरी, उत्तरकन्या, पाचोक, खुडी, बाँझाखेत, दुराडाँडा, ढोडेनी, प्यारजुङ, भुलभुले, बांग्रे, नाल्मा, गाउँशहर |
| ४ गाविस (६ प्रतिशत गाविस) | २० गाविस (३३ प्रतिशत गाविस) | ३७ गाविस (६१ प्रतिशत गाविस) |

जिल्लामा जनसंख्याको आकारमा आएको फेरबदलको अध्ययन गर्दा मूलतः जिल्लामा जनसंख्या घट्दो क्रममा रहेको देखिन्छ। जिल्लामा १० वर्षको अवधिमा जनसंख्या घट्नुको स्पष्ट र यकीन कारणका सम्बन्धमा कुनै अध्ययन भएको नभएता पनि सामान्यता प्राकृतिक कारण (जन्मदर) भन्दा पनि कृत्रिम कारण (बसाइसराइ) का कारण जनसंख्या घटेको अनुमान गरिएको छ। जनसंख्याको सामान्य प्रवृत्ति राम्रो अवसरका लागि एक ठाउँबाट अर्को ठाउँमा स्थायी वा अस्थायी रुपमा बसाइसराइ गर्ने हुनाले जनसंख्याको यस प्रवृत्तिले जिल्लामा अवसरहरूको कमी रहेको संकेत गर्दछ। यस्तै जिल्लामा द्रुत गतिमा बजारीकरण भइरहेका गाविसहरूमा जनसंख्या बढेको देखिन्छ, यसबाट जिल्लाका खास बजार केन्द्रहरूमा जनसंख्याको केन्द्रिकरण भइरहेको र यसबाट अन्ततोगत्वा केही स्थानहरूमा शहरीकरणमा टेवा पुग्ने र धेरै स्थानहरूमा जनसंख्या न्यून हुन गई उपलब्ध स्रोत साधनको अधिकतम परिचालन हुन नसक्ने सम्भावना रहन जान्छ।

### २.८.३ बजार केन्द्रहरू

बजारीकरण/शहरीकरण तथा सम्बन्धित स्थानमा आन्तरिक तथा बाह्य पर्यटकका लागि बासस्थानको सुविधा (होटेलहरूको संख्या) बीचमा सामान्यतया सकारात्मक सहसम्बन्ध रहेको हुन्छ। यस आधारमा विभिन्न स्थानमा रहेका होटेल तथा उपलब्ध बेडको संख्याका आधारमा त्यस क्षेत्रमा बजारीकरणको स्थिति आँकलन गर्न सकिन्छ। लमजुङ पर्यटन विकास गुरुयोजना (२०७०/७१-२०७४/७५) अनुरुप बेसीशहर, ङादी, जगत, भोर्लेटार, पसगाउँ, रम्घाटारमा ११ देखि १५ वटासम्म होटेल तथा ५० देखि ३०० वटासम्म बासका लागि वेड उपलब्ध रहेको देखिन्छ। होटेलका साथै ग्रामीण क्षेत्रमा भन्दा बजारक्षेत्रमा उद्योग वाणिज्यसम्बन्धी फर्महरूको संख्या पनि बढी रहेको हुन्छ। लमजुङ उद्योग वाणिज्य संघमा (२०७० वैशाख) दर्ता भएका जिल्लाभरिका कुल ११७६ फर्ममध्ये ८२३ फर्म (७१.८ प्रतिशत) बेसीशहर, सुन्दरबजार र भोटेओडारमा दर्ता भएको देखिन्छ। यसआधारमा हेर्दा बेसीशहर, सुन्दरबजार, भोटेओडार, जगत, ङादी, बाहुनडाँडा, भोर्लेटार, भुलभुले जिल्लाका प्रमुख बजारकेन्द्रहरूका रुपमा रहेका देखिन्छन्। बजार केन्द्रहरूमा निर्वाचन क्षेत्र नं. १ मा भुलभुले, स्याँगे, शेरा, तार्कुघाट, तिलाहार, हिले, गौंडा, बोराङ, जोर्ने, बिचौर, चक्रतीर्थ, तीनपिप्ले तथा बेलघारी रहेका छन् भने निर्वाचन क्षेत्र नं. २ अन्तर्गतका बजार केन्द्रहरूमा उदीपुर, स्वती पसल, दुईपिप्ले, इशानेश्वर, खुदी र खत्रीठाँटी रहेका छन्।

बजार केन्द्रहरूमा विद्यमान सुविधाका आधारमा बजारहरूको वर्गीकरण निम्नअनुसार रहेको छ :

जिल्ला यातायात गुरुयोजना २०७० अनुसार जिल्लामा हाल २३ वटा विद्यमान बजार केन्द्र (Existing Key Growth Cenrte) तथा १८ वटा वृद्धिको संभावना भएका बजार केन्द्रहरू गरी कुल ४१ वटा बजारकेन्द्रहरू रहेका छन्, जुन निम्नअनुसार छन् :

| क्र.सं. | मुख्य बजार/वस्ती | बजार/वस्तीको नाम |
|---|---|---|
| १ | विद्यमान मुख्य बजार (Existing Key Growth Cenrte) | बेसीशहर, सुन्दरबजार, भोटेवडार, भोर्लेटार, खुदी, कुन्छा, तार्कुघाट, उदिपुर, तीनपिप्ले, भकुण्डे, अल्काटार, दुईपिप्ले, रामबजार, भुलभुले, चिती तिलाहार, नौथर शेरा, सोतीपसल, बोराङखोला, सत्रसय, घेर्मु, ङादी, च्यानपाटा, |

| क्र.सं. | मुख्य बजार/वस्ती | बजार/वस्तीको नाम |
|---|---|---|
| २ | वृद्धिको सम्भावना भएका मुख्य बजार (Potential Key Growth Cenrte) | पाउँदीढिक, खत्रीठाँटी, पाँचभाइ चौतारा, लक्ष्मी बजार, जोर्नी बजार, स्याउलीबजार, बाग्लुङपानी, बगुवा, स्याउलीबजार, बिचौर, देउराली बजार, गिलुङ, बेलघारी, छोटेखोला, पाचोकबेसी, गौंडा, हिलेबेसी, भुजुङ |

*स्रोत: जिल्ला यातायात गुरुयोजना, २०७०*

जिल्लाको सन्तुलित विकासका लागि विद्यमान सामाजिक आर्थिक विकासको स्थिति, जनसंख्या वितरण तथा वस्ती विकासको प्रवृत्तिलाई समेत ध्यान दिनु आवश्यक हुन्छ। यससन्दर्भमा जिल्ला उद्योग वाणिज्य संघले जिल्लाको भूगोल तथा बजार केन्द्रहरूको आधारमा तयार गरेको जिल्लाका प्रमुख व्यापारिक एकाइहरूको वर्गीकरण जिल्लामा व्यापारिक एकाइको वृद्धि र विकास अध्ययन गर्न महत्वपूर्ण सन्दर्भ हुनसक्छ, जुन निम्नप्रकार छः

- बेसीशहर एकाइ
- सुन्दरबजार एकाइ
- भोटेवडार एकाइ
- उदीपुर एकाइ
- राइनासटार एकाइ
- भोर्लेटार एकाइ
- खुदी एकाइ
- दुईपिप्ले सोती पसल एकाइ

जिल्लामा हालसम्म कुनै पनि नगरपालिका छैन। यद्यपि जिल्लाका केही प्रमुख बजार केन्द्रहरू खासगरी बेसीशहर, सुन्दरबजार, उदिपुर, भोटेवडार र भोर्लेटारमा वस्ती तथा बजारीकरणको गति अन्य गाविसमा भन्दा तीव्र रहेको देखिन्छ।

अव्यवस्थित वस्ती विकासले राजधानी काठमाडौंलगायत देशका धेरै शहरहरूमा ढल, बिजुली, पानी, सडकपहुँच, ट्राफिक, मनोरञ्जन स्थलहरूको व्यवस्थापनमा कठिनाइ हुन गई अस्तव्यस्त भएको धेरैलाई अनुभव भइरहेको अवस्थामा जिल्लामा बजारीकरण तीव्र भएका गाविस तथा बजार केन्द्रहरूमा कुनै वस्ती विकास योजना तर्जुमा भएको देखिँदैन। यसर्थ, जिल्लाका यी प्रमुख बजार/गाविसहरूका लागि वस्ती विकास तथा भूउपयोग योजना तर्जुमा गर्नुपर्ने खाँचो देखिन्छ।

## २.८ जिल्लाको आर्थिक स्थिति (Situation of District Economy)

जिल्लाको समग्र आर्थिक स्थिति सम्बन्धमा छुट्टै अध्ययन अनुसन्धान हुन सकेको देखिँदैन। जिल्ला विकास समितिले राजश्व अध्ययन गरेको देखिन्छ तर यो जिल्ला विकास समितिको आन्तरिक आम्दानी/राजश्वको आकार र यससम्बन्धी नयाँ सम्भावनाहरूमा पहिचान गर्नमा केन्द्रित छ, यसबाट जिल्लाको समग्र आर्थिक स्थिति झल्कँदैन। यसका लागि कम्तीमा अर्थतन्त्रका विविध क्षेत्रमा जिल्लाको समग्र उत्पादन, निकासी, पैठारी तथा निश्चित समयमा तिनीहरूको मौद्रिक मूल्यको आवश्यकता पर्नजान्छ, र यस किसिमको सूचना तथा तथ्यांक संकलन गर्न छुट्टै र विशेष प्रयासको आवश्यकता पर्न जान्छ, जसका अभावमा जिल्लामा यस किसिमको तथ्यांक उपलब्ध छैन। सामान्यरुपमा लमजुङ जिल्लाको आर्थिक स्थितिको आँकलन गर्दा यहाँ स्थानीय निकायलगायत अन्य सरकारी कार्यालयहरूलाई सरकारले वार्षिक रुपमा दिने रकम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जिल्लामा भित्रय्याउने रकम, स्थानीय निकायहरूले संकलन गर्ने राजश्व, जिल्ला तथा देशबाहिर काम गर्ने कामदारहरूले पठाउने रकम (Remittance), आन्तरिक वा बाह्य पर्यटकबाट हुने आम्दानी तथा विभिन्न वस्तुको निकासीबाट प्राप्त हुने आम्दानी मुख्य रहेका छन्।

### २.८.१ जिल्ला अर्थतन्त्रको संरचनात्मक स्वरुप (Sectoral Share)

लमजुङ जिल्लाको अर्थतन्त्र कृषि, पशुपालन, वैदेशिक रोजगारी, जलस्रोत, जडिबूटी, वन तथा पर्यटनमा आधारित छ। जिल्लाको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन जिल्लामा पर्याप्त स्रोत साधन विद्यमान रहेको छ र

उपलब्ध स्रोतलाई सन्तुलित र दीगो हिसाबले अधिकतम परिचालन गर्नुपर्ने खाँचो रहेको छ। जिल्ला अर्थतन्त्रका उपरोक्त क्षेत्रको समग्र स्थिति निम्नअनुसार रहेको छ:

### २.८.२ घरपरिवारको आयस्तर तथा गरिबी (Family Income and poverty)

घरपरिवारको आयस्तर तथा गरिबीका हिसाबले लमजुङ जिल्ला औसत स्थितिमा रहेको देखिन्छ। घरपरिवारको आयस्तर तथा गरिबीसँग सम्बन्धित केही प्रमुख सूचकहरूमा नेपालका ७५ जिल्लाको तुलनासहित लमजुङको स्थिति निम्नअनुसार छ:

**तालिका-१८**

**लमजुङ जिल्लावासीको आर्थिक स्थिति सम्बन्धमा तुलनात्मक स्थिति**

| क्र.सं. | सूचक | लमजुङ | उच्चतम | न्यूनतम |
|---|---|---|---|---|
| १. | गरिबीको दर (प्रतिशत) | १६.८ | ४.०० (कास्की) | ६४.१० (बाजुरा) |
| २. | टेलिभिजन भएका घरधुरी प्रतिशत | २०.१२ | ७४.७६ (काठमाडौं) | १.६० (जाजरकोट) |
| ३. | कम्प्युटर भएका घरधुरी प्रतिशत | ३.०८ | ३५.४८ (काठमाडौं) | ०.२० (जाजरकोट) |
| ४. | टेलिफोन भएका घरधुरी प्रतिशत | २.४५ | ३०.३८ (ललितपुर) | ०.६१ (कालिकोट) |
| ५. | मोवाइल भएका घरधुरी प्रतिशत | ७१.०० | ९१.०० (काठमाडौं) | २२ (जाजरकोट) |
| ६. | कम्तीमा एक सुविधा भएका घरधुरी प्रतिशत | ८५.७९ | ९७.४६ (काठमाडौं) | ५१.८८ (मुगु) |
| ७. | चर्पी भएका घरधुरी प्रतिशत | ८०.५ | ९८.८ (कास्की) | १९.४ (सप्तरी) |
| ८. | धारा/पाइपवितरित पानीको सुविधा भएका घरधुरी प्रतिशत | ८८.७ | ९७.५८ (मनाङ) | १.६६ (सप्तरी) |
| ९. | खोलाको पानी खानेपानीको रुपमा प्रयोग गर्ने घरधुरी प्रतिशत | ०.३७ | १४.१७ (डोल्पा) | ०.०३ (रुपन्देही) |

*स्रोत: नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, के.त.वि., २०७०*
*राष्ट्रिय जनगणना, २०६८, केन्द्रिय तथ्यांक विभाग*

केन्द्रिय तथ्यांक विभागले नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८ अन्तर्गत लमजुङ जिल्लालाई उच्च समृद्धिस्तर भएका जिल्लाहरूको सूचीमा राखेको छ। सोही अध्ययन अनुसार वि.सं. २०५८ मा जिल्लामा गरिबीको दर ३१.५ प्रतिशत रहेको देखिन्छ। यसआधारमा हेर्दा यस दश वर्षका अवधिमा हरेक वर्ष औसत १.४७ विन्दुका दरले गरिबीको दरमा गिरावट आएको देखिन्छ। मोवाइल, खानेपानी तथा चर्पी सुविधाका दृष्टिकोणले जिल्लाले उल्लेख्य प्रगति हासिल गरेको देखिन्छ।

नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ ले ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट ११ प्रतिशत विन्दुले घटी ३१ प्रतिशतमा झरेको अनुमान गरेको थियो। यसरी गरिबी घट्नुमा कृषि तथा गैर कृषि क्षेत्रको ज्यालादरमा भएको वृद्धि, बढ्दो शहरीकरण, जनसंख्यामा सक्रिय जनशक्तिको हिस्सामा भएको वृद्धि र ठूलो परिमाणमा भित्रिन सकेको विप्रेषण प्रमुख कारकहरू रहेको अनुमान गरिएको थियो। नेपालमा विदेशबाट प्राप्त हुने विप्रेषण सन् १९९५-१९९६ देखि सन् २००३-२००४ को अवधिमा प्रतिवर्ष वार्षिक २० प्रतिशतका दरले वृद्धि भई सन् १९९५-१९९६ मा कुल गार्हस्थ उत्पादनमा ३ प्रतिशत योगदान गर्ने वैदेशिक विप्रेषणले सन् २००३-२००४ मा आइपुग्दा १२ प्रतिशत योगदान गरेको[3] थियो। लमजुङ जिल्लामा पनि वैदेशिक रोजगारीमा जानेको

[3] रिजिलियन्स अमिड्ट्स कन्फ्लिक्ट, एन एसेसमेन्ट अफ् पोभर्टी इन नेपाल, १९९५-९६ र २००३-०४, केन्द्रिय तथ्यांक विभाग, सेप्टेम्बर २००६, विश्व बैंक, डिएफ्आईडी, एडीबी।

संख्या उच्च रहँदै आएको छ। साथै, प्राकृतिक सम्भावनाहरू पर्याप्त रहनु तथा सामाजिक आर्थिक विकासले निरन्तरता पाउनुजस्ता करणहरूले जिल्लामा गरिबीको स्तर घटाउन योगदान गरेको अनुमान गर्न सकिन्छ।

केन्द्रिय तथ्यांक विभागको नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०५८ अनुसार लमजुङ जिल्लामा गरिबीको दर ३१.५ प्रतिशत रहेकोमा वि.सं. २०६८ मा १६.८ प्रतिशत रहेको देखिन्छ। यसरी, यस एक दशकको अवधिमा जिल्लामा गरिबीको दरमा करिब १५ प्रतिशतले गिरावट आएको देखिन्छ। उक्त अध्ययन अनुसार जिल्लामा गरिबीको दर बढी भएको गाविस ढोडेनी देखिन्छ। यस गाविसमा ५४.३६ प्रतिशत गरिबी रहेको देखिन्छ।

जिल्लाका ११ वटा इलाकाहरूको गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनताको प्रतिशत निम्नअनुसार छः

**तालिका-१९**

**लमजुङ जिल्लाका इलाकाहरूमा गरिबीको दर र गरीबहरूको संख्या**

| इलाका नं. | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरिबहरूको संख्या |
|---|---|---|---|---|
| १ | ६.३५ | १.२५ | ०.३९ | १८४८ |
| २ | १९.८४ | ४.५७ | १.५७ | १६२२ |
| ३ | ६.३६ | १.१६ | ०.३३ | १४२२ |
| ४ | ११ | २.१४४ | ०.६५ | ११९४ |
| ५ | १२.७२ | २.४७ | ०.७४ | १३३९ |
| ६ | १९.३८ | ४.१८ | १.३६ | २००८ |
| ७ | ३१.४४ | ७.९६ | २.९१ | ५८९८ |
| ८ | २७.८२ | ७.४१ | २.८६ | ४५०६ |
| ९ | २१.२६ | ४.७९ | १.६१ | २१९३ |
| १० | २५.९२ | ६.०१ | २.०८ | ३२९५ |
| ११ | १४.१३ | २.८३ | ०.८७ | २३७२ |
| कुल गरिब जनसंख्या | | | | २७६९७ |

*स्रोतः नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८, के.त.वि, २०७० असार*

जिल्लाका ११ इलाकाहरूमध्ये सबैभन्दा धेरै गरिबीको दर इलाका नं. ७ मा देखिएको छ। यस इलाकाको कुल जनसंख्यामा ३१.४४ प्रतिशत जनसंख्य गरिब रहेको देखिएको छ यसपछि बढी गरिबीको दर रहेका इलाकाहरूमा इलाका नं. ८, १०, ९ रहेका छन्, यी इलाकाहरूमा क्रमशः २७.८२, २५.९२, र २१.२६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ। यसरी, जिल्लाका तीनवटा इलाकाहरूमा सम्बन्धित इलाकाको २५ प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ। देशमा गरिबीको दर अधिकतम रहेका इलाकाहरूमा सम्बन्धित इलाकाका ७० प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि रहेको पाइन्छ ( मकवानपुरको ५ नं. इलाका (७२.७९ प्रतिशत), हुम्लाको ८ नं. इलाका (७२ प्रतिशत), गोरखाको १३ नं. इलाका ( ७१.६ प्रतिशत) र दार्चुलाको ११ नं.इलाका (७०.४४ प्रतिशत)। देशमा गरिबीको दर बढी रहेको जनसंख्याको तुलनामा लमजुङ जिल्लामा गरिबीको दर बढी रहेका इलाकाहरूमा गरिबीको दर निकै कम रहेको देखिन्छ।

सबैभन्दा कम गरिबी रहेका इलाकाहरूमा इलाका नं. १ र इलाका नं. ३ रहेका देखिन्छन्। यी इलाकाहरूमा क्रमशः ६.३५ र ६.३६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ। देशमा गरिबीको दर सबैभन्दा कम रहेका अन्य जिल्लाहरू हेर्दा २ प्रतिशत वा सो भन्दा कम गरिबी दर भएका जम्मा २१ वटा इलाकाहरू छन् जुन काठमाण्डौ उपत्यकाका ३ जिल्लाहरू, कास्की र काभ्रे जिल्लामा पर्दछन्।[४] यसरी हेर्दा जिल्लाका यी दुई इलाकाहरू नेपालकै कम गरीब रहेका इलाकाहरूमध्येका देखिन्छ।

[४] नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०७०, केन्द्रीय तथ्यांक विभाग, थापाथली, काठमाडौं।




जिल्ला विकास समिति लमजुङले आ.व. २०६९/०७० मा लिएको विपन्न घरधुरी स्तरीकरण मापनको प्रारम्भिक नतिजा जिल्लाका कुल ३७,१४७ घरधुरीमध्ये १५ प्रतिशत (५७०७ घरधुरी) अति गरिव, २८ प्रतिशत ( १०,४७६ घरधुरी) विपन्न, ४८ प्रतिशत (१७,६८७ घरधुरी) मध्यम र ९ प्रतिशत (३२८२ घरधुरी) सम्पन्न रहेका छन्।

## २.१० कृषि तथा सिंचाइ क्षेत्र (Agriculture and Irrigation)

कृषिको व्यवसायिकरण लमजुङ जिल्लामा सम्भावना र अवसर बोकेको एक प्रमुख क्षेत्र हो। पहाडी जिल्ला भए पनि जिल्ला उल्लेख्य संख्या र आकारमा टार तथा फाँटहरु रहेका छन्। जिल्लाको कुल क्षेत्रफलमा योग्य जमिनको हिस्सा ३६.५ प्रतिशत रहेको छ। जिल्लामा खाद्यान्न, दलहन, मसला, तेलहन, फलफूलका अतिरिक्त च्याउ, मह, उखु, पिंडालु, तरुल, सखरखण्ड, कफि, चियालगायतका बालीहरुसमेत व्यवसायिकरुपमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ। खाद्यान्न बालीको वार्षिक उत्पादन आ.व.२०६९/७० मा (९०२९४ मे. टन उत्पादन भएको छ भने दलहन १५९९ मे.टन र मसलाबाली ५०२५ मे.टन उत्पादन भएको छ। कृषि क्षेत्रमा सम्भावना र अवसरका अतिरिक्त समस्या तथा चुनौतिहरुसमेत रहेका छन्। विद्यमान समस्या, चुनौतिहरुमा खाद्यान्न तथा खाद्य पदार्थमा भएको निरन्तरको मूल्यवृद्धि, अव्यवस्थित भूउपयोग, आर्थिकरुपले सक्रिय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जानु, कृषि क्षेत्रमा श्रम शक्तिको अभाव बढ्दै जानु, उर्वर कृषि भूमिको गैरकृषि प्रयोजनमा बढ्दो उपयोग, जलवायु परिवर्तनको नकारात्मक प्रभाव केही प्रमुख छन्।

कृषि बालीका लागि आवश्यक चिस्यानको मात्रा सुनिश्चित गर्नका लागि सिंचाइको भूमिका महत्वपूर्ण रहेको हुन्छ। मौसमी खेतीमा आधारित कृषि प्रणाली भएको पहाडी क्षेत्रमा त झन् सिंचाइ समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व निर्धारण गर्नमा अझ बढी महत्वपूर्ण रहन जान्छ। लमजुङ जिल्लाको कुल क्षेत्रमध्ये सिंचाइयोग्य जमिन २६२७२ हेक्टर मात्र रहेको छ, अर्थात् कुल कृषियोग्य भूमिको ४२ प्रतिशत भूमि मात्र सिंचाइयोग्य रहेको देखिन्छ। सिंचित भूमिको आकार हेर्दा कुल कृषियोग्य जमिनको १३ प्रतिशत भूमि (८२३० हे.) मा बाह्रै महिना र करिब २३ प्रतिशत भूमिमा मौसमी रुपमा सिंचाइ सुविधा पुगेको देखिन्छ। यस आधारमा हेर्दा कुल कृषियोग्य भूमिको ठूलो हिस्सामा सिंचाइ सुविधा विस्तार गर्नुपर्ने चुनौति रहेको र १२०८३ हेक्टर भूमि सिंचाइ सुविधा विस्तारका दृष्टिकोणले सम्भाव्य देखिएको हुँदा सिंचाइ योजनाहरू यसैअनुसार केन्द्रित गर्नुपर्ने देखिन्छ।

**तालिका-२०**
**लमजुङ जिल्लामा कृषि तथा सिंचाइको आधारभूत स्थिति**

| विवरण | इकाई | २०६९/७० को स्थिति | कैफियत |
|---|---|---|---|
| कृषियोग्य जमिन | हेक्टर | ६१८१९ | |
| सिंचाइयोग्य जमिन | हेक्टर | २६२७२ | |

| विवरण | इकाई | २०६९/७० को स्थिति | कैफियत |
|---|---|---|---|
| कुल खेती गरिएको क्षेत्रफल | हेक्टर | ४५०५० | |
| कृषि क्षेत्रबाट प्रति परिवार वार्षिक औसत आम्दानी | रु. | ४९५०० | |
| बाली सघनता | प्रतिशत | १८४ | |
| बीउ प्रतिस्थापन दर | | | |
| धान | | २० | |
| मकै | | १५ | |
| तोरी | | १४.५ | |
| कृषि तथा पशु बीमा संरक्षण गर्ने व्यवसाय | संख्या | २ | |
| १२ है महिना सिंचित क्षेत्र (कुल सिंचित क्षेत्रको तुलनामा) | हेक्टर | ८२३० | |
| | प्रतिशत | ५८ | |
| मौसमी रुपमा सिंचित क्षेत्र (कुल सिंचाइयोग्य क्षेत्रको तुलनामा) | हेक्टर | १४१८९ | |
| | प्रतिशत | ५४ | |
| सिंचाई उपलब्ध नभएको तर संभाव्य क्षेत्र | हेक्टर | १२०८३ | |
| सिंचाई पोखरी | संख्या | ३ | |
| जलउपभोक्ता समिति | संख्या | ५१ | |
| सिंचाईको उन्नत प्रविधि प्रयोग गर्ने कृषक | संख्या | ७७६५ | |
| नदी नियन्त्रणबाट संरक्षित क्षेत्र | हेक्टर | | |
| नदी उकासबाट उपलब्ध जग्गा | हेक्टर | | |

*स्रोत : पश्चिमाञ्चल सिंचाइ विककास डिभिजन नं. १, बेसीशहर, लमजुङ*

### २.१०.१ प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्व

कृषिमा आधारित अर्थतन्त्रमा कृषिबालीको उत्पादन र उत्पादकत्व सम्बन्धित क्षेत्रको अर्थतन्त्रसँग प्रत्यक्ष सम्बन्ध सरोकार राख्दछ। लमजुङ जिल्लाको अर्थतन्त्रको मुख्य हिस्सा कृषि क्षेत्रले ओगटेको छ। जिल्लाको प्रमुख खाद्यान्न बालीका रुपमा धान, मकै र कोदो रहेका छन्। यसबाहेक गहुँ, जौ, ऊवा र फापर अन्य खाद्यान्न बालीका रुपमा रहेका छन्। यस जिल्लाका यी प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्वको स्थिति निम्नअनुसार छः

**तालिका-२१**

**लमजुङ जिल्लामा प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्व, २०६९/२०७०**

| क्र.सं. | बालीको नाम | क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | ४०८५० | ९०२९४ | २.२१ |
| *१.१* | *धान* | *१६४६३* | *४३४६३* | *२.६४* |
| *१.२* | *मकै* | *१५९००* | *३८५६९* | *२.४३* |
| *१.३* | *गहुँ* | *५००* | *६७५* | *१.३५* |
| *१.४* | *कोदो* | *७९१९* | *७५२३* | *०.९५* |
| | *जौ,* | *२८* | *२७* | *०.९६* |
| *१.५* | *उवा* | *२१* | *१८* | *०.८५* |
| *१.६* | *फापर* | *१९* | *१९* | *१.००* |
| २ | दलहन | १५८५ | १५९९ | |
| *२.१* | *मुसुरो* | *९२* | *१९५* | *२.१२* |
| *२.२* | *बोडी* | *१२०* | *१३२* | *१.१०* |

| क्र.सं. | बालीको नाम | क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|---|---|
| २.३ | *सिमी* | ३०४ | ३२० | १.०५ |
| २.४ | *भटमास* | ४५६ | ४३३ | ०.९५ |
| २.५ | *सिल्टुङ* | ५३ | ४८ | ०.९१ |
| २.६ | *मास* | ३८० | ३२३ | ०.८५ |
| २.७ | *रहर* | ३० | २७ | ०.९० |
| २.८ | *केराउ* | ७६ | ६५ | ०.८३ |
| २.९ | *गहत* | ६० | ४५ | ०.७५ |
| २.१० | *मुङ* | १४ | ११ | ०.७९ |
| ३ | मसलाबाली | ७६५ | ५०२७ | ६.६ |
| ३.१ | *अलैंची* | २१० | १६ | ०.०६७ |
| ३.२ | *हलेदो* | १२० | १२३० | १०.२५ |
| ३.३ | *अदुवा* | २४० | २४३६ | १०.१५ |
| ३.४ | *प्याज* | १०० | ७०० | ७.० |
| ३.५ | *लसुन* | ५० | ३५० | ७.० |
| ३.६ | *बेसार* | ४० | २८० | ७.० |
| ३.७ | *मरिच/टिमुर* | ५ | १५ | ३.० |
| | | | | |
| ४ | तेलहन (तोरी, रायो, बदाम, तील) | ९८० | ६८७ | ०.७० |
| ५ | फलफूल | २१६४ | १०१२१ | ४.७ |
| | *सुन्तलाजात फलफूल कुल* | २०४० | ९३४१ | ४.६ |
| | *केरा* | ७० | ४३७ | ६.२ |
| | *आँप* | ३३ | २०८ | ६.३ |
| | *लिचि* | २१ | १३५ | ६.५ |
| | | | | |
| ६ | नगदेवालीले ढाकेको क्षेत्रफल | ७९८ | ६२८६ | ७.९ |
| ७ | तरकारी बालीले ढाकेको क्षेत्रफल | २१०५ | २१५४३ | १०.२३ |
| ८ | च्याउ | | १६ | |
| ९ | मह उत्पादन | | ११ | |
| १० | उखु | ३० | ६०० | २० |
| ११ | पिंडालु | २२५ | २७०० | १२ |
| १२ | तरुल | ११७ | १४६२.५ | १२.५ |
| १३ | कफि | ८० | ४४ | ०.५ |
| १४ | चिया | ३ | १ | ०.३ |
| १५ | | | | |

*स्रोतः जि.कृ.वि.का., २०७०*

जिल्लामा विभिन्न बालीहरूको व्यवसायिक खेती गर्न सकिने अवस्था रहेको छ । सम्भावित व्यवसायिक खेतीमध्ये अलैंची एक प्रमुख कृषि बाली हो । आ.व. २०६९/७० मा जिल्लाभरिमा गरी कुल १६ मेट्रिक टन अलैंची उत्पादन भएको थियो । जिल्लामा कृषिका विकासका लागि कृषिसम्बन्धी विभिन्न संरचना पनि विकास भइरहेका छन् । जिल्लाभरिमा गरी कृषक समूहको संख्या २६४ र व्यवसायिक तथा नमूना कृषकहरूको संख्या १०० रहेको छ । यस्तै कृषक सहकारी संख्या ६६ रहेको छ भने नागरिकको घरदैलोमा कृषि सेवा प्रदान गर्न ६ वटा कृषि सेवा केन्द्र तथा ३ वटा सम्पर्क केन्द्र रहेका तथा २५ जना कृषि प्राविधिकहरू रहेका छन् ।

आर्थिक वर्ष २०६९/७० मा जिल्लाभरिमा गरी खाद्यान्न बाली ४०८५० हेक्टर र दलहन बाली १५८५ हेक्टर गरी कुल ४२४३५ हेक्टरमा खेती गरी कुल ९१८९३ मेट्रिक टन खाद्यान्न तथा दलहन बाली उत्पादन भएकोछ ।(जि.कृ.वि.का., २०७०) । कृषि अर्थतन्त्र मूलतः निर्वाहमूखी भएको हुँदा जिल्लाका लागि जिल्लाभित्र पर्याप्त खाद्यान्न उत्पादन हुन सकेको छैन । खाद्यान्न बालीको उत्पादकत्व हेर्दा सरदर २.२१ मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुने गरेको देखिन्छ । यसमध्ये प्रमुख खाद्यान्न बाली धान, मकै र गहुँको उत्पादकत्व क्रमशः २.२१, २.४३ र १.३५ मेट्रिक टन प्रति हेक्टर देखिन्छ ।

दलहन बालीअन्तर्गत मूलतः विभिन्न किसिमका बाली लगाउने गरिएको पाइन्छ । दलहन बालीमध्ये मुसुरोको उत्पादकत्व मात्र प्रति हेक्टर २ मेट्रिक टनभन्दा बढी रहेको देखिन्छ । बोडी र सिमीको उत्पादकत्व १ मेट्रिक टन प्रति हेक्टरभन्दा बढी र बाँकी सबै दलहन बालीको उत्पादकत्व १ मेट्रिक टन प्रति हेक्टरभन्दा कम रहेको देखिन्छ ।

मसलबाली अन्तर्गत मूलतः अलैंची, हलेदो र अदुवा खेती गरिन्छ । हलेदो र अदुवाको उत्पादकत्व १० मेट्रिक टन प्रति हेक्टरभन्दा बढी रहेको देखिन्छ । हालका वर्षहरुमा अलैंची खेतीतर्फ कृषकहरुको आकर्षण बढ्न जाँदा यसको खेती गरिने क्षेत्र निरन्तर वृद्धि भइरहेको छ । हाल जिल्लामा १४ मेट्रिक टन अलैंची उत्पादन भई निकासी भएको छ । जिल्लाका १० भन्दा बढी गाविसमा व्यवसायिकरुपमा मसला खेतीको सम्भाव्यता रहेको पनि हाल कुल कृषियोग्य भूमिको १.७ प्रतिशत क्षेत्र (७६५ हे.) मा मात्र यी बालीको खेती गरिएको देखिन्छ । हलेदो र अदुवा बालीको उत्पादकत्व अन्य बालीकोभन्दा उल्लेख्य रुपमा बढी रहेको र अलैंची मूल्यका हिसाबले बढी मूल्यको रहेकोले मसलाबालीको उत्पादनलाई बढावा दिनुपर्ने देखिन्छ ।

मसलाबालीपछि तरकारी बाली र नगदेबालीको उत्पादकत्व उल्लेख्य रहेको छ । यी दुई बालीको उत्पादकत्व क्रमशः १०.२३ र ७.९ मेट्रिक टन प्रतिहेक्टर रहेको छ । जिल्ला अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिकालाई बढी प्रभावकारी बनाउन उत्पादकत्व तथा बजारसमेत भएका यस्ता कृषिबालीको व्यवसायिकरणमा जोड दिनुपर्ने देखिन्छ ।

च्याउ र महको जिल्लाभरिको उत्पादन क्रमशः १६ र ११ मेट्रिक टन देखिन्छ । उत्पादन परिणामका हिसाबले न्यून भए पनि उत्पादन विस्तार र बजारको सहजताका हिसाबले उपलब्ध भएकाले च्याउ र मह उत्पादनको समेत विस्तार गर्नुपर्ने देखिन्छ । साथै पर्यटकीय महत्व तथा आम्दानीका हिसाबले समेत भीरमौरीको सम्भावना रहेको छ ।

### २.१०.२ खाद्य सुरक्षा

जिल्लाका कुल ३७२४५ घरधुरीमा सर्भेक्षण गरी वि.सं. २०६९-७० मा जिल्लाको गरिबी नक्सांकन गरिएको थियो । यस अन्तर्गत आफ्नो उत्पादनबाट ३ महिना खान पुग्ने, ४-६ महिना खान पुग्ने, ७-९ महिना खान पुग्ने र १० महिनाभन्दा बढी खान पुग्ने गरी घरधुरीहरुको वर्गीकरण गरिएकोमा आफ्नो उत्पादनबाट अधिकतम ३ महिनासम्म खान पुग्ने घरधुरी २७ प्रतिशत रहेको देखियो । यससम्बन्धी थप विवरण तल तालिका-२३ मा प्रस्तुत गरिएको छ :

**तालिका-२२**
**खाद्य सुरक्षा**

| क्र.सं. | खाद्य सुरक्षा (महिनामा) | घरधुरी संख्या | घरधुरी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ३ महिनाभन्दा कम | ९९४८ | २७.० | |
| २. | ४-६ महिना | ९४०८ | २५.५ | |
| ३. | ७-९ महिना | ८००० | २१.७ | |

| क्र.सं. | खाद्य सुरक्षा (महिनामा) | घरधुरी संख्या | घरधुरी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ४. | १० महिनाभन्दा बढी | ९५१० | २५.८ | |
| ५. | छुटपुट | ४२ | ०.० | |
| | कुल | ३६९०८ | १०० | |

*स्रोत: गरिबी नक्सांकन अध्ययन, लमजुङ, २०७०*

प्रस्तुत तथ्यांकअनुसार जिल्लाका करिब आधी घरधुरी (५२.५ प्रतिशत) घरधुरीलाई आफ्नो उत्पादनबाट वर्षको छ महिनाभन्दा कम खान पुग्ने देखिन्छ । बाँकी करिब ४८ प्रतिशत घरधुरीलाई आफ्नो उत्पादनबाट वर्षमा छ महिनाभन्दा बढी खान पुग्ने देखिन्छ । कुल घरधुरीमध्ये १० महिनाभन्दा बढी खान पुग्ने घरधुरीको हिस्सा एक चौथाइ (२५.८ प्रतिशत) रहेको छ ।

### २.१०.३ कृषि पकेट क्षेत्र

जिल्लाका विभिन्न गाविसहरूलाई सम्बन्धित गाविसको हावापानी, बजारसँगको पहुँच, तथा त्यहाँ उत्पादन गर्न सकिने बालीहरू पहिचान गरी जिल्ला कृषि विकास कार्यालयले कृषि पकेट क्षेत्रहरू पहिचान गरेको छ । उक्त पकेट क्षेत्र निम्नअनुसार छन्:

**तालिका–२३**
**लमजुङ जिल्लामा कृषि पकेट क्षेत्र, २०७०**

| क्र.सं. | बाली | पकेट क्षेत्रहरू | पकेट क्षेत्र संख्या |
|---|---|---|---|
| १. | धान | नौथर, शेरा, भार्लेटार, भोटेवडार, सोतीपसल, चक्रतीर्थ, चिती | ७ |
| २. | मकै | वाग्लुङपानी, घनपोखरा, भार्ते, बिचौर, भोर्लेटार, ईशानेश्वर, गिलुङ | ७ |
| ३. | आलु | बाँभ्काखेत, खुदी, भुलभुले, इलमपोखरी, दूधपोखरी, नाल्मा | ६ |
| ४. | सुन्तला | भोर्लेटार, सुन्दरबजार, पुरानकोट, उदिपुर, चण्डीस्थान, चिती, खुदी, सिम्पानी, भुलभुले, गाउँशहर, बाँभ्काखेत, भार्ते, चक्रतीर्थ | १३ |
| ५. | तरकारी | गाउँशहर, बेसीशहर, बाँभ्काखेत, सुन्दरबजार, भोटेवडार, खुदी, चक्रतीर्थ, धमिलीकुवा, भोर्लेटार, सोतीपसल | ७ |
| ६. | तेलहन | भोर्लेटार, बाँभ्काखेत, सुन्दरबजार, चिती, गाउँशहर, हिलेटक्सार | ६ |
| ७. | दलहन | बेसीशहर, भोर्लेटार, बाँभ्काखेत | ३ |
| ८. | कफी | सोतीपसल, सुन्दरबजार, समिभञ्ज्याङ, परेवाडाँडा, दुराडाँडा, भार्ते, चक्रतीर्थ, बिचौर | ८ |
| ९. | अलैंची | बाँभ्कखेतको खाचे, घनपोखरा, भुलभुलेको छिनखोला, ताघ्रिङ, इलमपोखरी, दूधपोखरी, भोजे, पसगाउँ, बिचौर | १० |
| | हलेदो | कोल्की, इलमपोखरी, चक्रतीर्थ, भलायखर्क, बिचौर, धमिलीकुवा, परेवाडाँडा, सुन्दरबजार, दुराडाँडा, तार्कुघाट | १० |
| १०. | चिया | घनपोखरा, उत्तरकन्या, भुजुङ, गौंडा, इलमपोखरी, दूधपोखरी | ६ |
| ११. | अदुवा | गिलुङ, इशानेश्वर, भोर्लेटार, करापु, परेवाडाँडा, सुन्दरबजार, गाउँशहर, बाँभ्कखेत, घेर्मु, नौथर, चिती, बेसीशहर | ११ |
| १२. | च्याउ | सुन्दरबजार, भोटेवडार, बेसीशहर, गाउँशहर, रम्घा | ५ |
| १३. | माछा | धमिलीकुवा, चक्रतीर्थ, सुन्दरबजार, तार्कु, भोर्लेटार, बेसीशहर | ६ |

*स्रोत: जि.कृ.वि.का., २०७०*

### २.१०.४ कृषि क्षेत्र तथा सिंचाइ क्षेत्रका समस्या तथा चुनौतिहरू

मूलभूतरुपमा परम्परागत पद्धतिमा आधारित जिल्लाको कृषि प्रणालीलाई व्ययवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु जिल्लाको कृषि क्षेत्रको प्रमुख चुनौति हो । लागि जिल्लामा पर्याप्त सम्भावना भए पनि कृषि क्षेत्रमा विभिन्न समस्याहरू रहेका देखिन्छन् । केही प्रमुख समस्याहरू निम्नअनुसार छन् :

- ***भूउपयोग योजनाको कमीः*** खेतीयोग्य जमिन बाँझो रहनु र खेतीयोग्य टार, जमिनमा अव्यवस्थित वस्ती विकास हुनु वर्तमान समयमा कृषि क्षेत्रको एउटा प्रमुख समस्याको रुपमा रहेको देखिन्छ। खेतीयोग्य जमिनमध्ये करिब १० प्रतिशत जमिन अर्थात् १६७९९ हेक्टर (३,३०,२०९।५६ रोपनी) बाँझो रहेको छ। भूउपयोग योजनाको अभावका कारण विभिन्न खेतीयोग्य टार तथा समथर जमिनहरू उदाहरणका लागि बेशीशहर, भोटेवडार, राइनासटार, बरेटार, रम्घाटार, भोर्लेटार, करापुटारमा तीव्र गतिमा अव्यवस्थित किसिमले नयाँ वस्तीहरू विकास भइरहेका छन्।
- ***सिंचाइः*** ठूला सिंचाइ आयोजनाहरू सञ्चालन गर्न ठूलो लगानीको आवश्यकता पर्ने हुनाले धेरै वर्ष लगाएर केही सिंचाइ आयोजनाहरू सञ्चालन हुने र सम्पन्न सिंचाइ आयोजनाहरू हस्तान्तरण भएपछि नियमित मर्मत संभार र उचित व्यवस्थापन हुन नसकी असमयमै पुननिर्माण गर्नुपर्ने अवस्था देखिन्छ। साथै एकातिर नयाँ क्षेत्रहरूमा सिंचाइ सुविधा विस्तार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ भने अर्कातिर पुराना सिंचाइ योजनाहरूका स्थानमा पूर्ण रुपमा नयाँ सिंचाइ योजना निर्माण गर्नुपर्ने अवस्था देखिन जाँदा सीमित बजेटले आवश्यक सबै सिंचाइ सुविधा उपलब्ध गराउन कठिन हुन गएको छ। कतिपय अवस्थामा सिंचाइ नहरहरू बन्द भइसकेको तर त्यस अनुसार तथ्यांक परिमार्जित गर्ने नगरिएको, समुदायद्वारा निर्मित तथा सञ्चालित कुलोको विवरण कृषि कार्यालयको तथ्यांकमा समावेश नहुने गरेको कारणसमेत सिंचित जमिनको यकिन तथ्यांक पनि उपलब्ध हुन सकिरहेको छैन। खेतीयोग्य जमिन भएका ठाउँका लागि पानीको स्रोत नहुनु तथा पानीको स्रोत भएका ठाउँमा खेतीयोग्य जमिन नहुनु तथा ठूला सिंचाइ योजनाहरू निर्माण गर्न पर्याप्त बजेटको अभाव हुनु सिंचाइ क्षेत्रको अर्को समस्याको रुपमा रहेको छ। सिंचाइ क्षेत्रका यी विभिन्न समस्याका कारण कृषि अधिकतम कृषि उत्पादन र उत्पादकत्व हासिल गर्न कठिन भएको छ।
- ***कृषिसम्बन्धी आधुनिक ज्ञान, सीप र कृषि प्राविधिकको कमी:*** कृषि कार्य ठूलो हदसम्म परम्परागत ज्ञान र सीपमा आधारित रही आएको छ। उचाइ तथा धरातीय विविधताले गर्दा अधिकतम फाइदा दिन सक्ने बालीको प्रकारमा ठाउँअनुसार सानो क्षेत्रभित्र पनि विविधता हुने परिवेश एकातिर विद्यामान छ भने अर्कातिर कुन बालीबाट अधिकतम फाइदा लिन सकिने हो अनुभवमा आधारित ज्ञान बाहेक कृषकमाझ अध्ययनअनुसन्धानमा आधाारित ज्ञान, सीपको अवस्था अत्यन्त न्यून रहेको छ। कृषिलाई व्यवसायिकरण गर्न कृषकहरूमा आवश्यक न्यूनतम ज्ञान र सीप जस्तै व्यवसायिक योजना तर्जुमा सम्बन्धी आवश्यक ज्ञान र सीपको कमी छ। यस पृष्ठभूमिका कृषि/प्राविधिकको सेवा पर्याप्त हुनु आवश्यक हुन जान्छ तर पहाडी भूबनोट भएको ठाउँमा एउटा कृषि सेवा केन्द्रबाट १२ वटासम्म गाविसमा सेवा दिनुपर्ने अवस्था छ जसका कारण पनि कृषि प्राविधकको सेवा कृषकको घरआँगनमाा पुग्न सकिरहेको छैन।
- **कृषि सामग्रीः** स्थानीय हावापानी सुहाउँदो उपयुक्त गुणस्तरका बीउबीजन, उपयुक्त समय र परिणाममा पहुँच हुनु जिल्लाभरिका सबै किसानमा लागि उत्तिकै आवश्यक भए पनि यसको सुनिश्चित गर्ने व्यवस्था रहेको छैन। यस्तै, कृषिमा संलग्न हुने श्रमिकको संख्या निरन्तर घटिरहेको अवस्थामा थोरै स्थानीय भूगोल सुहाउँदो प्रभावकारी आधुनिक कृषि औजार तथा उपकरणहरू विकास विस्तार हुन सकेको छैन। जिल्ला कृषि विकास कार्यालयले केही संख्यामा पावल ट्रेलरहरू ल्याई विस्तार गर्न प्रयास गरेको देखिन्छ। तर यसले सफलता प्राप्त गर्न सकेको देखिँदैन। परम्परागत कृषि प्रणालीमा बढी मेहनत गर्नुपर्ने तर वर्तमानमा मानिसहरूको चासो थोरै मेहनतमा बढी उपलब्धी खोज्ने भएकाले कृषिमा यान्त्रिकरण गर्नुपर्ने खाँचो रहेको छ तर कृषिमा यान्त्रिकरण हुन सकिरहेको छैन।
- **प्रतिफलको अनिश्चितताः** कृषि क्षेत्रमा जलवायुको अनिश्चितता, अन्य प्राकृतिक जोखिम, कीटपतंगलगायतका कारणले प्रतिफलमा अनिश्चितता सधैं रहिआएको छ। कृषि क्षेत्रका यस्ता जोखिमका कारण विद्यमान कृषकहरू पटक पटक दोहोरिरहने उत्पादनको गिरावटले निराश हुनुपर्ने स्थिति रहेको छ भने नवयुवाहरूलाई कृषि क्षेत्रले आकर्षिक गर्न सकिरहेको छैन।
- **बजारः** कृषि उपजले बजार र उपयुक्त मूल्य प्राप्त गर्न अनेकन् कठिनाइहरू रहेका छन्। कृषी उपज संकलन तथा भण्डारण केन्द्रहरूको अभाव, चर्को ढुवानी भाडा, बाह्य उत्पादनसँग प्रतिस्पर्धा, बिचौलियाको हस्तक्षेप लमजुङ जिल्लामा कृषिबजार सम्बन्धी प्रमुख समस्या हुन्।

### २.१०.५ कृषि क्षेत्र तथा सिंचाइ क्षेत्रका अवसर तथा सम्भावनाहरू

जिल्लामा कृषि तथा सिंचाइ क्षेत्रको विकास विस्तार गर्ने पर्याप्त सम्भावनाहरू रहेका छन्। पहाडी भूभाग भइकन पनि जिल्लाको खेतीयोग्य जमिनको उल्लेख्य हिस्सा जमिन खेतीयोग्य जमिन छ। उपयुक्त हावापानीका कारण विभिन्न किसिमका बालीहरूको व्यवसायिकरण गर्न सकिने सम्भावना रहेको छ। जिल्लाका

बाँझाखेत, इलमपोखरी, गौंडा, दूधपोखरी, भोर्ले, भुलभुले, खुदी, मालिङ, घनपोखरा, पसगाउँलगायतमा अलैंची खेतीले व्यवसायिक रुप लिइरहेको स्थिति छ। जिल्लाका हरेक गाउँगाउँमा ग्रामीण सडकहरू विस्तार भइरहको हुँदा कृषिमा पहुँच र कृषि वस्तुको बजारीकरणका लागि सहज स्थिति निर्माण भइरहेको छ। पर्याप्त संख्यामा फाँट र टारहरू नदी किनारमा भएकाले सिंचाइ सुविधा विस्तार गर्न सकिने सम्भावना छ। साना सिंचाइको बजेट निरन्तर वृद्धि भइरहेकाले साना साना पकेट क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्न सकिने सम्भावना बढ्दै गएको छ।

## २.११ पशुपालन (Livestock Raising)

पशुपालन व्यवसायले मासु, दूध, अण्डाजस्ता पौष्टिक खाद्यको आपूर्ति मार्फत् मानव स्वास्थ्यको संवर्द्धन तथा पशु एवम् पशुजन्य उत्पादनको बिक्रीमार्फत् कृषिमा आश्रित समुदायमा आम्दानीको महत्वपूर्ण स्रोतको रुपमा रहने गर्दछ। मूलतः जीवननिर्वाहमुखी कृषिमा आधारित समुदायमा पशुपालन अर्थतन्त्रको अर्को एक महत्वपूर्ण क्षेत्र हो। लमजुङ जिल्लामा पशुपालनको ठूलो सम्भावना रहेको छ। व्यवसायिक पशुपालनको विकास प्रारम्भिक अवस्थामा रहेको छ। जिल्लामा कृत्रिम गर्भाधानका लागि चार स्थान (बेसीशहर, सुन्दरबजार, चक्रतीर्थ, खुदी) मा कुल सात जना प्राविधिकले सेवा प्रदान गरिरहेका छन्। जिल्लाभरिमा गरी आ.व. २०६८/६९ मा ३२६ गाई र ४७ भैंसीको कृत्रिम गर्भाधान गरिएको थियो। व्यवसायिक पशुपालनका लागि आवश्यक पर्ने पूर्वाधारको विकास पनि सीमित मात्रामा भएको छ। यसअन्तर्गत चिस्यान केन्द्र स्थापना, व्यवसायिक फर्महरूको सुदृढीकरण, डेरी तथा मासु पसलहरू स्थापना/सुदृढीकरण पर्याप्त मात्रामा हुन सकेको छैन। जिल्लाको एक प्रमुख पशुपालन व्यवसाय भेडाको वृद्धिदर घट्दो अवस्थामा रहेको छ। पशुपालन अन्तर्गत मूलतः गाईगोरु, भैंसीराँगो, बाखाबोका, भेडाथुमा, सुंगुरबंगु, कुखुरा, हाँस, खरायो, घोडाखच्चड पालन गर्ने गरिएको पाइन्छ। जिल्लामा पशुवस्तुको संख्यात्मक स्थिति निम्नअनुसार छः

**तालिका-२४**

**लमजुङ जिल्लामा पशुको संख्या, २०६९/२०७०**

| क्र.स. | पशुवस्तु | | स्थानीय | वर्णशंकर | उन्नत | कुल |
|---|---|---|---|---|---|---|
| १ | गाईगोरु | संख्या | ३४२५१ | ५४६ | २७० | ३५०६७ |
| | | प्रतिशत | ९७.७ | १.६ | ०.८ | १००.० |
| २ | भैंसी, राँगो | संख्या | ४३२५० | ४६३५ | ७०२ | ४८५८७ |
| | | प्रतिशत | ८९.० | ९.५ | १.४ | १००.० |
| ३ | बाखा, बोका | संख्या | ८७५०६ | ६३४६ | ६०२७ | ९९८७९ |
| | | प्रतिशत | ८७.६ | ६.४ | ६.० | १००.० |
| ४ | भेडा, थुमा | संख्या | १५८७८ | ० | ० | १५८७८ |
| | | प्रतिशत | १०० | | | १०० |
| ५ | सुंगुर, बंगुर | संख्या | ४७५१ | २७३ | १३३२ | ६३५६ |
| | | प्रतिशत | ७४.७ | ४.३ | २१.० | १००.० |
| ६ | खरायो | संख्या | | | १८३ | १८३ |
| | | प्रतिशत | | | १०० | १०० |
| ७ | घोडा, खच्चड | संख्या | ५२७ | | ० | ५२७ |
| | | प्रतिशत | १०० | | | १०० |

*स्रोतः जि.प.से.का., २०७०*

जिल्ला उन्नत जातका पशुपालनको प्रवृत्ति अत्यन्त न्यून देखिन्छ। जिल्लाका कुल गाईगोरुमध्ये स्थानीय जातका गाईगोरु करिब ९८ प्रतिशत रहेको देखिन्छ भने वर्णशंकर जातका गाईगोरु १.६ प्रतिशत र उन्नत जातका गाईगोरु ०.८ प्रतिशत मात्र रहेको देखिन्छ। यस्तै कुल भैंसी, राँगाको संख्यामा स्थानीय जातका भैंसी, राँगा ८९ प्रतिशत रहेको देखिन्छ भने वर्णशंकर तथा उन्नत जातका भैंसीराँगा क्रमशः ९.५ र १.४ प्रतिशत रहेको देखिन्छ। यसर्थ उपलब्ध तथ्यांकबाट जिल्लामा गाईभैंसी पालनले व्यवसायिक रुप लिन सकेको देखिँदैन। गाईभैंसीका तुलनामा उन्नत बाखाबोका पालन गर्ने कृषक संख्यात्मक तथा प्रतिशत दुवै हिसाबले उच्च रहेको देखिन्छ। जिल्लाका कुल ८७५०६ बाखाबोकामध्ये ८७.६ प्रतिशत बाखाबोका स्थानीय जातका रहेका देखिन्छन् भने वर्णशंकर र उन्नत जातका बाखाबोका क्रमशः ६.४ र ६ प्रतिशत रहेको देखिन्छ। जिल्लामा कुल सुंगुर,

बंगुरको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ तर कुल सुंगुर, बंगुरमध्ये उन्नत जातका सुंगुर बंगुर अन्य जनावरको तुलनामा उच्च (२१ प्रतिशत) रहेको देखिन्छ ।

जिल्लामा पक्षी व्यवसायअन्तर्गत खासगरी कुखुरा र हाँसपालन व्यवसाय देखिन्छ। जिल्लामा यी दुई पक्षीको संख्यात्मक स्थिति देहायअनुसार छः

**तालिका-२५**

**लमजुङ जिल्लामा घरपालुवा पक्षीको संख्या, २०६८/२०६९**

| क्र.स. | पशुवस्तु | | स्थानीय | लेयर्स | ब्रोइलर्स | ड्युल | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | कुखुरा | संख्या | १४००००.० | १०२००.० | २२०००.० | ६८००.० | १७९०००.० |
| | | प्रतिशत | ७८.२ | ५.७ | १२.३ | ३.८ | १००.० |
| २ | हाँस | संख्या | १८८.० | | | | ४८६.० |
| | | प्रतिशत | ३८.७ | | | | १००.० |

*स्रोतः जि.प.से.का., २०७०*

हाँसपालनले व्यवसायिक रुप लिन सकेको देखिँदैन सीमित संख्यामा स्थानीय हाँस मात्र पाल्ने गरिएको देखिन्छ। कुखुरापालनले व्यवसायिक रुप लिन सुरु गरेको देखिन्छ। जिल्लाभरिका कुखुरामध्ये ७८ प्रतिशत स्थानीय कुखुरा रहेका देखिन्छ भने लेयर्स, ब्रोइलर्स र ड्यूल कुखुराले कुल कुखुराको बाँकी २२ प्रतिशत ओगटेको देखिन्छ ।

### २.११.१ जिल्लामा पशुदानाको कारोबार

जिल्लामा पशुदाना बिक्री गर्ने पसलहरू पाँच गाविसमा केन्द्रित छन्। जिल्ला पशु सेवा कार्यालय, लमजुङद्वारा तयार गरिएको वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, २०६८/०६९ अनुसार जिल्लामा बंगुरको दाना बिक्री हुने गरेको पाइँदैन भने गाईभैंसीको दाना १९ मे.टन मात्र बिक्री भएको देखिन्छ। जिल्लाभरिमा दानाको कारोबार आ.व. २०६८/६९ मा रु. ३,५३,००० बराबर मात्र भएको देखिन्छ। जिल्लामा पशुदानाको बिक्रि परिमाणमा भएको न्यूनताले पनि जिल्लामा पशुपालन व्यवसायीकरण हुन नसकेको संकेत गर्दछ ।

**तालिका-२६**

**लमजुङ जिल्लामा पशुदाना कारोबार, २०६८/२०६९**

| गाविस | वार्षिक कारोबार परिमाण (मे.टन) | | | वार्षिक कारोवार (रु. हजारमा) | लाभान्वित कृषक संख्या |
|---|---|---|---|---|---|
| | कुखुराको दाना | गाईभैंसीको दाना | बंगुरको दाना | | |
| सुन्दरबजार | १२० | ० | ० | ३६ | १२० |
| बेसीशहर | ७०५ | १९ | ० | २१९ | ७२५ |
| उदीपुर | ७५ | ० | ० | २३ | ७० |
| चक्रतीर्थ | २० | ० | ० | ६ | ३० |
| गाउँशहर | २३० | ० | ० | ६९ | २०० |
| कुल | ११५० | १९ | ० | ३५३ | ११४५ |

*स्रोतः वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, आ.व. २०६८/०६९, जिल्ला पशु सेवा कार्यालय, लमजुङ*

### २.११.२ पशुजन्य पदार्थको निकासी, पैठारी

जिल्लामा पशु एवम् पशुजन्य पदार्थको सामान्य निकासी पैठारीको स्थिति अध्ययन गर्दा समग्रमा निकासी उच्च र पैठारी न्यून रहेको देखिन्छ। राँगो, भैंसी, बोका, बाखा तथा तयारी लेयर्स कुखुरा निकासीभन्दा पैठारी बढी देखिन्छ यद्यपि पर्याप्त पैठारी हुन सकेको देखिँदैन। गाई, भैंसी, बाखापालनको प्रचूर सम्भावना भएको यस जिल्लाभरिबाट राँगो, भैंसी ११५ वटा, बोका, बाखा १८० वटा मात्र बढी निकासी हुनु तथा गाई, साँढेको निकासीभन्दा पैठारी बढी हुनुले जिल्लामा पशुपालनले व्यवसायिकता प्राप्त गर्न सकेको देखिँदैन। यस्तै, बंगुर, सुंगुर तथा तयारी ब्रोइलर कुखुरासमेत ठूलो मात्रामा पैठारी हुनुले समेत यस तथ्यलाई थप बल प्रदान गर्दछ ।

**तालिका-२७**
**पशुजन्य पदार्थको निकासी, पैठारी, २०६८/२०६९**

| क्र.स. | विवरण | एकाइ | पैठारी परिमाण (वटा) | निकासी परिमाण (वटा) | सन्तुलन स्थिति |
|---|---|---|---|---|---|
| | प्रजननका लागि | | | | |
| १ | गाई, साँढे | वटा | २०६.० | १५.० | -१९१.० |
| २ | राँगो, भैंसी | वटा | | ११५.० | ११५.० |
| ३ | बोका, बाखा | वटा | १२५.० | ३०५.० | १८०.० |
| ४ | बंगुरका पाठापाठी | वटा | १५०.० | १००.० | -५०.० |
| ५ | चल्ला | वटा | ३९०००.० | १५०००.० | -२४०००.० |
| ६ | अण्डा | वटा | १२४५०००.० | ५३१०००.० | -७१४०००.० |
| | मासुका लागि | | | | |
| ६ | राँगो, भैंसी | वटा | | ६५.० | ६५.० |
| ७ | बोका, खसी, बाखा | वटा | १२५.० | ३०५.० | १८०.० |
| ८ | बंगुर, सुंगुर | वटा | १५०.० | १००.० | -५०.० |
| ९ | तयारी, ब्रोइलर | वटा | २३०००.० | ३०००.० | -२००००.० |
| १० | तयारी लेयर्स | वटा | ३५००.० | ७५००.० | ४०००.० |

*मूलस्रोत: वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, आ.व. २०६८/०६९, जिल्ला पशु सेवा कार्यालय, लमजुङ*

### २.११.३ पशुपालन पकेट क्षेत्र

जिल्लामा व्यवसायिक पशुपालनको लागि उपयुक्त आधारहरूको पहिचान गरी विभिन्न पशुवस्तुका लागि जिल्ला पशु सेवा कार्यालयले विभिन्न पकेट क्षेत्रहरू पहिचान गरेको छ, जुन निम्नप्रकार छ:

**तालिका-२८**
**लमजुङ जिल्लामा पशुपालन पकेट क्षेत्र, २०६८/२०६९**

| क्र.सं. | पशुको जात | पकेट क्षेत्रहरू | गाविस संख्या |
|---|---|---|---|
| १. | गाई | बेसीशहर, बाँझखेत, भलायखर्क, भोर्लेटार, सुन्दरबजार, ईशानेश्वर, चन्द्रेश्वर, दुराडाँडा, धुसेनी | ९ |
| २. | भैंसी | गाउँशहर, अर्चलबोट, सुन्दरबजार, चक्रतीर्थ, भोर्लेटार, जिता | ६ |
| ३. | भेंडा | घेर्मु, फलेनी, उत्तरकन्या, घनपोखरा, पाचोक | ५ |
| ४. | बाखा | अर्चलबोट, भुलभुले, ताग्रिङ, चक्रतीर्थ, श्रीभञ्ज्याङ, उत्तरकन्य, चिती, हिलेटक्सार, वाग्लुङपानी, बाँझाखेत, दुराडाँडा | ११ |
| ५. | बंगुर | भोर्लेटार, धमिनीकुवा, बेसीशहर, खुदी | ४ |
| ६. | कुखुरा | सुन्दरबजार, बेसीशहर, गाउँशहर | ३ |
| ७. | घाँसेबाली | चिती, खुदी, बांग्रे, धमिलीकुवा, अर्चलबोट | ५ |

*स्रोत: वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, आ.व. २०६८/०६९, जिल्ला पशु सेवा कार्यालय, लमजुङ*

### २.११.४ इलाकाअनुसार एग्रोभेटको वितरण

आधुनिक व्यवसायिक पशुपालन गर्न एग्रोभेटको सुविधा अत्यन्त आवश्यक रहन जान्छ। सामान्यतया आधुनिक पशुपालनसँग एग्रोभेटको विस्तारको सकारात्मक सहसम्बन्ध समेत रहेको हुन्छ। एग्रोभेटको वितरणले सम्बन्धित क्षेत्रमा आधुनिक पशुपालन व्यवसायको विकासको संकेत गर्दछ भने एग्रोभेट सुविधा नभएको क्षेत्रलाई

आधुनिक पशुपालनका लागि व्यवसायिक पशुपालनका लागि आवश्यक पूर्वाधार नभएको क्षेत्रका रुपमा समेत लिन सकिन्छ। लमजुङ जिल्लामा विभिन्न ११ इलाकामा एग्रोभेटको वितरणको स्थिति निम्नअनुसार रहेको छः

**तालिका-२९**

**इलाकाअनुसार एग्रोभेटको वितरण**

| इलाका नं. | एग्रोभेट संख्या | लाभान्वित कृषक | लाभान्वित कृषक प्रतिशत |
|---|---|---|---|
| १ | ९ | १५६७५ | ५६ |
| ३ | ८ | ४६४५ | १७ |
| ११ | ७ | २८१० | १० |
| ५ | ३ | १५०० | ५ |
| ४ | २ | १००० | ४ |
| ६ | १ | १००० | ४ |
| १० | २ | ३२० | १ |
| ७ | १ | २५० | १ |
| ८ | १ | ३०० | १ |
| ९ | १ | १०० | ० |
| २ | १ | २०० | १ |
| **कुल** | **३६** | **२७८००** | **१००** |

*स्रोतः वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, आ.व. २०६८/०६९, जिल्ला पशु सेवा कार्यालय, लमजुङ*

जिल्लामा पशु औषधी पसलहरू इलाका नं. १, ३ र ११ मा केन्द्रित रहेको देखिन्छ . जिल्लाका कुल ३६ वटा पशुऔषधी पसलहरूमध्ये २४ वटा पसल (६६ प्रतिशत) पसल यी तीन इलाकामा केन्द्रित रहेका देखिन्छन्। यस्तै, पशु औषधी पसलबाट सेवा प्राप्त गर्ने कुल कृषकहरूमध्ये ८३ प्रतिशत कृषकहरू यी तीन इलाकाबाट सेवा प्राप्त गरेको देखिन्छ। इलाका नं. ९, २, ८, ७ १०, ४ मा औषधी पसलको सेवा प्राप्त गर्ने जनसंख्या अत्यन्त न्यून देखिन्छ।

एग्रोभेटको वितरणको स्थिति अध्ययन गर्दा अधिकांश इलाकाहरू (इलाका नं. २, ९, ८, ७, ६, ४, १० र ५) मा पशुपालन मूलतः परम्परागत ढंगमा गरिएको संकेत गर्दछ भने इलाका नं. १, ३ र ११ मा व्यवसायिक पशुपालन सुरु भएको संकेत गर्दछ।

### २.११.५ इलाका तथा गाविसअनुसार पोल्ट्रीफार्म

पोल्ट्रीफार्मको विकास प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित क्षेत्रको आर्थिक विकाससँग सम्बन्धित हुन्छ। लमजुङ जिल्लामा पोल्ट्रीफार्म खासगरी गाउँशहर गाविसमा केन्द्रित भएको देखिन्छ । जिल्लाका २५ वटा पोल्ट्रीफार्ममध्ये १३ वटा (५२ प्रतिशत) पोल्ट्रीफर्म गाउँशहर गाविसमा मात्र केन्द्रित भएको देखिन्छ । अन्य गाविसमा पोल्ट्रीफर्मको उल्लेख्य विकास हुन सकेको देखिँदैन।

**तालिका-३०**

**इलाका तथा गाविसअनुसार पोल्ट्रीफार्म**

| निर्वाचन क्षेत्र नं. १ | | | निर्वाचन क्षेत्र नं. २ | | |
|---|---|---|---|---|---|
| इलाका | गाविस | पोल्ट्री फार्म संख्या | इलाका | गाविस | पोल्ट्री फार्म संख्या |
| **७** | | **१** | **१** | | **१६** |
| | सिम्पानी | १ | | बेसीशहर | ३ |
| **८** | | **१** | | गाउँशहर | १३ |
| | बाँभ्फाखेत | १ | **२** | | **२** |
| **११** | | **४** | | चण्डीस्थान | २ |
| | भलायखर्क | २ | **४** | | **१** |
| | चक्रतीर्थ | १ | | तान्द्राडटक्सार | १ |
| | तार्कुघाट | १ | | | |
| | **निर्वाचन क्षेत्र नं. १** | **६** | | **निर्वाचन क्षेत्र नं. २** | **१९** |
| | **जिल्लामा जम्मा एग्रोभेट संख्याः २५** | | | | |

*स्रोतः वार्षिक प्रोफाइलसहितको प्रगति प्रतिवेदन, २०६८/०६९, जि.प.से.का., लमजुङ*

### २.११.६ पशुजन्य उत्पादन

जिल्लामा पशुपालन व्यवसायबाट मूलतः दूध, मासु, अण्डा र ऊन उत्पादन हुने गरेको छ । व्यवसायिक उद्देश्यका हिसाबले दूध उत्पादन अधिकांश कृषकहरूको पहिलो प्राथमिकतामा परेको देखिन्छ । यसपछि क्रमशः मासु, अण्डा र ऊनका लागि पशुपालन भएको देखिन्छ । जिल्लाको पशुजन्य उत्पादनको स्थिति निम्नअनुसार रहेको देखिन्छ ।

**तालिका-३१**
**लमजुङ जिल्लामा पशुजन्य उत्पादन, २०६८/२०६९**

| पशुजन्य उत्पादन | इकाइ | आ.व. २०६८/२०६९ |
|---|---|---|
| दूध उत्पादन | मे.टन | १४७८४ |
| मासु उत्पादन | मे..टन | ३०४१ |
| अण्डा उत्पादन (वटा) | हजार | ४६७१ |
| ऊन उत्पादन | मे.टन | ६.३ |

### २.११.७ पशुपालन क्षेत्रका समस्या तथा चुनौतिहरू

जिल्लामा विद्यमान परम्परागत पशुपालन व्यवसायलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गर्नु पशुपालन क्षेत्रको प्रमुख चुनौतिका रुपमा रहेको छ । यस चुनौतिको सामना गर्न मुख्यतया निम्नअनुसार समस्याहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ :

***बजार तथा उपयुक्त मूल्यको सुनिश्चितताको कमी:*** प्रथमतः पशुपालनले व्यवसायिकरण ग्रहण गरिसकेको देखिँदैन । यसका अलावा केही उत्साही कृषकहरूले व्यवसायिक पशुपालन सुरु गर्ने प्रयत्न गरे पनि पशुजन्य उत्पादनले उपयुक्त बजार र मूल्य पाउन नसक्दा व्यवसायिकरणतर्फ सुरु हुन लागेको लहर बीचैमा तुहिन गएको देखिन्छ । भलायखर्क तथा धमिलीकुवा गाविसमा २५ घरभन्दा बढीले व्यवसायिक गाईपालन सुरु गरेको र त्यसक्रममा देखिएका समस्या अध्ययन गर्दा यसतर्फ संकेत गर्दछ ।

***गुणस्तरीय पूर्वाधारको कमी:*** जिल्लामा सडक विस्तार व्यापक मात्रामा भएको छ तर गुणस्तर कमजोर रहेको छ । यसका कारण अधिकांश सडक मौसमी छन्, वर्षभरि नियमित सञ्चालन हुँदैनन् । यसका कारण खासगरी उत्पादित दूधले बजार पाउन कठिन रहेको छ ।

***अपर्याप्त चरन क्षेत्र तथा उन्नत घाँस खेतीको कमी:*** व्यवसायिक रुपमा पशुपालन गर्न पर्याप्त चरन, उन्नत घाँस तथा पर्याप्त दानाको नियमित आपूर्ति हुनु आवश्यक छ । नियमित दानाको खरिद मध्यम तथा गरिब घरपरिवारको लागि कठिन हुन जान्छ । बस्ती विकास र बजारीकरण खासगरी जिल्लाका फाँट, टार तथा सडकरेखाको आसपासको क्षेत्रमा केन्द्रित हुँदै गएको छ । पशुपालनका लागि छुट्टै चरिचरणको व्यवस्था गर्ने गरिएको छैन । पर्याप्त मात्रामा उन्नत घाँस खेती हुन नसकिरहेको कारण व्यवसायिक पशुपालनका लागि पर्याप्त चरन क्षेत्र तथा उन्नत घाँसको कमी रहेको छ ।

***सुलभ पशुसेवाको कमी:*** व्यसायिक पशुपालनका लागि सुलभ पशुसेवाको आवश्यकता पर्दछ । जिल्लाभरिमा कुल ३६ वटा एग्रोभेट भएकोमा २४ वटा (६६ प्रतिशत) इलाका नं। १, ३ र ७ मा मात्र केन्द्रित रहेको देखिन्छ (तालिका-३०)। बाँकी ८ वटा इलाकामा १२ वटा मात्र एग्रोभेट देखिन्छ (तालिका-३०) । जिल्ला पशु सेवा कार्यालयको तथ्यांकअनुसार जिल्लाभरिमा तालिमप्राप्त पशु स्वास्थ्य कार्यकर्ताको संख्या १४५ जना रहेकोमा ४५ जना मात्र सक्रिय रहेका र २२ जनाले पसल सञ्चालन गरिरहेका छन् । तालिमप्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको ठूलो हिस्सा (७० प्रतिशत) निष्क्रिय रहेको अवस्थाले सहभागी छनोट र समग्र तालिमलाई बढी नतिजामुखी बनाउनुपर्ने देखिन्छ ।

***पशुजन्य उत्पादन संकलन केन्द्रहरूको कमी:*** जिल्लामा पशुपालनको व्यवसायिक उद्देश्यका हिसाबले दूध उत्पादन अधिकांश कृषकहरूको पहिलो रोजाइका रुपमा रहेको देखिन्छ तर उत्पादित दूध संकलन गरी बजारसम्म पुऱ्याउने र किसानलाई उचित मूल्य प्रदान गर्ने संयन्त्रको पर्याप्त विकास भएको देखिँदैन ।

### २.११.८ पशुपालन क्षेत्रका अवसर र संभावनाहरू

जिल्लामा विद्यमान परम्परागत पशुपालन पद्धतिलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गर्न पर्याप्त अवसर र सम्भावना रहेका छन् । विगतका प्रयासका कारण डेरी तथा मासु पसलहरूको स्थापना, विस्तार, सुधार भइरहेको छ । डालेघाँसको खेती गरी उपयुक्त उत्पादन गर्न सकिने अवस्था छ । जिल्लाका अधिकांश

गाविसमा सडक यातायात विस्तार भइरहेको छ । केही भूभागमा कृषकहरू आधुनिक नश्लका पशुपालनप्रति आकर्षित भइरहेका छन् । दीर्घकालीन कृषि रणनीति एवम् आवधिक योजनाहरूअनुरुप कार्यक्रम तर्जुमा र कार्यान्वयन भइरहेका छन् । जिल्लाको उत्तरी भेगमा भेडापालनको राम्रो सम्भावना छ, हाल १०० वटा भेडी गोठमा २५००० भन्दा बढी भेडाबाखापालन भइरहेको छ ।

## २.१२ वन क्षेत्र

लमजुङ जिल्ला एवम् नेपालकै प्राकृतिक स्रोतहरूमध्येमा एक प्रमुख प्राकृतिक स्रोतको रुपमा वन क्षेत्र रहेको छ। पर्यावरणीय महत्वका कारण वन क्षेत्र भूउपयोगको एक महत्वपूर्ण हिस्सा हो । उद्योग, सेवा तथा व्यापार क्षेत्रको पर्याप्त विकास नभएको अर्थतन्त्र तथा कृषिमा आधारित ग्रामीण जनजीवनको लागि वनजन्य स्रोत जीविकोपार्जनको महत्वपूर्ण हिस्सा हुने गर्दछ । नेपाल जीवनस्तर सर्भेक्षण २०११ अनुसार नेपालमा कुल २५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको र जसमध्ये ७० प्रतिशत वनस्रोतमा आश्रित रहेका छन् । हालको समयमा आएर विश्वव्यापी उष्णता तथा जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपको आवृत्ति तथा प्रवृत्तिमा व्यापक परिवर्तन आएको र पर्यावरणीय सन्तुलन कायम गर्नु अपरिहार्य हुँदै गएको सन्दर्भमा वन क्षेत्रको महत्व दीगो विकासका लागि समेत अझ बढी महत्वपूर्ण हुन गएको छ ।

लमजुङ जिल्ला वन क्षेत्रको विविधताका दृष्टिकोणले धनी जिल्लाको रुपमा रहेको छ । वनले ढाकेको क्षेत्रफलका हिसाबले लमजुङ जिल्लाको कुल क्षेत्रफलमध्ये ६६,२१६ हेक्टर अर्थात् ३९.१ प्रतिशत भूमि वनजंगलले ढाकेको छ। लमजुङ जिल्ला जैविक विविधताका दृष्टिकोणले धनी जिल्लाको रुपमा रहेको छ । यस जिल्लाको ६६,२१६ हेक्टर वन क्षेत्रमा नेपालमा पाइने सबै प्रकारका वनका साथै महत्वपूर्ण जडिबूटी तथा वन पैदावरहरूसमेत पाइन्छ जुन निम्नअनुसार छः

### २.१२.१ जडिबूटी तथा लघु वन पैदावार

जिल्लामा पाइने प्रमुख जडिबूटीमा लौठसल्ला, पिप्ला, मजिठो, निरमसी, कुट्की, नागबेली पाउडर, पदमचाल, सुगन्धवाल, विष, चिराइतो, इन्द्रेणीको बीयाँ, तेजपात, मुसली, झ्याउ, सिलाजीत, वन लसुन, दालचिनी, कुरिलो, पाँचऔंले, यार्सागुम्बा, सतुवा, जटामसी, गच्चीच्याउ, गुर्जो, गुजरगानो, जिवन्ती, पाखनवेदन, कुकुरतरुल, भीर मौरीको मह प्रमुख छन् । यी जडिबूटीहरू मुख्यतया फलेनी, भूलभूले, बाहुनडाँडा, ढोडेनी, घेर्मु, ताघ्रिङ, बन्सार बाँझाखेत, गिलुङ, दूधपोखरी, इलमपोखरी, खुदी, भुजुङ, भोजे, उत्तरकन्या, पसगाउँ, बिचौर घनपोखरा, पाचोक गाविसमा जडिबूटी पाइन्छ । जिल्लामा पाइने लघुपैदावारहरूमा निगालो, लोक्ता, भोर्ला, अम्रिसो प्रमुख रहेका छन् ।

### २.१२.२ वन्यजन्तु/पशुपक्षी

जिल्लाको वनमा विभिन्न प्रजातिका स्तनधारी जनावर, पक्षी, सरिसृप, उभयचर, माछा तथा कीरा पाइन्छन् जुन निम्न प्रकार छन् :

**तालिका-३२**
**जिल्लाका प्रमुख जीवजन्तु र त्यसअन्तर्गतका प्रजाति**

| जीवजन्तु | प्रजाति |
|---|---|
| स्तनधारी (Mammals) | चितुवा, बँदेल, भालु, घोरलु, हिउँ चितुवा, स्याल, दुम्सी, खरायो, छुचुन्द्रो, चमेरो, चरी बाघ, लंगुर, थार, कस्तुरी मृग, रतुवा, बाँदर, वन बिरालो, लोखर्के, फ्याउरो, मलसाँप्रो, न्याउरी मुसा, झारल, नाउर |
| पक्षी (Birds) | ढुकुर, जुरेली, डाँफे, मुनाल, कुथुर्के, लाटोकोसेरो, हुचिल, कोकले, फिस्टो, तित्रा, कालिज, मैना, लामपुच्छ्रे, काग, सुगा, चिल, पानीहाँस, बकुल्ला |
| सरिसृप (Reptiles) | छेपारो, धामन, हर्‍यौ, गोहोरो, माउसुली |
| उभयचर | भ्यागुतो, पाहा |
| माछा | असला, कत्ला, कत्ले, गड्यौला माछा, बाम, बुदुना, सहर, सिङ्घे |
| कीरा | भीर मौरी, अरिंगाल, जुका, जुनकीरी, गँगटो, माहुरी, कुलाकोटी, गड्यौला, फट्यांग्रा, माकुरो |

*स्रोतः सामुदायिक वन विकास कार्यक्रम, प्रगति प्रतिवेदन जिल्ला वन कार्यालय, २०६८*

### २.१२.३ जिल्लामा उपलब्ध वनको प्रकार

***जलवायुका आधारमा***

**उष्ण प्रदेशीय वन**:समुन्द्र सतहबाट १००० मिटरसम्मको उचाइ अर्थात् यस जिल्लाको खासगरी दक्षिणी भेगमा यस प्रकारको वन पाइन्छ । यस वनमा साल, साज, हर्रो, चिलाउने, कटुस, सिमल प्रजातिका रुखहरू पाइन्छन् ।

**उपोष्ण प्रदेशीय वन**: समुन्द्र सतहदेखि १००० मिटरदेखि २००० मिटरसम्मको उचाइको भूभागमा यस प्रकारको वन पाइन्छ । यस वनमा चिलाउने कटुस, उत्तीस आदि प्रजातिका वृक्ष पाइन्छन् ।

**समशीतोष्ण प्रदेशीय वन**: समुन्द सतहको २००० मिटरदेखि ३००० मिटरसम्मको उचाइमा यस प्रकारको वन पाइन्छ । यस प्रकारको वनमा उत्तिस, ओक, खस्रु, लालीगुराँस, चाँप, दार आदि प्रजातिका वनस्पति पाइन्छन् ।

**अर्धलेकाली वन**: समुद्र सतहदेखि ३००० देखि ४००० मिटरसम्मको उचाइको भूभागमा यस प्रकारको वन पाइन्छ । यस क्षेत्रमा स्प्रुस, गोब्रेसल्ला, फर, प्रजातिका वृक्षहरू पाइन्छन् ।

**लेकाली वन**: सामान्यतया समुद्र सतहदेखि ४००० मिटरभन्दा अग्लो भूभागमा यस प्रकारको वन पाइन्छ । यस क्षेत्रमा झाडी, पोथ्रा, पोथ्रीजस्ता साना वन पाइन्छन् ।

***आकार/गुणस्तर (physiognomy) का आधारमा***

वनको आकार तथा गुणस्तरका आधारमा लमजुङ जिल्लाको वनलाई वन क्षेत्र, चरन क्षेत्र तथा बुट्यान गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । नेपाल सरकार, नापी विभागअन्तर्गत सन् १९७८/७९ मा सञ्चालित भूस्रोत नक्सांकन परियोजना (LRMP) अनुसार लमजुङ जिल्लामा जिल्लाको कुल क्षेत्रफलको ३९ प्रतिशत अर्थात् ६६६७३.६ हेक्टर वन क्षेत्र रहेको छ । काठ, कार्बन संचिती, ऊर्जा तथा वन्यजन्तुको आश्रयस्थलका हिसाबले यो क्षेत्र महत्वपूर्ण रहेको छ । चरन/घाँसे भूमिको क्षेत्रफल १३.३ प्रतिशत अर्थात् २२,६२३ हेक्टर रहेको छ । यो क्षेत्र पशुपालन तथा पशुआहारा आपूर्तिका दृष्टिकोणले महत्वपुर्ण छ । बुट्यानले जिल्लाको कुल क्षेत्रफलमा १०।३ प्रतिशत भूभाग अर्थात् १७६४३ हेक्टर भूभाग ओगटेको छ ।

***संरचना तथा प्रजाति (Structure and life form) का आधारमा***

रुखको प्रजाति तथा संरचनाका आधारमा यस जिल्लामा कडा काठको वन, मिश्रित वन र कोणधारी वन पाइन्छ । कडा काठको वनमा साज, सिसौ, सतिसाल, सिमल पाइन्छ । मिश्रित वन अन्तर्गत चिलाउने, चाँप, उत्तीस, लालीगुराँस, अँगेरी, दूधेलो आदि पर्दछन् । यस्तै, कोणधारी वनअन्तर्गत सल्ला, स्प्रूस, लौठ सल्ला, धूपी पर्दछन् ।

***व्यवस्थापन (Management) का आधारमा***

वन ऐन २०४९ ले नेपालको वनलाई मूलतः वन व्यवस्थापनका दृष्टिकोणले वर्गीकरण गरेको देखिन्छ । यस ऐनले राष्ट्रिय र निजी गरी प्रमुख दुई प्रकारका वन पहिचान गरको छ र राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित, सामुदायिक, संरक्षित, कबुलियती र धार्मिक वन गरी पाँच उपप्रकारमा वर्गीकृत गरेको छ । लमजुङ जिल्लामा यी पाँचवटै प्रकारका वन रहेको छ ।

### २.१२.४ इलाका वन कार्यालय (रेञ्जपोष्ट क्षेत्र)

जिल्लामा वन क्षेत्रको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा वनसम्बन्धी अन्य कार्यहरू गर्न जिल्ला वन कार्यालयको मातहतमा आठवटा इलाका वन कार्यालय (रेञ्जपोष्ट)हरू क्रियाशील रहेका छन् । उक्त आठ इलाका वन कार्यालय (रेष्टपोष्ट) को कार्यक्षेत्र निम्नअनुसार रहेको छः

**तालिका-३३**

**इलाका वन कार्यालय (रेञ्जपोष्ट) र अन्तर्गतका गाविस**

| क्र.सं. | रेञ्जपोष्ट | कार्यक्षेत्र/गाविस | गाविस संख्या |
|---|---|---|---|
| १) | बेसीशहर | बेसीशहर, चण्डीस्थान, गाउँशहर, उदिपुर, चिती, पुरानकोट, हिलेटक्सार | ७ |
| २) | भुलभुले | भुलभुले, घेर्मु, बाहुनडाँडा, बाँझाखेत, फलेनी, बन्सार | ६ |
| ३) | अर्चलबोट | अर्चलबोट, भारते, गौंडा, श्रीभञ्ज्याङ, पाचोक, नौथर, ढाडेनी | ७ |
| ४) | धमिलीकुवा | धमिलीकुवा, दूधपोखरी, इलमपोखरी, बिचौर, प्यारजुङ, कोल्की, भलायखर्क, चक्रतीर्थ, तार्कुघाट, राइनास मोहोरियाकोट (१० गाविस) | १० |

| | | | |
|---|---|---|---|
| ५) | सुन्दरबजार | सुन्दरबजार, भोटेवडार, तार्कुघाट, दुराडाँडा, परेवाडाँडा, धुसेनी, चन्द्रेश्वर (७ गाविस) | ७ |
| ६) | रम्घा | रम्घा, कुन्छा, जिता, तान्द्राङ, सूर्यपाल, समिभञ्ज्याङ (६ गाविस) | ६ |
| ७) | भोर्लेटार | भोर्लेटार, बांग्रे, इशानेश्वर, करापु, नेटा, सिन्दुरे | ६ |
| ८) | वाग्लुङपानी | वाग्लुङपानी, गिलुङ, भोजे, मालिङ, नाल्मा | ५ |

### २.१२.५ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) भित्र पर्ने गाविसहरू

१) ताघ्रिङ २) खुदी ३) घनपोखरा ४) भुजुङ ५) पसगाउँ ६) भोजे गाविसको केही भाग ७) उत्तरकन्याको अधिकांश भाग ८) सिम्पानीको अधिकांश भाग

### २.१२.६ वनक्षेत्रको आधारभूत स्थिति

जिल्लामा वन क्षेत्रको आधारभूत स्थिति निम्नअनुसार छः

**तालिका-३४**

**वनक्षेत्रको आधारभूत स्थिति**

| विवरण | इकाई | २०६९/७० को स्थिति | कैफियत |
|---|---|---|---|
| सरकारी वनको क्षेत्रफल | हेक्टर | ८६४५७.५५ | कुल वन क्षेत्र, बुट्यान क्षेत्र र चरन क्षेत्र समेत |
| सामुदायिक वनको क्षेत्रफल | हेक्टर | १९९५७.६३ | |
| कबुलियती वन क्षेत्रफल | हेक्टर | ५२४.४२ | |
| नीजि वनको क्षेत्रफल | हेक्टर | १६.८३ | |
| धार्मिक वनको क्षेत्रफल | हेक्टर | २.०३ | |
| सामुदायिक वन समूह | संख्या | ३१२ | |
| कबुलियति वन समूह | संख्या | १३५ | |
| धार्मिक वन | संख्या | १ | |
| नीजि वन | संख्या | ४७ | |
| काठ उत्पादन | क्यूफिट | २८८७५.४३ | |
| दाउरा उत्पादन | के.जि. | ३४१.४५ | |
| जडिबुटी उत्पादन | के.जि. | १६११९.५० | |
| वनबाट संकलित राजस्व | लाखमा | ८,५१,९१० | |
| वनमा आधारित उद्योग | संख्या | ४० | |
| काष्ठ पैदावरमा आधारित उद्योग | संख्या | ४० | |
| गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग | संख्या | - | |
| वनमा आधारित उद्योगबाट रोजगार | जना | २२१ | |
| सुचारु वन तथा जडिबुटी नर्सरी | संख्या | | |
| - सरकारी | संख्या | ३ | |
| - सामुदायिक | संख्या | - | |
| - नीजि | संख्या | - | |
| उत्पादित विरुवा (हजारमा) | संख्या | ६९.८९७ | |
| बृक्षारोपण क्षेत्र | हेक्टर | ६८.८३ | |
| जडिबुटी खेती गरिएको क्षेत्र | हेक्टर | | |
| - सरकारी | हेक्टर | - | |
| - सामुदायिक | हेक्टर | ३ | |
| - नीजि | हेक्टर | - | |

| विवरण | इकाई | २०६९/७० को स्थिति | कैफियत |
|---|---|---|---|
| वन क्षेत्रमा क्रियाशिल गैसस | संख्या | ४ | |
| वन क्षेत्रका दक्ष स्थानीय श्रोत व्यक्ति | संख्या | १८ | |
| वैज्ञानिक रुपमा व्यवस्थित सरकारी वन क्षेत्र | हेक्टर | - | |
| वैज्ञानिक रुपमा व्यवस्थित सामुदायिक वन क्षेत्र | हेक्टर | - | |

*स्रोतः जिल्ला वन कार्यालय, २०७०*

### २.१२.७ सामुदायिक वन

लमजुङ जिल्लामा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ओगटेको आठ गाविसको वन क्षेत्रसमेत जोड्दा कुल सम्भाव्य सामुदायिक वनको क्षेत्रफल ६२,५८३.१० हेक्टर रहेको छ। आ.व. २०६९/०७० सम्ममा कुल ३१२ वटा सामुदायिक वन दर्ता भएका छन्। जिल्लाका ३१२ वटा सामुदायिक वनले आ.व. २०६९/७० मा आइपुग्दा कुल १९९५७.६३ हेक्टर क्षेत्रफल ओगटेको छ। जिल्लामा समुदायलाई हस्तान्तरित सामुदायिक वनको रेञ्जपोष्टअनुसारको संक्षिप्त विवरण निम्नअनुसार छः

**तालिका-३५**
**लमजुङ जिल्लामा हस्तान्तरित सामुदायिक वन, २०६८**

| क्र.स. | रेञ्जपोष्ट | सामुदायिक वन संख्या | क्षेत्रफल (हे.) | घरधुरी | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | बेसीशहर | ४५ | १६२२.३८ | ४३६४ | २४७८६ |
| २ | बाग्लुङपानी | १६ | ३१२७.९१ | १३६२ | ८४३२ |
| ३ | भुलभुले | ३७ | ४४७६.१८ | २७९२ | १६०१७ |
| ४ | अर्चलबोट | ३६ | १६६८.४२ | २९०५ | १६९०५ |
| ५ | धमिलीकुवा | ५२ | ३१५९.०६ | ५३४४ | ३१४६२ |
| ६ | सुन्दरबजार | ३९ | १०९२.६९ | ३०४३ | १७२९१ |
| ७ | रम्घा | ४७ | १७८२.६६ | २७२१ | १५९०४ |
| ८ | भोर्लेटार | ३२ | २३८९.८४ | २३७३ | १३५१७ |
| | कुल | ३०४ | १९३१९.१४ | २४९०४ | १४४३१४ |

*स्रोतः सामुदायिक वन विकास कार्यक्रम, प्रतिवेदन पुस्तिका, जि.व.का., २०६८*

सामुदायिक वन अन्तर्गतका पैदावारको सदुपयोगको स्थिति हेर्दा जिल्लामा सामुदायिक वनका समुहभित्र र समुहबाहिर गरी कुल ३३७९१.६८ क्यूविक फिट काठ, समुहभित्र मात्र २२७१६८ भारी दाउरा र १००५२२ भारी घाँस सदुपयोग भएको देखिन्छ। यससम्बन्धी संक्षिप्त विवरण निम्नप्रकार छः

**तालिका-३६**
**सामुदायिक वन अन्तर्गत वन पैदावार सदुपयोग**

| क्र.स. | रेञ्जपोष्ट | समूहभित्र | | | समूहबाहिर | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यू.फिट) | दाउरा (भारी) | घांस, डालेघांस (भारी) | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | गैरकाष्ठ वनपैदावार |
| १ | बेसीशहर | २२७३.५ | १९४७३ | १४९७६ | २५५ | ० | ० |
| २ | बाग्लुङपानी | १९९४.५ | २०१८५ | ८५०४ | ० | ० | ० |
| ३ | भुलभुले | २५१५.५ | २३२४५ | ११११०५ | ५५० | ० | १०२५ |
| ४ | अर्चलबोट | १७०६ | १६१५६ | १०२५० | ० | ० | ० |
| ५ | धमिलीकुवा | ६७४१ | ७९४५५ | ३०५९४ | ० | ० | ० |
| ६ | सुन्दरबजार | १७५० | १८९९४ | ९७६३ | १०६.५८ | ० | ० |
| ७ | रम्घा | ३९६५.९ | ६२३५ | ४६०५ | ६४८८.६ | ९.५ | ० |

| क्र.स. | रेञ्जपोष्ट | समूहभित्र | | | समूहबाहिर | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यू.फिट) | दाउरा (भारी) | घांस, डालेघांस (भारी) | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | गैरकाष्ठ वनपैदावार |
| ६ | भोर्लेटार | ४१३० | ४३४२५ | १०७२५ | १३१५.५ | २ | ० |
| | **कुल** | **२५०७६** | **२२७१६८.०** | **१००५२२** | **८७१५.६८** | **११.५** | **१०२५** |

*स्रोतः सामुदायिक वन विकास कार्यक्रम, प्रतिवेदन पुस्तिका, जि.व.का., २०६८*

### २.१२.८ कबुलियती वन

आ.व. २०६८/०६९ सम्म जिल्लाका कुल १६ गाविसमा जम्मा १३५ कबुलियती वन दर्ता भएका छन् । जिल्लामा कबुलियती वनले ५२४.५२ हेक्टर क्षेत्रफल ओगटेको छ । यसबाट जिल्लाका ११३७ घरधुरीका ७०१९ जना लाभान्वित भएका छन् । कबुलियती वनका पैदावार सम्बन्धित समूह सदस्यहरूले नियमित रुपमा प्रयोग गर्दै आएका छन् तर यससम्बन्धित तथ्यांक व्यवस्थित नभएकाले यकीन सूचना रहेको छैन । कबुलियती वन समूहहरूको अनुगमन तथा मूल्यांकन प्रतिवेदन पुस्तिकाअनुसार आ.व. २०६८/०६९ मा कबुलियती वनको उत्पादन निम्नबमोजिम रहेको छः

**तालिका-३७**

**आ.व. २०६८/०६९ मा कबुलियती वनको उत्पादन**

| क्र.स. | उत्पादन | एकाइ | परिमाण |
|---|---|---|---|
| १ | दाउरा | भारी | ५६१३ |
| २ | घाँस | | |
| | उन्नत भुईघाँस | भारी | ७५३२ |
| | उन्नत डालेघाँस | भारी | ३९१५ |
| | स्थानीय भुईघाँस | भारी | ९७७३ |
| ३ | अमृसो | के.जी | ४५ |
| ४ | निगालो | भारी | ४३ |
| ५ | बाँस | वटा | १७८ |
| ६ | अदुवा | के.जी. | १५०० |
| ७ | फलफूल | के.जी. | ९८३ |
| ८ | तरकारी | के.जी. | ३६०० |
| ९ | दूध | लिटर | ३००० |

*स्रोतः जिल्ला वन कार्यालय, २०६९*

### २.१२.९ वन क्षेत्रका समस्या तथा चुनौतिहरू

जिल्लामा वन संरक्षण, संवर्द्धन र दीगो सदुपयोगको सुनिश्चित गरी जिल्लाको पर्यावरण संरक्षण तथा आर्थिक विकासमा समेत टेवा पुऱ्याउनु वन क्षेत्रको प्रमुख चुनौति हो । यस दिशामा विभिन्न समस्याहरू रहेका छन् । जुन निम्न प्रकार छन् :

***वन व्यवस्थापनमा आधुनिक पद्धतिको कमीः*** वन व्यवस्थापन परम्परागत पद्धतिमा आधारित छ । स्रोतको कमीका कारण नियमित रुपमा सेटेलाइट तस्वीरहरूको अध्ययन, हवाइ निरीक्षण र अन्य आधुनिक पद्धतिमा आधारित भई नियमितरुपमा वनको अनुगमन र सोमा आधारित भई वन व्यवस्थापन गर्न सकिएको छैन । यसका कारण वन संरक्षण प्रभावकारी हुन सकेको छैन ।

***वन व्यवस्थापन कार्यक्रममुखी हुनुः*** वन क्षेत्रको समुचित व्यवस्थापनका लागि सबैखाले वन क्षेत्रका लागि समुचित संरक्षण योजनाहरू तर्जुमा र कार्यान्वयन हुनु आवश्यक हुन्छ । राष्ट्रिय वन संरक्षणको लागि ठोस कार्यक्रमहरूको अभाव देखिन्छ ।

***चोरी निकासीः*** चोरी निकासी वन क्षेत्रको एक प्रमुख समस्या हो । वन संरक्षणका लागि रेष्टपोष्ट तथा वन रक्षकहरूको व्यवस्था भए पनि वन रक्षकहरूको संख्या पर्याप्त रहेको छैन ।

***पहुँचमा कठिनाइः*** जिल्लाको उत्तरी भूभाग बढी दुर्गम, बाटोघाटोको अभाव र वस्ती विहिन इलाका समेत रहेको हुँदा समग्र वन क्षेत्रको नजिकबाट निगरानी गर्न सकिने स्थिति रहेको छैन ।

***सामुदायिक तथा कबुलियती वन समूहहरूको निष्क्रियताः*** कतिपय सामुदायिक तथा कबुलियती वन समूहहरू निष्क्रिय रहनाका कारण नियमित बैठक नबस्ने, सबै सदस्य सक्रिय हुन नसक्ने, व्यवस्थापन योजनाहरू तय गर्न नसक्ने आदि कारणले सम्बन्धित वन क्षेत्रको संरक्षण, संवर्द्धन अपेक्षितरुपमा प्रभावकारी हुन सकेको छैन ।

***चरिचरणः*** कतिपय वन समूहहरू निष्क्रिय रहेका स्थानमा चरिचरणसमेत नियन्त्रित हुन नसकेको स्थिति छ । अव्यवस्थित चरिचरणका कारण त्यस्ता वन क्षेत्र फस्टाउन सकेको छैन ।

***डढेलोः*** जानी नजानी विभिन्न किसिमले जिल्लाको विभिन्न वन क्षेत्रमा आगलागी हुने गरेको छ । कतिपय अवस्थामा नयाँ घाँस पलाउँछ, वनबाट मल बगेर आउँछ भन्ने सामुदायिक भ्रमका कारण समेत वन डढेलो हुने गरेको पाइन्छ ।

***उद्योग स्थापनाः*** उद्योगहरू वनमा आधारित हुने हुँदा वैध अवैध रुपमा कच्चा पदार्थ आपूर्ति गर्न क्रममा वन विनास हुन सक्ने स्थिति छ ।

***विकास निर्माणः*** सडकलगायत विभिन्न विकास निर्माणका क्रममा वन विनास हुने गरेको छ । प्रचलित वातावरण संरक्षण ऐन, नियमबमोजिम आवश्यक प्रक्रिया पुऱ्याएर न्यूनीकरण कार्यक्रम सञ्चालन गर्दै सन्तुलित विकासलाई अघि बढाउनु पर्ने र वनमाथिको अतिक्रमण कम गर्नुपर्ने अवस्था छ ।

***वातावरणीय प्रभाव मूल्यांकनः*** परियोजनाहरू सुरु गर्नुअघि वातावरणीय प्रभाव मूल्यांकन अनिवार्य भए पनि व्यवहारमा लागू हुन सकिरहेको छैन । यसका कारण पनि वन क्षेत्रको अतिक्रमणमा टेवा पुगेको छ ।

***भूसंरक्षण, बाढी, पहिरोको रोकथामः*** जिल्लाका विभिन्न स्थानहरूमा भएका पहिरो रोकथामका लागि सहि भूउपयोग, वृक्षारोपण, जलाधार क्षेत्र संरक्षण व्यवस्थापनका कार्यक्रमहरू थप हुनुपर्ने देखिन्छ ।

### २.१२.१० वन क्षेत्रका अवसर र सम्भावनाहरू

विभिन्न प्रकारका वन, व्यापक जैविक विविधता तथा उल्लेख्य वन क्षेत्र उपलब्ध भएका कारण यसको उचित संरक्षण, संवर्द्धन र सदुपयोग गर्न सकेमा पर्यावरणीय सन्तुलन कायम राखी वन क्षेत्रले दिगो विकासमा टेवा पुऱ्याउँदछ । यसका अलवा पशुपालनका लागि आहारा उपलब्ध गराउने, कृषि क्षेत्रका सम्भावना विस्तार गर्ने, उद्योगका लागि कच्चा पदार्थ उपलब्ध गराउने तथा जीविकोपार्जनमा टेवा पुऱ्याउने काममा वन क्षेत्रको भूमिका महत्वपूर्ण छ । जिल्लामा वन क्षेत्रको विकासका लागि प्रमुख अवसर र सम्भावना निम्नअनुसार छन् :

***जडिबूटी खेतीः*** जिल्लाका विभिन्न वन क्षेत्रमा पिप्ला, मजिठो, सुगन्धवाल, तेजपात, टिमुर, चिराइतो, कुरिलोलगायत प्रजातिका जडिबूटी खेती गर्न सकिने सम्भावना छ ।

***कृषि वनः*** जिल्लाका वस्ती निकटका वन क्षेत्रमा कृषि वनको सम्भावना रहेको छ । वन संरक्षणका साथै कृषि कार्यलाई एकैसाथ अघि बढाउन सकिने भएकाले विपन्न समुदायको जमिनमाथिको पहुँच बढाउन कृषि वन महत्वपूर्ण छ । छिटो बढ्ने रुख प्रजाति र नगदे कृषिबालीको खेतीबाट आम्दानी लिन सकिने अवस्था छ ।

***कच्चा पदार्थको बढ्दो मागः*** जनसंख्या वृद्धिका साथ साथै काठ, दाउरा, घाँसपातलगायतका कच्चा पदार्थको माग निरन्तर बढ्दो छ । वनको समुचित व्यवस्थापन गरी कच्चा पदार्थको आपूर्ति गर्दा राजश्वका साथै जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिने अवस्था छ ।

***उद्योग धन्दाको विकासः*** उद्योग धन्दाको विकासको लागि कच्चा पदार्थको सुलभ आपूर्ति आवश्यक हुने र वनजन्य उद्योगका लागि नियन्त्रित, व्यवस्थित रुपमा कच्चा पदार्थ आपूर्ति गर्न सकिएमा औद्योगिक विकासमा टेवा पुग्नुका साथै राजश्व वृद्धि समेत हुन्छ ।

***अन्य लघु पैदावारको खेतीः*** खेर गइरहेको बाँझो जमिनमा लोक्ता, अम्रिसो, निगालो आदि लघु वन पैदावार लगाई वातावरण संरक्षण, भूसंरक्षणका साथै एकसाथ आयआर्जनमा सुधार ल्याउन सकिन्छ ।

## २.१३ उद्योग, व्यापार तथा व्यवसाय

जिल्ला अर्थतन्त्र ठूलो हदसम्म ग्रामीण प्रकृतिको र जीविकोपार्जनमुखी रहेको छ । ठूला तथा मझौला उद्योगहरूको विकास हुन नसक्नाका कारण जिल्लामा ठूलो संख्यामा रहेका युवा शक्तिलाई जिल्लाभित्र पर्याप्त रोजगारको अवसर सिर्जना हुन सकेको छैन । सम्पूर्ण जिल्लावासी ग्रामीण क्षेत्रमा रहेको र ग्रामीण अर्थतन्त्र मूलतः निर्वाहमूखि रहेको छ । यस अवस्थामा जिल्लाभित्र ठूला बजारका रुपमा विकास भएका वस्तीहहरू (बेसीशहर, सुन्दरपुर, भोटेवडार, भोर्लेटार, उदीपुर) मा उद्योग विकासको स्थलगत सम्भाव्यता अध्ययन गरी तदनुरुप लगानी

केन्द्रीत गरी ग्रामीण औद्योगिकरण (rural industrialization) लाई गति दिन सकिएमा यी स्थलहरूमा जनसंख्या केन्द्रित हुने, उद्योग धन्धाको विकास तीब्र हुने र सो को प्रभाव विस्तारै छेउ छाउको गाउँ (hinterland) मा क्रमशः पर्दै जाने हुन्छ। साना तथा घरेलु उद्योगहरू श्रममुखी (labor-intensive) हुनुका साथै स्थानीय मागलाई पूरा गर्ने तथा स्थानीय सुशुप्त पूँजी (dormant capital) लाई परिचालन गर्दछ। जिल्लामा घरेलु तथा साना उद्योगको आधारभूत स्थिति निम्नअनुसार छः

### २.१३.१ घरेलु तथा साना उद्योगको आधारभूत स्थिति

लमजुङ जिल्लामा उत्पादनमूलक, पर्यटनमा आधारित, सेवा उद्योग र कृषि तथा वन क्षेत्रमा आधारित घरेलु तथा साना उद्योगहरू रहेका छन्। मझौला तथा ठूला उद्योगहरूको विकास हुन सकेको छैन। घरेलु तथा साना उद्योगको आधारभूत स्थिति देहायबमोजिम छ :

**तालिका-३८**

**लमजुङ जिल्लामा साना तथा घरेलु उद्योग**

| क्र.सं. | उद्यमको प्रकार | उद्योग | | पूंजी | | वार्षिक उत्पादन | | उद्यमी संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | रु. | प्रतिशत | रु. | प्रतिशत | महिला | पुरुष |
| १ | उत्पादनमूलक | ४० | २४.८ | २०१०७५०० | १७.४ | ४३४३१७९५ | १७.८ | ३ | ३९ |
| २ | पर्यटन | ६४ | ३९.८ | ४१९६१९८२ | ३६.४ | ३८७३९२६० | १५.९ | २२ | ४६ |
| ३ | सेवा उद्योग | २९ | १८.० | १३०२१३०० | ११.३ | १८८६८१५० | ७.७ | ३ | २८ |
| ४ | कृषि तथा वन | २८ | १७.४ | ४०२९९००० | ३४.९ | १४२४४७५०० | ५८.५ | १ | ३३ |
| | कुल | १६१ | १०० | ११५३८९७८२ | १०० | २४३४८६७०५ | १०० | २९ | १४६ |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन, २०६९/०७०, घरेलु तथा साना उद्योग विकास समिति, लमजुङ*

लमजुङ जिल्लामा २०७० असार मसान्तसम्ममा कुल रु. ११,५३,८९,७८२ पूँजीमा १६१ वटा साना तथा घरेलु उद्योग सञ्चालन भएका र यी उद्योगहरूबाट कुल रु. २४,३४,८६,७०५ बराबरको वार्षिक उत्पादन भएको देखिन्छ। दर्ता भएका कुल १६१ उद्योगमध्ये ६४ वटा अर्थात् करिब ४० प्रतिशत पर्यटन उद्योग भएको देखिन्छ। यसपछि साना तथा घरेलु उद्योगको कुल संख्यामा उत्पादनमूलक उद्योगहरूको हिस्सा करिब २५ प्रतिशत र कृषि तथा वनसम्बन्धी उद्योगहरू १७.४ प्रतिशत रहेको देखिन्छ। पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहँदा रहँदै पनि यस सम्बन्धमा दर्ता भएका उद्योग धन्दा तथा यसक्षेत्रले सिर्जना गरेको रोजगारी न्यून रहेको देखिन्छ।

जिल्लामा औद्योगिक क्षेत्रको समग्र अध्ययन विश्लेषणको काम हुने परम्परा खासै नभएको हुँदा जिल्लामा जिल्लामा नयाँ उद्योग खुल्ने दर तथा उद्योगको टिकाउ दरसम्बन्धी यकीन तथ्यांक उपलब्ध छैन। जिल्लाको औद्योगिक क्षेत्र सामान्यतया घरेलु तथा साना उद्योगमा आधारित रहेको र छरिएको अवस्थामा भएकाले उत्पादनको अधिकांश हिस्सा स्थानीय बजारमा खपत भएको देखिन्छ। कच्चा पदार्थका हिसाबले जिल्लामा वन तथा कृषिजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थ जस्तै अल्लो, जडिबूटी, फलफूल उपलब्ध रहेको देखिन्छ। जिल्लामा औद्योगिक क्षेत्रको आधारभूत स्थिति देहायबमोजिम छ :

**तालिका-३९**

**लमजुङ जिल्लामा उद्योग तथा व्यापार व्यवसायको आधारभूत स्थिति २०७०**

| विवरण | इकाई | २०६९/७० को स्थिति |
|---|---|---|
| औद्योगिक क्षेत्र | संख्या | ० |
| लघु/घरेलु उद्योग | संख्या | १४४ |
| साना उद्योग | संख्या | १३६० |
| मझौला उद्योग | संख्या | - |
| घरेलु उद्योगका लागि सीपयुक्त जनशक्ति | संख्या | ७७९५ |
| औद्योगिक रोजगारी | संख्या | ३४३६ |
| ठूला उद्योग | संख्या | - |

| विवरण | इकाई | २०६९/७० को स्थिति |
|---|---|---|
| नवीकरण भएका उद्योग | संख्या | ३७ |
| व्यवसायिक सीप प्राप्त गर्ने व्यक्ति | संख्या | ३४६३ |
| संचालित व्यापार तथा व्यवसाय | संख्या | १८३२ |
| व्यापार व्यवसायमा रोजगार व्यक्ति | संख्या | ५५०० |
| व्यापारिक केन्द्र | संख्या | २० |

*स्रोतः घरेलु तथा साना उद्योग विकास समिति, २०७०, उद्योग वाणिज्य संघ, लमजुङ*

### २.१३.२ व्यापार तथा व्यवसाय

जिल्ला उद्योग वाणिज्य संघमा दर्ता भएका फर्म, कम्पनीको तथ्यांक अध्ययन गर्दा जिल्लामा मूलतः खाद्यपसल, होटल रेष्टुरेन्ट तथा कपडा पसलको अधिकता रहेको देखिन्छ।

**तालिका-४०**

**लमजुङ उद्योग वाणिज्य संघमा दर्ता भएका विभिन्न फर्म तथा कम्पनीहरूको वर्गीकरण र संख्या**

| प्रकार | राइनास | उदीपुर | दुईपिप्ले सोतीपसल | भोर्लेटार | खुदी | भोटेवडार | सुन्दरबजार | बेसीशहर | एसोसिएट | वस्तुगत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खाद्यपसल | १९ | १५ | २८ | ३१ | २५ | ४८ | ४१ | १३१ | | | ३३८ | २९ |
| होटल/रेष्टुरेन्ट | २ | ३ | ६ | २३ | २३ | १५ | १२ | ८० | | | १५२ | १३ |
| कपडा | १ | ५ | ५ | १६ | ६ | २२ | २५ | ५५ | | | १३५ | १२ |
| इलेक्टोनिक्स | २ | २ | ६ | ६ | ३ | ४ | १७ | ४५ | | | ८५ | ७ |
| हार्डवेर, भाँढापसल | २ | ४ | ४ | ४ | २ | ९ | १४ | ३४ | | | ७३ | ६ |
| अन्य | २ | ६ | १ | | २ | ९ | ८ | ३१ | २ | | ६४ | ६ |
| साना उद्योग | ६ | ४ | ३ | ८ | ४ | ७ | ६ | २१ | | | ५९ | ५ |
| स्टशनरी, छापाखाना | २ | २ | ४ | ४ | १ | ७ | ९ | २१ | | | ५० | ४ |
| कस्मेटिक | | २ | २ | ३ | | १० | १० | १६ | | | ४१ | ४ |
| सुनचाँदी | | १ | ४ | २ | २ | ४ | ८ | १३ | | १ | ३५ | ३ |
| औषधी | २ | १ | १ | २ | १ | २ | ६ | १५ | १ | | ३१ | ३ |
| कृषिसम्बन्धी | ४ | | २ | १ | | ३ | ३ | १४ | | | २७ | २ |
| टेलरिड | | | | १ | | ४ | ४ | ११ | | १ | २१ | २ |
| फर्निचर | | | २ | १ | | १ | १ | १३ | | १ | १९ | २ |
| मासु | | | १ | १ | | १ | १ | १२ | | | १६ | १ |
| कुल | **४२** | **४५** | **६९** | **१०३** | **६९** | **१४६** | **१६५** | **५१२** | **३** | **३** | **११४६** | **१००** |

*स्रोतः उद्योग, वाणिज्य संघ, लमजुङ, २०७०*

### २.१३.३ बैंकिङ सेवा

उद्योग, वाणिज्य, व्यापार, व्यवसाय सञ्चालन गर्न बैंकिङ सेवाको आवश्यकता पर्दछ। जिल्लामा सातवटा "क" वर्गका वाणिज्य बैंक तथा "ख" र "ग" वर्गका गरी सात वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन्। जुन निम्नअनुसार छन्:

**तालिका-४१**

**जिल्लामा बैंकिङ सेवाको वितरण**

| क्र.सं. | बैंकको नाम | संख्या | अवस्थिति |
|---|---|---|---|
| | क वर्गका बैंक | | |
| १. | राष्ट्रिय वाणिज्य बैंक | १ | बेसीशहर |
| २. | नेपाल बैंक लिमिटेड | २ | बेसीशहर, सुन्दरबजार |
| ३. | कृषि विकास बैंक | ३ | बेसीशहर, भोटेवडार, भोर्लेटार |

| क्र.सं. | बैंकको नाम | संख्या | अवस्थिति |
|---|---|---|---|
| ४. | सन राइज बैंक | २ | बेसीशहर, सुन्दरबजार |
| ५. | नविल बैंक | १ | बेसीशहर |
| ६. | एभरेष्ट बैंक | १ | बेसीशहर |
| ७. | एस.बी.आई. बैंक | १ | बेसीशहर |
| ख वर्गका बैंक | | | |
| ८. | प्यासिफिक डेभलप्मेन्ट बैंक | ३ | बेसीशहर, भोटेवडार, भोर्लेटार |
| ९. | सिटी डेभलप्मेन्ट बैंक | १ | बेसीशहर |
| १०. | गण्डकी विकास बैंक | १ | बेसीशहर |
| ११. | रिलायवल फाइनान्स लिमिटेड | १ | बेसीशहर |
| १२. | छिमेक लघुवित्त विकास बैंक | १ | बेसीशहर |
| १३. | ओम फाइनान्स प्रा.लि. | १ | बेसीशहर |
| १४. | कन्जुमर डेभलप्मेन्ट बैंक | १ | सुन्दरबजार |

जिल्लामा बैंकिङ सेवाको वितरण हेर्दा जिल्लाका कुल ६१ गाविसमध्ये हालसम्म ४ गाविसमा मात्र बैंकिङ सेवा विस्तार भएको देखिन्छ । जिल्लाका ५७ गाविसका नागरिकले बैंकिङ सेवा प्राप्त गर्न अन्य गाविस धाउनु पर्ने स्थिति रहेको छ ।

### २.१३.४ सहकारी

ग्रामीण क्षेत्रमा सुलभ वित्तीय सेवा उपलब्ध गराउन सहकारीको भूमिका महत्वपूर्ण रहन्छ । जिल्लामा सहकारी संघ संस्थाहरूको कुल संख्या २६६ रहेको छ जसमध्ये सहकारीहरूको जिल्ला संघ १ र विषयगत संघ ३ वटा रहेको छ । जिल्लामा प्रकारका आधारमा सहकारीहरूको संख्या देहायबमोजिम रहेको छ ।

**तालिका-४२**
**जिल्लामा सहकारी संस्थाहरूको संख्या**

| सहकारीको प्रकार | संख्या | प्रतिशत | सहकारीको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था | १३४ | ५१.१ | सञ्चार सहकारी | ४ | १.५ |
| कृषि सहकारी | ४५ | १७.२ | ग्रामीण विद्युत् सहकारी | ३ | १.१ |
| उपभोक्ता सहकारी | ३५ | १३.४ | फलफूल तथा तरकारी सहकारी | २ | ०.८ |
| बहुउद्देश्यीय सहकारी | २२ | ८.४ | पर्यटन सहकारी | १ | ०.४ |
| कफि सहकारी | ८ | ३.१ | अन्य | ४ | १.५ |
| दुग्ध सहकारी | ४ | १.५ | कुल सहकारी (विषयगत र जिल्ला सहकारी बाहेक) | २६२ | १००.० |

जिल्लामा विषयगत र जिल्ला संघबाहेक सहकारी संस्थाहरूको कुल संख्या (२६२) मा बचत तथा ऋण सहकारीहरूको बाहुल्यता (५१ प्रतिशत) रहेको देखिन्छ । बचत तथा ऋण सहकारी संस्थापछि कृषि सहकारी र उपभोक्ता सहकारीहरूको संस्था रहेको छ जसको हिस्सा क्रमशः १७.२ र १३.४ प्रतिशत रहेको छ । जिल्लामा पर्यटन, कृषि, पशुपालन तथा व्यवसायिक तरकारी खेतीको ठूलो सम्भावना भए पनि यससम्बन्धी सहकारीहरूको विकास उल्लेख्य रुपमा हुन सकेको देखिँदैन ।

### २.१३.५ उद्योग, ब्यापार, ब्यवसाय तथा वित्तीय क्षेत्रका समस्या तथा चुनौतिहरू

सीमित साना तथा घरेलु उद्योगमा आधारित आद्योगिक स्वरुपलाई क्रमशः मझौल र ठूला उद्योगमा रुपान्तरण गर्दै लैजानु तथा जिल्लाको अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा औद्योगिक क्षेत्रलाई स्थापित गर्नु जिल्लाको उद्योग क्षेत्रको प्रमुख चुनौति हो । जिल्लामा औद्योगिक क्षेत्रले पर्याप्त गति लिन नसक्नुमा विभिन्न कारण रहेका छन्, जसमध्ये प्रमुख निम्नअनुसार छन् :

***औद्योगिक ज्ञान, सीप र अनुभवको कमीः*** उद्योग स्थापना र विकासका लागि औद्योगिक ज्ञान, सीप, अनुभवको आवश्यकता पर्दछ। कृषिमा आधारित अर्थतन्त्रमा हुर्किएको समाज भएका हुनाले समुदायको ठूलो हिस्सासँग औद्योगिक ज्ञान, सीपको हुनाका कारण उद्योग स्थापना र विकासको अवसर र सम्भावना पहिचान गरी विकास गर्ने आत्मविश्वास कम छ। औद्योगिक ज्ञान, सीप, अनुभवको कमीका कारण उत्पादित वस्तुको गुणस्तर कायम गर्न नसक्नु, बजारमुखी उत्पादनमा ध्यान दिन नसक्नु, उत्पादित वस्तुको ब्राण्डिङ, प्याकेजिङ र प्रचारप्रसार गर्न नसक्नु, उत्पादन लागत नियन्त्रण गर्न नसक्नु लगायतका समस्या विद्यमान छन्। यिनै कारणहरूले गर्दा जिल्लाका उत्पादनको प्रतिस्पर्धात्मक क्षमता समेत कमी रहेको छ।

***औद्योगिक सम्भाव्यताको अध्ययन, प्रचारपसार तथा लक्ष्यित कार्यक्रमको कमीः*** सरकार तथा सरोकारवाला निकायहरूकातर्फ जिल्लाका कुन कुन भागमा के कस्ता उद्योग स्थापना र विकास गर्न सकिन्छ, यससम्बन्धी अध्ययन, प्रचारप्रसार तथा लक्षित कार्यक्रमहरूको कमी छ। यसका कारण पनि नयाँ उद्यमीहरू विकास हुने क्रम सुस्त छ।

***औद्योगिक पूर्वाधारको कमीः*** आद्योगिक विकासका लागि सडक, विद्युत्, सञ्चार, पानी, तथा कच्चा पदार्थको सुलभता आवश्यक हुन्छ। सडक जिल्लाका अधिकांश गाविससम्म विस्तार भएको भए पनि मौसमी अवस्थाका छन्। विद्युत् जिल्लाका धेरै गाविसमा पुग्न बाँकी छ।

***लगानीकर्ताहरूको कमी र चर्को बैंक ब्याज दरः*** ठूला तथा मझौला उद्योग स्थापना गर्नका लागि ठूलो पूँजीको आवश्यकता पर्न जाने हुन्छ। जिल्ला बाहिरका लगानीकर्तालाई जिल्लामा भित्र्याउन नसक्नु र जिल्लाभित्र ठूलो लगानी गर्न सक्ने लगानीकर्ताहरूको अभाव रहेको छ। सरकारी क्षेत्रबाट समेत ठूला वा मझौला उद्योग स्थापना हुन सकेको छैन। उद्योगका लागि लगानी गर्ने बैंकको ब्याज दर चर्को हुनाले उत्पादन लागत बढ्न गई स्थापित उद्योगहरूले समेत निरन्तरता पाउन कठिनाइ भएको स्थिति छ।

***घरेलु तथा साना उद्योगले स्तर विकास गर्न नसक्नुः*** जिल्लामा स्थापिन घरेलु तथा साना उद्योगहरूले स्तर वृद्धि गरी मझौला उद्योगका रुपमा विकास हुन सकेमा औद्योगिक विकासले छिटो गति लिन सक्ने अवस्था रहन्छ तर जिल्लामा यसो हुन सकेको छैन।

***जिल्लाको समग्र उद्योग क्षेत्रको अध्ययन विश्लेषणमा कमीः*** उद्योग क्षेत्रका अवसर, समस्या तथा चुनौतिहरूलगायत जिल्लाको समग्र उद्योग क्षेत्रको अध्ययन विश्लेषण गरी सोआधारमा योजना तर्जुमा गर्ने प्रक्रियालाई बढावा दिनुपर्ने आवश्यकता देखिन्छ। यसका अभावमा जिल्लामा खुलेका उद्योगधन्दाको टिकाउ दर के छ, नयाँ उद्योग खुल्ने क्रम के छ ? भन्ने सम्बन्धमा यकीन तथ्यांक जिल्लामा उपलब्ध छैन। मन्द गतिको जिल्लाको औद्योगिक विकासलाई तीव्रता दिन यस सम्बन्धमा विशेष ध्यान दिनु आवश्यक छ।

***उद्योग सञ्चालनमा बाधा अड्चनः*** उद्योग सञ्चालनमा निरन्तर बाधा अड्चन आउने स्थिति छ। पटक पटक भइरहने बन्द, हड्ताल तथा अनिश्चित लोडसेडिङको समस्याका कारण औद्योगिक क्षेत्रले नियमित रुपमा बाधाअड्चन झेलिरहनु परेको अवस्था छ।

***सुनिश्चित बजारको कमीः*** सुनिश्चित बजार सबै किसिमका उद्योगधन्दा स्थापना गर्ने एक प्रमुख अभिप्रेरक हो। बजारको अध्ययन गर्ने सीप, बजारसँगको पहुँच, सरकारमार्फत बजारको सुनिश्चितता प्रदान गर्ने संयन्त्रको कमीलगायतका कारणले उद्यमीहरूले बजारको सुनिश्चितता महसुस र अनुभव गर्न नसकेको परिस्थिति छ।

***तालिमको अप्रभावकारिता/दक्ष जनशक्तिको कमीः*** सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत हरेक वर्ष विभिन्न विषयमा सीपमूलक तालिम कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ। तालिमप्राप्त जनशक्तिको धेरै सानो हिस्साले मात्र सम्बन्धित विषयमा उद्यमशीलता विकास गरी निरन्तरता दिन सकेको पाइन्छ। साथै कतिपय उद्योगधन्दाका लागि स्थानीयस्तरमा दक्ष जनशक्तिको अभाव समेत रहेको छ।

**व्यापार व्यवसाय क्षेत्रका समस्या तथा चुनौतिहरूः** लमजुङ जिल्लामा व्यापार व्यवसाय क्षेत्रमा प्रगति भइरहेको छ यद्यपि यसले अपेक्षित गति र गुणस्तर हासिल गर्न सकेको छैन। यसजिल्लाका करिब ४० वटा बजार केन्द्रमध्ये ३५ वटा बजार केन्द्रहरू खुद्रा पसलहरूमा सीमित छन्। लमजुङ जिल्लाले समग्रमा व्यापार व्यवसाय क्षेत्रमा भोग्नुपरेका समस्या तथा चुनौति निम्नअनुसार छन् :

- स्थानीयस्तरमा रोजगारीका अवसरहरू कम हुनाका कारणले औसत मानिसको क्रयशक्ति घट्नु र मुद्रास्फिती निरन्तर तथा उच्च गतिमा बढ्नाले व्यापार व्यवसाय फस्टाउन सकेको छैन।
- जिल्लाको व्यापार व्यवसाय क्षेत्रमा शिक्षित युवाहरूको आकर्षक कम छ। व्यापार व्यवसाय परम्परागत तथा सामान्य ज्ञान सीपमा आधारित छ। लागत लाभ विश्लेषण तथा भविष्यको परिदृश्य आँकलन गर्न सक्ने जनशक्ति यस क्षेत्रमा कम संलग्न छ।

- संभाव्य नयाँ व्यापार व्यवसायको पहिचान हुन नसक्नु, अस्वस्थ प्रतिस्पर्धा बढी हुनु, पटक पटक बन्द हड्ताल भइरहनु, अनिश्चित लोडसेडिङ, चर्को ब्याजदर, सुलभ तथा सस्तो कर्जाको अभाव, व्यवसायी तथा व्यवसायको सुरक्षाको प्रत्याभूति हुन नसक्नु आदि कारणले लगानी मैत्री वातावरण विकास हुन सकिरहेको छैन ।
- विकासको क्रमसँगै माग तथा आपूर्तिको प्रवृत्ति तीव्र गतिमा परिवर्तन हुँदै जानु र तदनुरुप व्यवसायीहरू परिमार्जित हुन नसक्दा व्यापार व्यवसायको लगानी खेर जानु तथा व्यवसायी हतोत्साही हुनुपरेको स्थिति छ । यसकारण पनि व्यापार व्यवसायले नयाँ जनशक्ति आकर्षित गर्न सकिरहेको छैन ।

### २.१३.६ उद्योग, व्यापार, व्यवसाय क्षेत्रका अवसर र सम्भावना

जिल्लाका ४० मध्ये पाँचवटा बजार केन्द्रहरू (बेसीशहर, सुन्दरबजार, भोर्लेटार, भोटेवडार र भुलभुले) मा थोकबिक्री सहितको बजार केन्द्रहरू विकास भएका छन् । पर्यटनको विकासका लागि पर्यटन गुरुयोजना तयार भएको छ । जिल्ला सडक सञ्जाल निरन्तर वृद्धि भइ जिल्लाका करिब सबै गाविस सडकको पहुँचमा पुगेका छन् । जिल्लामा तारेहोटल निर्माण सुरु भएको छ । ठाउँठाउँमा पर्यटकीय होटल, लज, रेष्टुरेन्ट तथा होमस्टे गाउँहरू तयार भइरहेका छन् । अल्लोमा आधारित उत्पादन, मह, कफी, कालो भटमास, अलैंचीजस्ता उत्पादनहरू जिल्ला बाहिर निकासी हुन थालेको अवस्था छ । रेमिटेन्सबाट धेरै आम्दानी गर्ने जिल्लाहरूमध्येमा लमजुङ पर्न गएको छ । काठमाडौं तथा पोखराबाट नजिकको दुरीमा रहनु तथा जिल्लाभित्र पर्याप्त मात्रामा ऐतिहासिक महत्वका स्थलहरू तथा प्राकृतिक रुपमा सुन्दर स्थलहरू हुनाले प्याकेज पर्यटन विकासको अधिकतम सम्भावना रहेको छ साथै प्याकेज पर्यटन सुरु पनि भइसकेको अवस्था छ । अन्नपूर्ण पदमार्गमा रहेकाले यस आसपासमा पर्यटनको दीगो विकासको सम्भावना रहेको छ । सीमित मात्रामा भए पनि उत्साही युवाहरूद्वारा पर्यटन, उद्योग, व्यापार, व्यवसाय क्षेत्रमा लगानी गर्ने, लागि पर्ने तथा यस क्षेत्रमा जिल्ला विकासको दृष्टिकोण तथा मार्गचित्र तयार गर्ने क्रममा सक्रिय सहभागिता रहेको छ यसले पनि जिल्लाको व्यापार व्यवसाय क्षेत्रलाई निश्चित गति र गोरेटोमा डोर्‍याउन टेवा पुर्‍याउने देखिन्छ । जिल्लामा उद्योग क्षेत्रका अवसर र सम्भावना देहायबमोजिम छन् :

- ***कच्चा पदार्थको उपलब्धताः*** जिल्लामा वन तथा कृषिको विविधिकरण भएका कारण विभिन्न कच्चा पदार्थहरू उपलब्ध छन् ।
- ***बजारः*** देशको सबैभन्दा ठूलो बजार काठमाडौं उपत्यकाबाट लमजुङ धेरै टाढाको दुरीमा रहेको छैन । निकटका जिल्लाहरू तनहुँ, गोर्खा, मनाङलगायत काठमाडौं उपत्यकासम्म सडकको सहज पहुँच भएकाले जिल्लाका उत्पादनलाई यी क्षेत्रहरूमा विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- ***पर्यटन उद्योगः*** जिल्लामा पर्यटन विस्तारको पर्याप्त सम्भावना रहेको छ । जिल्लाका ऐतिहासिक महत्वका तथा प्राकृतिक रुपमा मनोरम स्थल तथा पर्यटन मार्गहरूमा पर्यटकीय पूर्वाधार विस्तार गरी पर्यटन विकासका ठोस र कार्यान्वयनमुखी कार्यक्रमहरू सञ्चालन गर्न सकिएमा पर्यटन उद्योगले गति लिने सम्भावना छ ।
- ***कृषिजन्य उद्योगः*** जिल्लामा विभिन्न भागमा सुन्तला, अलैंची, अदुवा, सुठोलगायतको व्यवसायिक खेती गरी ठूलो परिमाणमा उत्पादन लिन सकिने सम्भाव्यता रहेको छ ।
- ***जडिबूटी प्रशोधनः*** जिल्लामा पर्याप्त मात्रामा जडिबूटी पाइने भएकाले जडिबूटी प्रशोधनसम्बन्धी उद्योगहरूको विकास विस्तार हुन सक्ने संभावना रहेको छ ।

## २.१४ पर्यटन

लमजुङ जिल्लाको आर्थिक विकासका लागि पर्यटनलाई एक महत्वपूर्ण र पर्याप्त सम्भावना भएको जिल्लाको रुपमा लिइन्छ । राष्ट्रियस्तरमा पर्यटन क्षेत्रलाई रोजगारी सिर्जना गर्ने, गरीबी न्यूनीकरण गर्ने तथा आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्ने उद्देश्यका साथ प्रवर्द्धन गर्ने गरिएको पाइन्छ । लमजुङ जिल्लामा पर्यटनको इतिहास सन् १९७० को दशकमा डा. हर्क गुरुङले थोराङपास-अन्नपूर्ण पर्यटन मार्गसम्बन्धमा लेखेको पुस्तक, त्यसको अन्तराष्ट्रिय प्रचार प्रसार र त्यसपछि विदेशी पर्यटकको आगमन सुरु भएपछि लमजुङमा वर्तमान पर्यटनको इतिहास सुरु भएको मानिन्छ । अन्नपूर्ण ट्रेकिङ रुटमा आउने पर्यटकले जिल्लाका कुल पर्यटकको ठूलो हिस्सा ओगट्दछ यद्यपि घलेगाउँको प्रचारप्रसार भएयता घलेगाउँ नै घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या पनि बढ्दै गएको देखिन्छ । घलेगाउँमा मात्र आ.व. २०६९/०७० मा करिब १५००० पर्यटक आएको पाइन्छ । पर्यटनको विकाससँगै जिल्लामा टुरिष्ट होटल, लज, होमस्टे गाउँ खोल्ने क्रमसमेत वृद्धि भएको देखिन्छ

भने अर्कातर्फ सडकको विस्तारसँगै पर्यटकको औसत बसाइ अवधिसमेत छोटिँदै गएको छ। पर्यटन क्षेत्रमा आएको यसखालको उतारचढावलाई नियन्त्रित गरी पर्यटकको औसत बसाइदर वृद्धि गर्ने, जिल्लामा रहेका ऐतिहाासिक महत्वका तथा प्राकृतिकरुपमा सुन्दरस्थानहरूलाई पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्ने, छोटो दुरीका पर्यटन मार्गहरूको पहिचान एवम् विकास गर्ने, पर्यटकीय पूर्वाधार तथा गतिविधिहरूको विकास विस्तारलाई पर्यटनलाई जिल्ला अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास गर्न व्यवहारिक, एकीकृत तथा सार्वजनिक निजी क्षेत्र साझेदारीमा आधारित क्रियाकलापलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने खाँचो रहेको छ ।

जिल्लामा पर्यटन क्षेत्रको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै लमजुङ जिल्ला विकास समितिले नेपाल पर्यटन बोर्डको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्लाको पर्यटकीय संभावनालाई पहिचान गरी विकास गर्न एकीकृत पर्यटन विकास तथा व्यवस्थापन योजना तर्जुमा गरेको छ। यस योजनाले लमजुङ जिल्लालाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्य बोकेको छ ।

जिल्लामा उपलब्ध प्राकृतिक, साँस्कृतिक, सामाजिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरू पर्यटकीय दृष्टिकोणमा महत्वपूर्ण रहेका छन्। प्राकृतिक भू-बनौट तथा जैविक विविधतामा पनि धनी यो जिल्लामा अन्नपूर्ण दोस्रो श्रृङ्खलामा रहेको सुन्दर तथा मनमोहक हिमश्रृंखला, छहरा, हिमताल, माछापुच्छे हिमाल यस क्षेत्रको पर्यटकीय आर्कषणको रुपमा रहेका छन्। नेपालका प्रायः सबै क्षेत्रमा पाइने हावापानी तथा त्यसअन्तर्गतका विविध किसिमका वन सम्पदाले जिल्लाको पहाडी भूगोललाई सुन्दर बनाएको छ। दृश्यावलोकनका साथै जैविक विविधता जिल्लाको आर्थिक, वातावरणीय तथा पर्यटकीय महत्व बोकेको क्षेत्रको रुपमा रहेको छ। पाँच औंले, पिप्ला, निरीमासी, यार्सागुम्बा, जटामसी, वनलसुन, चिराइतो, कुट्की, सुगन्धवाल, पाखन्बेद, गुर्जो, भ्याकुर आदि यस क्षेत्रमा पाइने जडीबुटीहरू हुन्। विभिन्न प्रजातिका लालीगुराँस तथा पुतली पनि यस जिल्लामा पाइने भएकाले जैविक विविधतासम्बन्धी अध्ययनका लागि पनि लमजुङ जिल्लाले ठूलो सम्भावना बोकेको छ।

प्राकृतिक रुपका अलावा सांस्कृतिक रुपमा समेत लमजुङ जिल्ला धनी छ। जातीय, भाषिक, धार्मिकरुपमा विविधतायुक्त समाज भएकाले जिल्लामा विविध रीतिरिवाज, परम्परागत सामाजिक मूल्य, मान्यता, बसोबास प्रणाली सामाजिक अध्ययन गर्नेहरूका लागि महत्वपूर्ण हुन सक्छ। विविध सामाजिक रीतिरिवाज एवम् संस्कारहरू जस्तै संयुक्त श्रमदान, रोधी घरको प्रचलन, घाटु तथा अर्घौ नाच, गुरुङ, तामाङ तथा अन्य जातिहरूको परम्परागत विवाह पद्धति, देवी देवताका विशेष किसिमका पूजाआजा आदि आन्तरिक तथा बाह्य दुवै किसिमका पर्यटकका लागि उत्तिकै रोचक हुन सक्छन्।

गुरुङ सम्पदाको अवलोकन, अध्ययन, अनुसन्धानका लागि विश्वभरिका जिज्ञासुका लागि प्रमुख गन्तव्यका रुपमा रहेको छ। कास्की जिल्लाको पोखरासम्म गुरुङ सम्पदा मार्गले जोडिएको घलेगाउँ यही जिल्लामा अवस्थित छ। घनपोखरा, भुजुङ, पसगाउँ, घोप्टे, जिम्दु, सिउरुङ, स्याङे, जगत, बाहुनडाँडा, डादी, खुदी, राइनासकोट, ईलमपोखरी, गौंडाकोट, हिले टक्सार, सिन्दुरे, पुरानकोट, गाउँशहर, नाल्मा, गहते, गिलुङ, समी भञ्ज्याङ् आदि प्रमुख पर्यटकीय स्थलहरू हुन्। यस बाहेक चाडपर्व, ऐतिहासिक गढी, दरबार, मन्दिर, गुम्बा आदि समेत पर्यटकीय आकर्षणको रुपमा रहेका छन्।

ऐतिहासिक, साँस्कृतिक एवं प्राकृतिक सम्पदाको अतुलनीय संमिश्रणले गर्दा लमजुङ जिल्लालाई पर्यटन विकासको प्रचुर सम्भाव्यता भएको जिल्लाको रुपमा स्थापित गरेको छ। लमजुङ जिल्लामा निम्नानुसारका प्रमुख पर्यटकीय आर्कषणहरू पहिचान गरिएको छ।[५]

- ऐतिहासिक, पुरातात्विक एवं धार्मिक आर्कषणहरू
- प्राकृतिक आकर्षण : गुफा, छहरा, ताल, वन्यजन्तु, चराचुरुङ्गी, वन, पहाड र चट्टानी पहाड
- हिमाली श्रृंङ्खलाको अदभूत दृश्य (अन्नपूर्ण, लमजुङ हिमाल, मनास्लु, बुद्ध हिमाल आदि)
- साँस्कृतिक आकर्षण (जातीय संस्कृति, चाडपर्व, भेषभूषा)
- मानव निर्मित संरचना (जलविद्युत बाँध)

### २.१४.१ प्रमुख पर्यटकीय स्थलहरू र तिनका विशेषता

जिल्लामा पर्यटकीय महत्वका अनेक स्थलहरू छन् जसमध्ये केही प्रमुख स्थलहरूसम्बन्धी आधारभूत जानकारी निम्नअनुसार छः

[5] जिल्ला पर्यटन गुरुयोजना, लमजुङ

**तालिका-४३**
**जिल्लाका ऐतिहासिक तथा पुरातात्विक तथा पर्यटकीय महत्वका विशेष स्थलहरू**

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| बेसीशहर | ● लमजुङ जिल्लाको सदरमुकाम तथा व्यापारिक केन्द्र<br>● उल्लेखनीय संख्यामा होटेल, सञ्चार सुविधा, अस्पताल, सार्वजानिक यातायात, सुरक्षा संयन्त्र उपलब्ध<br>● समुद्री सतहदेखि ९५० मिटरको उचाईमा अवस्थित<br>● नियमित सार्वजनिक यातायातले काठमाण्डौं, पोखरा र नारायणगढसँग जोडिएको<br>● शाहवंशीय राजाका संस्थापक यशोब्रम्ह शाहले लमजुङ जिल्लामा राज्य गरेको<br>● पतझड वन सहितको न्यानो एवं समशितोष्ण हावापानी<br>● उच्च भागमा रहेको हुल्मा साहयो गुम्बा, मर्याङ्दीको किनारमा करपुरेश्वर महादेव रहेको<br>● जिल्लाका धेरै साँस्कृतिक, ऐतिहासिक एवं प्राकृतिक गन्तब्यसम्म पहुँचका लागि प्रमुख केन्द्र<br>● मनाङ तथा अन्नपूर्ण पदयात्राको प्रवेशद्वार<br>● बस्ती तथा मर्स्याङ्दी किनारमा अव्यवस्थित फोहर विसर्जनका कारण बेसीशहरमा फोहोरमैला एवं वातावरण प्रदूषण बढ्दै गएको |
| लमजुङ दरबार | ● शाहवंशीय राजाका संस्थापक यशोब्रह्म शाहको यो दरबार नेपाल एकीकरण पूर्वका राजा तथा राज्यहरूको अवस्था झल्काउन महत्वपूर्ण<br>● गाउँशहर गाविसमा अवस्थित |
| गाउँशहर | ● लमजुङ दरबार र कालिका मन्दिर अवस्थित<br>● विभिन्न जातिहरूको मिश्रित बसोबास रहेको, गुरुङहरूको बाहुल्यतासँगै ब्राह्मण, नेवार र दलित रहेका<br>● गुरुङहरूले घाटु र कृष्ण चरित्र, नेवारहरूले लाखे नाच र ब्राहमणहरूले चुट्का र भजन अभ्यास गर्ने<br>● वि।सं। २००५ मा स्थापित लमजुङ हाइस्कुल रहेको<br>● सूर्योदय र सूर्यास्त सहितको हिमाली श्रृङ्खला अवलोकन गर्न सकिने<br>● विभिन्न जडिबुटीका साथै मृग, चितुवा लगायतका जनावरहरू पाइने<br>● काउलेपानी देवी मन्दिर, बाचौर, सुत्केरीले गाडेको ढुङ्गा, बैसे ओडार, बाहुनी पँधेरो, कुसुन्डे ओडार यहाँका प्रमुख गन्तव्यह<br>● हस्तकलामा आधारित उद्योगहरू सञ्चालनमा रहेका |
| पुरानकोट | ● तत्कालीन शाहवंशीय राजाहरूले युद्ध गर्नका निम्ति निर्माण गरिएको<br>● पुरातात्विक महत्वका वस्तुहरूसमेत रहेको र ऐतिहासिक स्थल<br>● दरबारका भग्नावशेष (पुरानकोट दरबार) प्राचीन द्वार, सेन्ट्री पोष्ट आदि रहेका<br>● नेपाल एकीकरण पूर्व राज्यहरूबीचको युद्ध शैली अध्ययन गर्न महत्वपूर्ण<br>● पुरानकोट गाविसमा अवस्थित<br>● लमजुङ जिल्लाका सम्पूर्ण स्थलहरूका अलावा पोखरा, दमौली आदि समेतको दृश्यावलोकन गर्न सकिने<br>● चट्टानी भिरालो पहाड (तारे भीर) र क्वार्जको लागि प्रसिद्ध |
| राइनासकोट | ● तत्कालीन शाहवंशीय राजा (द्रब्य शाह) को प्रशासनिक स्थल<br>● पुरातात्विक, ऐतिहासिक महत्वका मन्दिर, दरबारका भग्नावशेष, प्राचीनद्धार, पहरा पोष्ट रहेका<br>● सफा मौसमको दिनमा अन्नपूर्ण हिमाली श्रृंखला लगायत दुधपोखरी, बिचौर, तार्कुघाट, अल्काटार, गोरखा, धादिङ, कास्की, तनहुँ र मनाङको सिमाना दृश्यावलोकन गर्न सकिने |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| | • ऐतिहासिक रुद्रदेवी मन्दिर तथा ढुंगाले बनेको प्राचीन सिद्धस्थान मन्दिर पनि रहेको<br>• राइनासकोटको सुरक्षाको लागि बनाईएको ऐतिहासिक द्वारेगौंडा रहेको<br>• शाहवंशीय राजाले पूजा गर्ने कालिका देवीको मन्दिर राइनासकोट डाँडामा रहेको<br>• पौराणिक गुरु गोरखनाथ राइनासकोटको गुफामा प्रकट भएका थिए भन्ने मान्यता रहि आएको<br>• सोरठी र घाटुको संरक्षण गरिएको<br>• विभिन्न वन्यजन्तु जस्तै मृग, चितुवा, कालिज, खरायो पाइने |
| सिन्दुरे ढुंगा | • तत्कालीन राजा यशोब्रह्म शाहलाई भीरकोटबाट लमजुङ ल्याउने क्रममा सिन्दुर जात्रा गरिएको स्थान<br>• यस ढुंगाको नामबाट यस स्थानको नाम सिंदुरेढुंगा रहेको र हाल गाविसको नामकरणसमेत भएको<br>• दुर्लभ घुमाउने घर देख्न सकिने |
| जिताकोट | • कदम र चाँपका ठूला रुखहरूको फेदमा सातवटा धाराहरू, नजिकै शिव मन्दिर तथा कोटघर रहेको<br>• वडादशैंको सप्तमीका दिन बली चढाई फूलपाती भित्र्याउने ऐतिहासिक प्रचलन रहेको<br>• जिता गाविस वडा नं। ७ मा अवस्थित<br>• जिता गाविसमा नै अवस्थित महत्वपूण अर्को स्थान भगेरकोटमा अनावृष्टि भएका समयमा जिताका मानिसहरू जम्मा भई पूजाआजा गरेमा वर्षा हुने स्थानीय विश्वास रहेको |
| कुन्छागढी | • तत्कालीन शाहवंशीय राजाहरूले दुश्मनहरूसँग लड्नका लागि बनाइएको गढी<br>• कुन्छा गाविस वडा नं। ५ मा अवस्थित |
| ईलमपोखरी | • सोह्रौं शताब्दीदेखिको इतिहास बोकेको<br>• समुद्री सतहदेखि २,१५७ मिटर उचाइमा अवस्थित<br>• करीब ५० मिटर लामो र ४० मिटर चौडा रहेको<br>• जङ्गलको बीचमा अवस्थित<br>• विभिन्न प्रकारका चराहरूले तालमा झरेका रुखका पातहरू भिकेर फाल्ने गरेको स्थानीय भनाइ<br>• जैविक विविधतायुक्त<br>• ऐतिहासिक ईलम देवीको मन्दिर अवस्थित<br>• गुरुङहरू (तमु) को बाहुल्यता र न्यून संख्यामा तामाङ र दलितहरूको पनि बसोबास रहेको<br>• भाँच्चिएको हाड जोड्न सक्ने विश्वास रहेको रात बिरात नामक जडीबुटी पाइने<br>• गुरुङहरूको सोरठी र स्यार्का नाच, ब्राहमणहरूको भजन र बालन<br>• प्रत्येक वर्ष ईलमदेवी मेला आयोजना हुने<br>• हरिवोधिनी एकादशी र बैशाख पूर्णिमा विशेष रुपले मनाइने<br>• कस्तुरी मृग, नाउर, घोरलका साथै विभिन्न प्रकारका चराहरू<br>• यहाँबाट ईलमपोखरी हुँदै दूधपोखरी तथा रुबी नाला-गोरखा-लार्के पदयात्रा मार्गको सम्भाव्यता रहेको लिपे, पोखरा, काठमाण्डौंको थानकोटसम्म अवलोकन गर्न सकिन्छ |
| गौंडाकोट | • ऐतिहासिक तथा धार्मिक स्थल<br>• ऐतिहासिक मौलादेवी मन्दिर र सिद्धभूमे मन्दिर रहेको<br>• समुद्री सतहबाट १,८१७ मिटरको उचाईमा अवस्थित<br>• यहाँ सिद्ध नामक सन्तले कामधेनु गाई पालेको किंवदन्ती रहेको<br>• बाइसे चौबिसे राजाहरूको सुरक्षा पोष्ट रहेको |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| | • दृश्यालोकन केन्द्र बनाई मनोरम हिमाली दृश्य हेर्न उपयुक्त रहेको, पोखरादेखि चितवनको माडीसम्म देख्न सकिने<br>• गौडाकोटको तलतिर हर्कधिर स्वमी सिद्ध गुफा रहेको<br>• गुरुङ, तामाङ, मगर, मुस्लिम, दलित र नेवारहरूको मिश्रित बसोबास रहेको<br>• मौरीपालन अत्यधिक हुने हुनाले महग्रामको रुपमा विकास गर्न सकिने<br>• प्यारजुङ जोगी गुफा, उलीकोथान, कालिका मौला यहाँका आर्कषणहरू<br>• बालन, चुट्का, सोरठी संरक्षित |
| हिलेटक्सार | • गुरुङ जातिको बाहुल्यता<br>• बाह्रमासे घाटु र कुसुन्डा नाच प्रचलनमा रहेको<br>• अन्नपूर्ण-२, मनास्लु र डाक्टर हर्क गुरुङ पिकसहित लमजुङका ६१ गाविसमध्ये ३०/३२ गाविसहरू अवलोकन गर्न सकिने<br>• फलेनी गुरुङ र तामाङ बाहुल्यता रहेको<br>• मेमे पोखरी रहेको<br>• सतुवा, यार्सागुम्बा, वनलसून जस्ता जडिबुटी तथा वन्यजन्तुमा नाउर, सेतो चितुवा, भालु आदि पाइने<br>• औषधीको गुण भएको खाबा प्रजातिको भ्यागुता पनि पाइने |
| घलेगाउँ/ घनपोखरा | • ग्रामीण पर्यटनका लागि एसियाकै नमुना गाउँ<br>• घले राजाको थलो<br>• अन्नपूर्ण २, लमजुङ  हिमाल, बुद्ध हिमाल र हिमचुलीको मनोरम दृश्यावलोकन गर्न सकिने<br>• २५ घरमा होमस्टे सुबिधा रहेको<br>• पर्यटक सूचना केन्द्र रहेको<br>• बेसीशहरदेखि घलेगाउँसम्म हरित सडक पनि रहेको<br>• विभिन्न कृषि उपज तथा मौरीपालनको लागि उपयुक्त हावापानी रहेको<br>• आधा घण्टाको दुरीमा भोज प्रोदी नामक चट्टानी पहाड रहेको<br>• चितुवा, मृग, कालिज, काँडे भ्याकुर पाइने<br>• लामपोखरी र ताल्यो पोखरी रहेका<br>• बाह्रमासे घाटु, घ्याब्रे, स्यार्का तथा परम्परागत भेषभूषा संरक्षित |
| घोप्टे | • मह शिकारको प्रचुर संभाव्यता रहेको<br>• गुरुङहरूको विशेष नाच तमारी छोरी प्रचलनमा रहेको एक मात्र गुरुङ गाउँ<br>• भिरालो भू-भागमा रहेको<br>• विभिन्न जडिबुटीका साथै यार्सागुम्बा पनि पाइने |
| जिम्दु | • बिकट तथा पिछडिएको गाउँ<br>• करीब २५ घरपरिवार रहेका<br>• यस ठाउँमा पुग्न प्रयोग सात वटा काठको भऱ्याङ गर्नुपर्ने अवस्था<br>• जैविक आलु उत्पादनमा रहेको, जिम्दुको आलु प्रख्यात रहेको<br>• तामाङहरूको बाहुल्यता रहेको<br>• तामाङ संस्कृतिका तामाङ सेलो, कृष्ण चरित्र, बोम्बो, सोनाम ल्होसार संरक्षित रहेको |
| हरिसिङ डाँडा | • उच्च समथर भू-भागमा अवस्थित<br>• ऐतिहासिक व्यक्तित्व भक्ति थापाले गाईवस्तु चराउने स्थल<br>• क्याम्पिङ साईटको रुपमा विकास गर्न सकिने संभाव्यता रहेको |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| | ● सुन्दर हिमाल तथा उपत्यकाको दृश्यावलोकन गर्न सकिने |
| सिउरुङ | ● मनास्लु-लमजुङ हिमाली श्रृङ्खलाको दृश्यावलोकन गर्न सकिने<br>● जडिबुटीहरू, च्याउ तथा गुन्द्रुक बनाउने जङ्गली नाबी गईडु पनि पाइने<br>● गुरुङ समुदायको बाहुल्यता रहेको<br>● घाटु (सती, बाह्रमासे) स्यार्का, कृष्ण चरित्र, घ्याब्रे, पाच्यु तथा झ्याउरे संस्कृति संरक्षित<br>● १७ वटा घरमा होमस्टेको सुबिधा उपलब्ध |
| जगत | ● मनाङको प्रवेशद्वार<br>● विश्व प्रसिद्ध अन्नपूर्ण पदयात्रा मार्गमा अवस्थित<br>● मर्स्याङ्दी नदीकिनारको उच्च भागमा अवस्थित<br>● होटेल तथा रेष्टुरेन्टहरू उपलब्ध पर्यटकीय केन्द्र<br>● जगत बजारबाट १५ मिनेटको हिडाइमा मर्स्याङ्दीको किनारमा तातोपानीको मुहान रहेको<br>● देवी दिदीको मन्दिर पनि रहेको<br>● मुनाल, घोरल, डाँफे लगायत विभिन्न जडीबुटीहरू पाइने<br>● कामी, दमाई, गुरुङ, तामाङ, क्रिश्चियन समुदायको बसोबास रहेको |
| स्याँगे | ● मर्स्याङ्दी नदी किनारको पहाडी चट्टानमा अवस्थित<br>● वातावरण सफा र स्वस्थकर<br>● मर्स्याङ्दी नदी, उच्च पहाड तथा भीरपाखा र छहराहरू यहाँको आर्कषण<br>● क्यान्योनिङ, रक क्लाईम्बिङ र मह शिकार पर्यटकीय गतिविधिहरू हुन सक्ने<br>● स्तरीय होटेल सुविधा उपलब्ध रहेका |
| घेर्मु ( क्लेह्मुँ) | ● समुद्री सतहदेखि १,१२० मिटर उचाईमा अवस्थित<br>● गुरुङहरूको बाहुल्यता रहेको<br>● वेसीमा अवस्थित<br>● घले राजाको पुरातात्विक महत्वका दरवारका भग्नावशेषहरू रहेको |
| बाहुनडाँडा | ● महाभारत श्रृङ्खलाको उच्च भागमा १,३१० मिटरको उचाइमा अवस्थित<br>● विभिन्न जात जातिको बसोबास रहेको<br>● नजिकैको तातोपानीको मुहान रहेको<br>● हिमाली श्रृङ्खलाका अतिरिक्त ङादी, कालघिरिङ्ग, भिरपुष्तुन, सन्जापु, उस्ता, रिङ्ताङ, सिउरुङ वस्तीहरूको अवलोकन गर्न सकिने |
| ङादी | ● मर्स्याङ्दी नदीको किनारमा ङादी अवस्थित<br>● ङादी खोला र मर्स्याङ्दीको दोभान<br>● होटेलहरूको सुविधा उपलब्ध<br>● स्वर्गीय डा. हर्क गुरुङको जन्मस्थल तराँचे तथा समाधिस्थल समेत रहेको |
| भुलभुले | ● मर्स्याङ्दी नदीको किनारमा उच्च महाभारतको खोंचमा अवस्थित<br>● मर्स्याङ्दी नदीद्वारा दुई भागमा विभक्त र पातलो वस्तीका रुपमा रहेको<br>● रमणीय पर्यटकीय स्थल<br>● मनास्लु, अन्नपूर्ण २, मर्स्याङ्दी नदीतथा उच्च महाभारतको दृश्य यहाँबाट देख्न सकिने<br>● होटेल सुविधा तथा आधारभूत पर्यटकिय पूर्वाधारहरू उपलब्ध |
| खुदी | ● सानो ग्रामीण बजार क्षेत्र<br>● मर्स्याङ्दी र खुदी खोलाको संगम<br>● नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ र तामाङहरूको मिश्रित बसोबास रहेको |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| | • लमजुङ र मनाङबीचको ऐतिहासिक व्यापारिक केन्द्र<br>• लमजुङकै बढी वर्षा हुने (२२०० मिलिलिटर) क्षेत्र<br>• स्वास्थ्य चौकी, कृषि सेवाकेन्द्र, हुलाक र सार्वजनिक टेलिफोन सेवा उपलब्ध<br>• मर्स्याङ्दी नदी, मर्स्याङ्दी र खुदी खोलाको संगम,<br>• लमजुङ र मनास्लु हिमाल तथा महाभारत श्रृङ्खला दृश्यावलोकन गर्न सकिने<br>• स्वर्गीय भक्ति थापाको ज |
| नरुवल | • करिब ७० घरधुरी भएको मगर बाहुल्यता रहेको गाउँ<br>• मगर संस्कृति अवलोकन गर्न सकिने<br>• प्रचुरमात्रामा जैविक खाद्यान्न उत्पादनका कारण यसलाई जैविकगाउँको चिनिएको गाउँ<br>• प्राचीन कालका थुप्रै हातहतियारहरू गाउँलेहरूसँग रहेका<br>• श्रीस्वाँरा गढी यहाँको ऐतिहासिक स्थलको रुपमा रहेको<br>• हाल १०-१५ घरमा होमस्टे क्षमता रहेको |
| तार्कुकोट | • गुरुङ, कामी, घर्ती र ब्राह्मणहरूको मिश्रित बस्ती<br>• २०० देखि ४०० वर्ष पुरानो ऐतिहासिक चण्डीको मन्दिर अवस्थित<br>• प्रमुख आर्कषणमा सुन्तला खेती, नमुना बाख्रापालन, जैविक कृषि उत्पादन<br>• लालीगुँरासको वन, मृग, कालिज यस स्थलका आकर्षणहरू |
| गहते | • मौलिक संस्कृति भएको गुरुङ बाहुल्यता रहेको गाउँ<br>• ११८ हेक्टर क्षेत्रमा नमुना सामुदायिक वन रहेको<br>• प्रमुख आर्कषणहरूमा कालिका मन्दिर तथा रानी ओडार |
| बजारकोट गढी/खड्ग देवी मन्दिर | • ऐतिहासिक स्थलहरू<br>• बजारकोटको नाम बज्र शब्दबाट उत्पत्ति भएको<br>• २३ घरधुरी भएको एउटा सानो बस्ती<br>• खड्गदेवी मन्दिर अवस्थित<br>• केही प्राचीन हातहतियारहरू रहेका<br>• पर्याप्त खानेपानी अनुपलब्ध |
| कुन्छा | • करिब ११० घरधुरी रहेको<br>• मल्ल, दुरा, मुस्लिम, गुरुङ, ठकुरी आदिको मिश्रित बसोबास<br>• लमजुङको पुरानो सदरमुकाम<br>• अमरसिंह थापाले बनाएको अस्थायी बासस्थान पनि रहेको<br>• एउटा गढी र ऐतिहासिक महत्वको मन्दिर रहेको |
| जिताकोट | • गुरुङ, मगर, खवास, ब्राह्मण, क्षेत्री र नेवारको ६५ घरधुरी बसोबास रहेको<br>• एक ऐतिहासिक कोटको भग्नावशेष रहेको<br>• नजिकै ७ मुखेपानीको मुहान |
| टक्सार (शेरा) | • गुरुङ, दुरा, गिरी, कुँवर, ठकुरी, चन्द, मल्ल शाहीको मिश्रित बसोबास रहेको<br>• टक्सारमा गुरुङ संस्कृतिको बाहुल्यता रहेको<br>• ९ वटा सामुदायिक वनहरू रहेका<br>• वर्षाको पानी संकलन गर्ने प्रणाली रहेको |
| गुन्द्रुमपोखरी/महेन्द्रेश्वर महादेव | • प्रसिद्ध महेन्द्रश्वर महादेव गुन्द्रुमपोखरी अवस्थित<br>• गिरी, पुरी, शाही, ठकुरीहरू यहाँका बासिन्दाहरू |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| रम्घाटार (दुईपिप्ले) | • समुद्री सतहदेखि ४३४ मिटर उचाइमा अवस्थित<br>• स्थानीयहरूले नेपालको मध्यविन्दु पनि भन्ने गरेका<br>• २५८ घरधुरी बोटे, कुमाल, गुरुङ, ब्राह्मण, क्षेत्री र वादी समुदायको बसोबास रहेको<br>• मालिका र कुभिण्डे दहबाट रम्घाको दृश्यालोकन गर्न सकिने<br>• पर्यटकका लागि आवश्यक केही होटेल तथा लजहरू रहेका |
| समीभञ्ज्याङ (पुरानो हटिया) | • समुद्री सतहदेखि ८८७ मिटरको उचाईमा अवस्थित<br>• नेवार, गुरुङ र ब्राह्मणहरूको बसोबास रहेको<br>• रोपाई जात्रा, घोडे जात्रा, छोक्रा नाँच, चाँचरी लगायत टाकटुके नाँच, लाखे नाँच, छकडा नाँच, मालश्री, भजन, चुट्का, कौराजस्ता संस्कृतिको संरक्षण<br>• गुरुङ र मगर भेषभूषा प्रचलनमा रहेको<br>• केही साना होटेलहरूका साथै १० वटा घरमा होमस्टे सुविधा रहेको<br>• |
| तान्द्राङ्कोट /गढी | • मनोरम हिमाली श्रृङखला तथा १२ वटा जिल्लाहरूको अवलोकन गर्न सकिने<br>• कोट परिसरमा नाग भैरबको मन्दिर रहेको<br>  • पञ्चबलीको परम्परा रहेको<br>  • मन्दिरभित्र प्राचीन हातहतियारहरू राखिएको<br>  • मगर पूजारी भएकाले मन्दिरको छाना नराखिएको<br>  • बि।सं। १८७० मा अमरसिंह थापाले चढाएको घण्ट विद्यमान रहेको<br>• स्वामी बालानन्दको गुफा रहेको<br>• घले राजाको दरबारको भग्नावशेष पनि तान्द्राङ्कोट नजिकै रहेको |
| करापुटार/ ईशानेश्वर महादेव मन्दिर | • ६०० वर्षभन्दा पुरानो इशानेश्वर महादेव मन्दिर करापुटारमा रहेको<br>• सतीदेवीको दायाँ तिघ्रा पतन भएको स्थल<br>• शिवरात्रीको बेला करिब ५० हजारभन्दा बढी भक्तजनहरू आउने<br>• ठाडो भाकाको उद्गमस्थल<br>• रोइला तथा भजन यहाँका विशेषताहरू<br>• करिब १०० भन्दा बढी पर्यटक बसोबासको क्षमता रहेको<br>• यातायात तथा सञ्चारको सुबिधा रहेको |
| गिलुङ | • गुरुङ बाहुल्यता रहेको<br>• गुरुङ संस्कृति विशेषताको रुपमा रहेको<br>• पातलो बसोबास<br>• लमजुङ हिमाल, माछापुच्छ्रे, मनास्लु, र अन्नपूर्ण श्रृङखलाको मनोरम दृश्यावलोकन गर्न सकिने<br>• ऐतिहासिक अमरेश्वर शिवालय, क्वेचोदेवी मन्दिर र गुम्बायहाँका प्रमुख आर्कषण |
| घाम्राङ | • गुरुङ संस्कृतिमा धनी बस्ती<br>• लमजुङ हिमाल, अन्नपूर्ण र मनास्लुको दृश्यावलोकन गर्न सकिने<br>• तीन वटा पोखरीहरू रहेका<br>• अग्रिमा खो गुफा अवस्थित<br>• फ्रान्सको किर्क माईकल गाउँसँग मैत्री सम्बन्ध रहेको |
| पसगाउँ | • गुरुङ बाहुल्यता रहेको ठूलो गाउँ<br>• गाउँको तल्लो, मध्य र माथिल्लो भागमा लामाहरूले मन्त्र पढेको ३ वटा द्वारहरू रहेका |

| प्रमुख स्थल | ऐतिहासिक तथा पुरातात्विक महत्व र विशेषता |
|---|---|
| | ● ऐतिहासिक गुम्बा तथा स्तुपाहरू रहेका<br>● चण्डी पूर्णिमा र लोसार मनाउने प्रचलन रहेको<br>● ठाडेखोला र पाहछेखोला यहाँका प्रमुख खोलाहरू<br>● दूधपोखरी र तिउजेताल अवस्थित<br>● बख्खु, अल्लो, पुजी र मकैको गुन्द्री निर्माणस गर्ने प्रचलन रहेको |
| भुजुङ | ● जिल्लाभरिको अधिकतम् गुरुङ बसोबास रहेको गाउँ<br>● चिया बगान, जलविद्युत् र रोपवे प्रमुख आर्कषणहरू<br>● लमजुङ हिमाल अवलोकन गर्न सकिने<br>● कोयमी प्रजातिको चरा पाइने<br>● ऐतिहासिक अजोमो सन्तानेश्वर मन्दिर रहेको, यहाँबाट ढुङ्गा लिई राती सँगैसुत्दा सन्तान प्राप्ती हुन्छ भन्ने जनविश्वास रहेको<br>● गुरुङहरूको परम्परागत फजौ भाषा प्रचलनमा रहेको<br>● घना बस्ती, एक गाउँ एक गाविस, ढुङ्गेबाटो, ढल निकास, विद्युत तथा सञ्चार सेवा, स्थानीय धान यहाँका विशेषता |
| नाल्मा | ● गुरुङ बस्ती, गुरुङ संस्कृतिको बाहुल्यता<br>● केटीहरूद्वारा अतिथिलाई ३ पल्ट मदिरा खान दिई स्वागत गर्ने प्रचलन 'तोसी' विद्यमान<br>● यहाँको सुनकोटबाट अन्नपूर्ण, माछापुछ्रे, लमजुङ हिमाल तथा मनास्लुको मनोरम दृश्यावलोकन गर्न सकिने<br>● प्रमुख धार्मिक आर्कषणहरूमा नाङ्दीदेवी मन्दिर, खुन्द्रुदेवी मन्दिर र तासी छ्योलेन गुम्बा रहेका |
| उदिपुर बजार/ कालिका मन्दिर | ● मिश्रित बसोबास तथा संस्कृति रहेको<br>● मध्य मर्स्याङ्दी जलविद्युत परियोजना, गाईखुरे भीर, मौसमी झरनाहरू, ऐतिहासिक कालिका मन्दिर (उदिपुर कालिका) सामुदायिक वन, बाहुन, नेवार र गुरुङहरूको मिश्रित संस्कृति आदि प्रमुख आकर्षण रहेका<br>● गाईखुरे भीरलाई रक क्लाईम्बिङ प्रशिक्षण स्थलको रुपमा प्रयोग गर्न सकिने सम्भाव्यता रहेको<br>● १७८ रोपनीमा फैलिएको ऐतिहासिक कालिका मन्दिर अवस्थित |

*मूलस्रोतः जिल्ला पर्यटन गुरुयोजना, २०७०*

यसरी जिल्लामा ४० भन्दा बढी संख्यामा ऐतिहासिक रुपले महत्वपूर्ण, प्राकृतिक रुपले मनोरम स्थानहरू रहेका छन्। यी स्थानहरूको संरक्षण, संवर्द्धन र उपयुक्त व्यवस्थापन गर्न सकिएको खण्डमा जिल्लामा पर्यटनको विकास विस्तार गरी पर्यटन क्षेत्रलाई जिल्ला अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनाउन सकिने सम्भावना रहेका छ।

### २.१४.२ जिल्लामा पर्यटन विविधिकरणका सम्भावित क्षेत्र

जिल्लामा पर्यटन विविधकरणको पनि पर्याप्त सम्भावना रहेका छन्। विविधकरणको सम्भावना निम्नअनुरुप छः

- पर्यापर्यटन
- एक्सपीडिसन
- प्याराग्लाइडिङ
- र्‍याफ्टिङ,
- हनि हन्टिङ
- बन्जिजम्पिङ

### २.१४.३ जिल्लामा उपलब्ध होटेल र बेड

पर्यटनको विकासका लागि न्यूनतम पूर्वाधार तथा सुविधाको जरुरत पर्दछ। यसमध्ये पर्यटकीय स्थल तथा मार्गहरूमा होटल, होमस्टेको सुविधा प्रमुख हुन आउँछ। जिल्लामा होटेलको उपलब्धता निम्नअनुसार छ :

**तालिका-४४**

**जिल्लामा उपलब्ध होटेल र बेड**

| स्थान | होटेल | | बेड | | रोजगारी संख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | बेड संख्या | प्रतिशत | |
| बेसीशहर | १५ | १५.५ | ३०० | २५.९ | ३० |
| डादी | १७ | १७.५ | २१८ | १८.८ | ३४ |
| जगत | १२ | १२.४ | २१७ | १८.७ | २४ |
| बाहुनडाँडा | ५ | ५.१ | १२० | १०.३ | १० |
| भोर्लेटार | २० | २०.६ | १०० | ८.६ | ४० |
| भुजुङ | ३ | ३.१ | २० | १.७ | ६ |
| रम्घाटार | ११ | ११.३ | ६० | ५.१ | २२ |
| करापुटार | ६ | ६.२ | ५० | ४.३ | १२ |
| भुलभुले | ४ | ४.१ | ४३ | ३.७ | ८ |
| खुदी | २ | २.१ | २० | १.७ | ४ |
| नयाँगाउँ | १ | १.० | ४ | ०.३ | २ |
| नाल्मा | १ | १.० | ३ | ०.३ | |
| | ९७ | | ११५५ | | |

*स्रोत: जिल्ला पर्यटन गुरुयोजना, २०७०*

उपलब्ध होटेलको संख्याका आधारमा सम्बन्धित स्थान/ बजारलाई तीन श्रेणीमा वर्गीकरण गर्न सकिन्छ। पहिलो श्रेणीमा बेसीशहर, बेसीशहर, डादी तथा जगतमा रहेको देखिन्छ र दोस्रो श्रेणीमा बाहुनडाँडा, भोर्लेटार तथा रम्घाटार रहेको देखिन्छ। तेस्रो श्रेणीमा भुजुङ, करापुटार, भुलभुले, खुदी, नयाँगाउँ तथा नाल्मा रहेका देखिन्छन्।

### २.१४.४ होम स्टे र बेड

होमस्टेको विकास तथा विस्तारले पर्यटन उद्योगको विकासलाई संकेत गर्दछ। जिल्लामा होमस्टेको संख्या निम्नअनुसार छः

**तालिका-४५**

**जिल्लामा उपलब्ध होटेल र बेड**

| स्थान | होमस्टे | | बेड | | रोजगारी संख्या (अनुमानित) |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | बेड संख्या | प्रतिशत | |
| भुजुङ | १४ | १९.१ | ८६ | ३२.१ | १४ |
| घलेगाउँ | ३२ | ४३.२ | ९७ | ३६.१ | ३२ |
| पसगाउँ | १७ | २२.९ | ५० | १८.६ | १७ |
| गहते, तार्कु | ६ | ८.१ | १८ | ६.७ | ६ |
| काउलेपानी | | | | | |
| नरुवल | | | | | |
| खासुर | | | | | |
| सिउरुङ | ५ | ६.७ | १७ | ६.३ | ५ |
| कुल | ७४ | | २६८ | | ७४ |

*स्रोत: जिल्ला पर्यटन गुरुयोजना*

जिल्लामा होमस्टेको विकासको अध्ययन गर्दा कुल पाँच स्थानमा ७४ वटा होम स्टे रहेको र यस अन्तर्गत जम्मा २६८ वेड संख्या रहेको देखिन्छ ।

अन्नपूर्ण ट्रेकिङ रुट पर्यटन सम्बन्धी सम्पत्ति जिल्लाको एउटा महत्वपूर्ण सम्पत्तिको रुपमा रहेको देखिन्छ । यसबाहेक अन्य रुटहरूको विकास गर्नुपर्ने देखिन्छ । बेसीशहर-घलेगाउँ-घनपोखरा-मनाङको तिनाङ अर्को वैकल्पिक रुटको रुपमा सम्भाव्य देखिन्छ । जिल्लामा प्राकृतिक, सामाजिक, सांस्कृतिक रुपमा पर्यटन विकासको पर्याप्त सम्भावना भए पनि उपलब्ध सम्भावनाको उचित उपयोग भने हुन सकेको देखिँदैन । पर्यटन विकासका लागि आवश्यक पूर्वाधार विकास जस्तै यातायात/ट्रेकिङ रुट, वैकल्पिक रुट, होटल गेष्ट हाउस, सरसफाइ, ठाउँठाउँमा खानेपानी, चर्पी, आराम गर्ने स्थल तथा मनोरञ्जनका प्याकेजहरू विकास हुन सकेको छैन ।

अहिलेसम्म पदयात्रीहरूले मर्स्याङ्दी नदीतिरको मार्गलाई प्रयोग गर्दै आएका छन् । स्थापित भइसकेका मार्ग बाहेक लमजुङमा अरु पदयात्रा मार्गहरू पनि रहेका छन् । तीमध्ये बेसीशहर-बारपोखरी-बाहुनडाँडा, बेसीशहर-बाग्लुङपानी-घलेगाउँ-खुदी, बेसीशहर-बाग्लुङपानी-घलेगाउँ-घनपोखरा-नामुन पास (५,००० मि।)-मनाङ प्रमुख मार्गहरू हुन् । जिल्लामा सडक यातायातको पहुँच तथा केही आधारभूत पूर्वाधारहरू भएतापनि दुरुस्त अवस्थामा छैनन् । पदयात्रा, पर्वतारोहण, ऱ्याफ्टिङ, हनी हन्टिङ, क्यान्योनिङ, रक क्लाईम्बिङ, पाराग्लाईडिङ, ग्रामीण तथा सामुदायिक पर्यटन, साँस्कृतिक पर्यटन, पर्यापर्यटन जस्ता केही गतिविधिहरू जिल्लामा देख्न सकिन्छ । यिनको थप विस्तार गर्न सकिने सम्भावना रहेको छ । जिल्ला पर्यटन गुरु योजना

लमजुङ जिल्लामा पर्यटक आगमनको लामो तथ्याङ्क नभएता पनि २००८-२००९ मा आन्तरिक पर्यटकको सङ्ख्या ३,५५८ रहेको पाइन्छ । त्यसैगरी २००८ मा भित्रिएका १५,७६५ वाह्य पर्यटकको तुलनामा २००९ मा भुलभुले चेक पोष्ट हुँदै १६,१०१ वाह्य पर्यटकहरू अन्नपूण संरक्षण क्षेत्रमा प्रवेश गरेको पाइन्छ । सन् २००९ मा ८२,४४३ वाह्य पर्यटकहरूसहित कुल २०३,५२७ पर्यटकहरूले नजिकैको शहर पोखराको भ्रमण गरेका थिए । त्यसैगरी सन् २००९ मा मनास्लु पदयात्रा क्षेत्रमा १,६३५ पदयात्रीहरूले पदयात्रा गरे भने ४८ जनाले मनास्लु हिमाल आरोहण गरेका थिए । यी पर्यटकहरूलाई लमजुङ जिल्लामा समेत आकर्षित गर्न सकिन्छ ।

### २.१४.५ पर्यटन क्षेत्रका समस्या तथा चुनौतिहरू

जिल्लाको पर्यटन क्षेत्रलाई अपेक्षित गति दिन यस क्षेत्रका समस्या तथा चुनौतिहरूलाई मध्यनजर गर्दै कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ । यस क्षेत्रका समस्याहरू निम्नअनुसार छन् :

- ***पर्यटकीय पूर्वाधारको कमी*** : जिल्लाको पर्यटन गुरुयोजना निर्माणपछि सम्भावित पर्यटकीय क्षेत्रहरू पहिचान भएको छ र पहिचान भएका क्षेत्रलाई पर्यटकीय स्थलका रुपमा विकास गर्नुपर्ने चुनौति रहेको छ । बराह पोखरी क्षेत्र, इलमपोखरी (दूधपोखरी तथा लिपेलेक), नामून पास भञ्ज्याङजस्ता स्थलहरूमा सडकको पहुँच पुग्न सकेको देखिँदैन । राइनासकोट, दूधपोखरी गाविस देउराली भञ्ज्याङ, हिलेटक्सार, ठूलोस्वाँरा (दुरागाउँ), पुरानकोट, नाल्मा, गहते, घनपोखरा जस्ता स्थानहरूमा सडकको पहुँच पुगेको भए पनि पर्यटकहरूका लागि बस्ने खाने सुविधा (Accomodation) को विकास हुन सकेको देखिँदैन । तार्कुकोट, करापुकोटलगायत कतिपय स्थानमा खानेपानीको समेत अभाव रहेको छ । पर्यटकीय मार्गहरूमा ठाउँठाउँमा विश्रामस्थल, मनोरञ्जन स्थल, खानेपानी, शौचालयको अभाव रहेको छ ।
- ***व्यवसायिक ज्ञान, सीप, दृष्टिकोणको अपर्याप्तता*** : जिल्लामा प्याकेज टुर/पर्यटनको विकासको सम्भावना पर्याप्त रहेको छ । यसका लागि विभिन्न स्थानमा रहेका व्यवसायीहरूले आवश्यक न्यूनतम गुणस्तरको सुनिश्चितता गर्नुआवश्यक हुनजान्छ । जिल्लाका दुर्गम तर मनोरम/ऐतिहासिक स्थानमा रहेका व्यवसायीहरूमा व्यवसायिक ज्ञान, सीप र सोचको कमी रहन गएको अवस्थामा प्याकेजमा आधारित पर्यटकीय गतिविधिहरू सञ्चालन गर्न कठिनाइ रहेको छ ।
- ***घट्दो बसाइदिन*** : यातायातको विकास सँगै जिल्लामा आउने पर्यटकको औसत बसाइ दिन घट्दै गएको छ । सीधा यातायातको सुविधापछि पर्यटकहरू सीधै गन्तव्यस्थल पुग्ने अवस्था सिर्जना भएको छ तर गन्तव्यस्थल पुग्ने मार्गहरूमा आवश्यक पर्यटकीय गतिविधिहरूको निर्माण, विकास, विस्तार हुन सकेको छैन ।
- ***सुरक्षाको प्रत्याभूतिः*** आन्तरिक वा बाह्य पर्यटकका लागि सामान्यतया सुरक्षित अवस्था रहेको छ । यद्यपि पर्यटकहरूको गतिविधि एवम् सुरक्षास्थितिलाई नजिकबाट निरन्तर अनुगमन गर्ने पद्धतिको अभाव रहेको छ । एउटै घटनाले पनि ठूलो सन्देश गई व्यापक प्रभाव पार्न सक्ने भएकाले पूर्ण सुरक्षाको पूर्ण प्रत्याभूतिको अवस्था सिर्जना गर्नु आवश्यक छ ।

- ***आन्तरिक पर्यटनको सम्भावना आत्मसात् गर्न नसक्नुः*** निजी क्षेत्रलगायत राज्यले समेत आन्तरिक पर्यटनको बलियो सम्भावनालाई आत्मसात् गर्न सकेको देखिँदैन। बेसीशहरमा पर्यटन व्यवसायीहरूको अनुभव अध्ययन गर्दा विदेशी पर्यटकभन्दा आन्तरिक पर्यटकको औसत खर्च पटकपटक बढी पाइएको छ। आन्तरिक पर्यटकलाई लक्षित गरी खास समुदाय, वर्ग वा क्षेत्रमा केन्द्रित कार्यक्रमहरू विकास गर्नुपर्ने खाँचो देखिन्छ।
- ***फोहोरमैला व्यवस्थापन एवम् सामुदायिक सरसफाइमा कमी :*** बजार तथा पर्यटनको वृद्धिसँगै फोहोरमैलाको दैनिक उत्पादन पनि वृद्धि भइरहेको छ तर फोहोरमैलाको उचित व्यवस्थापन हुन सकेको छैन। फोहोरमैलालाई संकलनको अवस्थामै वर्गीकरण गर्ने (कुहिने, नकुहिने) र वर्गीकरण अनुसार संकलित फोहोरको व्यवस्थापन गर्ने पद्धति सुरु हुन सकेको छैन। फोहोर फाल्ने ठाउँमा त्यसको नियमित उपचार हुन नसक्दा वातावरण प्रदूषित भइरहेको छ। जिल्ला सदरमुकाम एवम् जिल्लाको प्रमुख बजार बेसीशहरमा यो स्थिति विद्यमान छ। गुरुङ संस्कृतिको धनी घाम्राङमा खुला दिशापिसावको समस्या छ।
- ***प्रचारप्रसारको कमी :*** जिल्लामा पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसारको कमी छ। रेडियो, टेलिभिजन, पत्रपत्रिका, डकुमेन्ट्री, पर्यटन मेला, पर्यटन स्टल, टक कार्यक्रमहरू, यू ट्युब भिडियोहरूलगायत विभिन्न विधिबाट जिल्लाका रमणीय तथा ऐतिहासिक एवम् पुरातात्विक महत्वका स्थलहरूका बारेमा जानकारी गराउने कार्यक्रमहरू निर्माण हुन सकेको देखिँदैन। साथै सम्भावित आन्तरिक पर्यटकहरूसम्म पुग्ने रणनीति एवम् कार्यक्रम तर्जुमा समेत गर्नुपर्ने देखिन्छ।
- ***समन्वयको कमी :*** छिमेकी जिल्लाहरू कास्की, गोर्खा, तनहुँ, मनाङसँग क्षेत्रीय स्तरमा पर्यटन प्रवर्द्धनका लागि समन्वयको कमी रहेको छ। बेसीशहरमा पर्यटक सूचना केन्द्रको अभाव रहेको छ भने काठमाडौंलगायत देशका प्रमुख पर्यटकीय शहरहरूमा ट्रेकिङ एवम् ट्राभल एजेन्सीहरूसँग समन्वय गरी जिल्लाको पर्यटकीय सम्भावनाबारे सम्भावित पर्यटकहरूलाई जिल्लाका विभिन्न स्थानहरूबारेमा जानकारी गराउने योजनावद्ध पद्धतिको अभाव देखिन्छ।

#### २.१४.६ पर्यटन क्षेत्रका सम्भावनाहरू

लमजुङ जिल्लामा पर्यटनको ठूलो सम्भावनालाई यहाका स्थानीय निकाय, अन्य सरकारी कार्यालय, निजी तथा गैरसरकारी क्षेत्रले समेत स्वीकार गरिसकेको अवस्था छ। यस सन्दर्भमा जिल्ला पर्यटन गुरुयोजना समेत तयार भइसकेको अवस्था छ। जिल्लामा पर्याप्त मात्रामा प्राकृतिक रुपमा मनोरम एवम् नेपाल एकीकरणको इतिहास झल्काउने अनेकन् महत्वपूर्ण स्थलहरू रहेका छन्। सडक विस्तार जिल्लाका प्रायः सबै गाविसहरूमा भइसकेको छ, तिनलाई निरन्तरता दिनु र गुणस्तर वृद्धि गर्नुपर्ने खाँचो रहेको छ। आन्तरिक पर्यटकको उल्लेख्य वृद्धि भइरहेको अवस्था छ। घलेगाउँले एसियासहित विश्वभरि नै आफ्नो परिचय विस्तार गरिरहेको अवस्था छ। पर्यटन क्षेत्रको विकास, विस्तारका लागि सीमित मात्रामा भए पनि दृष्टिकोणसहितका युवाहरू निजी क्षेत्रबाट लागिपरेको अवस्था छ। जिल्लाका सम्भावित प्रायः सबै पर्यटकीय स्थलहरूको पहिचान भइसकेको छ।

## २.१५ भौतिक पूर्वाधार (Physical Infrastrtucture)

जिल्लाको प्रमुख भौतिक पूर्वाधारअन्तर्गत सडक सञ्जाल तथा त्यसअन्तर्गतका पुल, कल्भर्ट, विद्युत्, सञ्चार प्रणाली, खानेपानी रहेका छन्। जिल्लामा सडक सञ्जालको व्यापक विस्तार भई कुल सडक लम्बाइ करिब ८८० किलोमिटर पुगेको छ तर कालोपत्रे गरिएका र वर्षैभरि यातायात सञ्चालन हुने यातायात रुट अत्यन्त कम छन्। यस्तै, कतिपय सडकसँग नाली निर्माण गरिएको पाइँदैन भने कतिपय स्थान निर्मित नालीहरूसमेत जमिनको भिरालो स्वरुपका कारण वर्षायाममा पुरिने र त्यसको नियमित मर्मत सम्भारको अभावका कारण निर्मित सडकहरू चाँडै क्षतिग्रस्त भइरहेको अवस्था छ। सडक यातायात जिल्लाका सबै गाविसमा विस्तार भइसकेको भएपनि सबैजसो सडक मौसमी रुपमा मात्र सञ्चालन हुन सक्ने अवस्थाका छन्। जिल्लाभरिममा एउटा पनि व्यवस्थित बस पार्कको विकास हुन सकेको छैन। सडक मार्गमा पार्किङ स्थल तथा यात्रु प्रतिक्षलयहरू निर्माण र व्यवस्थापन गर्न सकिएको छैन। जिल्लाका अधिकांश सडकहरू जिल्ला विकास समिति तथा गाउँ विकास समितिद्वारा निर्माण गरिएका छन्। क्षमताका आधारमा सडकलाई द्रुत मार्ग (६० मिटर चौडाइ), राजमार्ग (२० मिटर), सहायक मार्ग (१३ मिटर), न्यून मार्ग (७ मिटर) तथा घोडेटो (३.५ मिटर) गरी सामान्यतया पाँच प्रकारमा वर्गीकरण गर्ने गरिएको पाइन्छ भने यस वर्गीकरणका आधारमा जिल्लाका सडकहरू न्यून मार्ग (Minor roads) र घोडेटोको स्तरमा रहेको देखिन्छन्। सडक निर्माणको प्रकारका आधारमा सडकहरू ढलान, कालोपत्र, खण्डास्मित र कच्चा गरी सामान्यतया चार प्रकारका पाइन्छन्। यस

वर्गीकरणअनुसार जिल्लामा ४ प्रतिशत सडक कालोपत्रे, १२ प्रतिशत सडक खण्डास्मित र ८४ प्रतिशत सडक कच्ची स्तरका रहेका छन् ।

फाँट तथा टारहरूमा नयाँ वस्ती विकास भइरहेको भए पनि योजनावद्ध हुन सकिरहेको छैन । बेसीशहर, भोटेवडार, राइनासटार आदि स्थानमा वस्ती विकासको क्रम तीव्र भए पनि वस्ती विकास योजना तयार नहुँदा अव्यवस्थित वस्ती विकास भइरहेको छ । प्रमुख बजार केन्द्रहरूमा समेत ढल निकासको व्यवस्था हुन सकेको छैन । विभिन्न वस्तुहरूको भण्डारणका लागि गोदामघरहरू निर्माण भएको देखिँदैन ।

मिदिमखोला, रिस्ती खोला, पाउँदी खोला, चेपेखोला तथा अन्य खोलाहरूले खेतीयोग्य जमिनलाई बगरमा रुपान्तरण गरिरहेको, वस्तीहरूलाई जोखिममा पारिरहेको स्थिति छ । यसका लागि नदी नियन्त्रणका लागि पर्याप्त संरचनाहरू विकास गर्न सकिएको देखिँदैन साथै कतिपय स्थानमा निर्मित संरचनाहरू आफैं छोटो समयमै खोलाबाट क्षतिग्रस्त हुन गएको पाइन्छ । अन्य प्रमुख भौतिक पूर्वाधारको अवस्था निम्नअनुसार छ:

### २.१५.१ सडक

लमजुङ जिल्लाको सडक निर्माणको काममा जिल्ला विकास समिति, गाविसहरू तथा सडक विभाग मुलरुपमा संलग्न भएको देखिन्छ । जिल्ला सडक यातायात गुरु योजनाले जिल्लाका सडकलाई जिल्ला सडक मुल सञ्जाल र ग्रामीण सडक मूल सञ्जाल गरी वर्गीकरण गरेको छ । जिल्ला सडक मूल सञ्जालको कुल लम्बाइ ३८९ कि.मि. रहेको छ भने ग्रामीण सडक मूल सञ्जालको कुल लम्बाइ ३९५.४४ कि.मि. देखिन्छ । जिल्लामा निर्मित सडक सञ्जालको अधिकांश हिस्सा धुले सडक रहेको छ भने जिल्ला सडक मूल सञ्जालको ३०० कि.मि. ग्राभेल सडक रहेको देखिन्छ ।

#### २.१५.१.१ जिल्ला सडक मुल सञ्जाल (District Road Core Network)

जिल्ला सदरमुकामबाट गाविस सदरमुकामसम्म पुग्ने सडकलाई जिल्ला सडक मूल सञ्जाल नामकरण गरिएको छ । यसअन्तर्गतका सडकहरु देहायबमोजिम छन्:

**तालिका-४६**

**जिल्ला सडक मुल सञ्जालअन्तर्गतका सडक**

*(किलोमिटर)*

| क्र. सं. | सडकको नाम | कुल लम्बाइ | सडकको किसिम | | | सडकले पार गर्ने/छुने वस्तीहरु |
|---|---|---|---|---|---|---|
| | | | कालोपत्रे | ग्राभेल | धुले | |
| १ | काफलबोट-भार्ते गाविस सडक | ०.२० | | ०.२० | | |
| २ | बीमिरेभञ्ज्याङ-ज्यामिरे भञ्ज्याङ-नेटा गाविस सडक | १.५३ | | ०.४२ | | नेटा, धुसेनी |
| ३ | सिउँडीबार-सुन्दरबजार-खत्रीठाँटी-सत्रसय-बीमिरेभञ्ज्याङ-भोर्लेटार सडक | २६.६९ | | ३.१० | | भोटेवडार, सुन्दरबजार, तार्कु, दुराडाँडा, चन्द्रेश्वर, धुसेनी, नेटा, बान्द्रे, भोर्लेटार |
| ४ | चिहानडाँडा-सिन्दुरे गाविस सडक | १.२० | | १.२ | | चन्द्रेश्वर, सिन्दुरे |
| ५ | बेसीशहर-चण्डीस्थान गाविस सडक | ५.४८ | | ५.४५ | | बेसीशहर, चण्डीस्थान |
| ६ | बेसीशहर-बाँभ्फाखेत-भाचोकबेसी सडक | ३.०६ | | २.७४ | | बेसीशहर, बाँभ्फाखेत |
| ७ | बेसीशहर-बाग्लुङपानी-कपुरगाउँ-भुजुङ सडक | ३२.२५ | | १३.०१ | | बेसीशहर, वाग्लुङपानी, उत्तरकन्य, भुजुङ |
| ८ | उदिपुर-रामचोकबेसी-नौथर शेरा-कीर्तिपुर सडक | १६.४३ | | ९.३३ | | उदिपुर, चिती, नौथर, बन्सार, ढोडेनी |
| ९ | काकीडाँडा-माभ्फगाउँ सडक | २.९५ | ० | २.९५ | ० | चिती, हिलेटक्सार |
| १० | हर्राबोट-भैंसेखोला सडक | २.३८ | ० | २.३८ | ० | तार्कुघाट |
| ११ | भोटेवडार-बेलघारी-भार्ते-गौडा सडक | १५.१८ | | १४.१७ | | भोटेवडार, भार्ते, गौंडा |
| १२ | तार्कुघाट-धमिलीकुवा-चक्रतीर्थ- | १५.९७ | | १४.२५ | | तार्कुघाट, धमिलीकुवा, |

| क्र. सं. | सडकको नाम | कुल लम्बाइ | सडकको किसिम | | | सडकले पार गर्ने/छुने वस्तीहरु |
|---|---|---|---|---|---|---|
| | | | कालोपत्रे | ग्राभेल | धुले | |
| | साहिँलीटार-बोराङखोला सडक | | | | | चक्रतीर्थ, भलायखर्क |
| १३ | दुईपिप्ले-समीभञ्ज्याङ सडक | ४.७२ | ० | ४.७२ | ० | रम्घा, समिभञ्ज्याङ |
| १४ | खुदी-सेग्ले सडक | ४.७ | ० | ४.७ | ० | खुदी, सिम्पानी |
| १५ | नेटा-थानसिङकोट-बांग्रे सडक | ३.०८ | ० | ३.०८ | ० | नेटा, बांग्रे |
| १६ | बाँझाखेत-हिले-कार्कीडाँडा-चिती-तिलाहार सडक | १०.१२ | ० | १०.१२ | | बाँझाखेत, हिलेटक्सार, चिती |
| १७ | रामबजार-भाँटबेसी-कल्याण-मजुवा-रुडीदोभान सडक | ४.१२ | ० | ४.१२ | ० | ईशानेश्वर, करापु |
| १८ | साहिँलीटार-भलायखर्क सडक | २.६६ | ० | २.६६ | ० | भलायखर्क |
| १९ | सोतीपसल-टक्सार गाविस सडक | २.८४ | ० | २.८४ | ० | टक्सार |
| २० | ठाँटी-कल्लाबारी-फिरीपैंचो सडक | ५.५१ | ० | ५.५१ | ० | बीचौर, दूधपोखरी |
| २१ | कोकेगाउँ-लामागाउँ सडक | २.६२ | ० | २.६२ | ० | प्यारजुङ |
| २२ | बाखेजगत-पुरानकोट-चिहानपाटा-सत्रसय सडक | १४.४२ | | ७.३३ | | नाल्मा, पुरानकोट, सिंदुरे, चन्द्रेश्वर, दुराडाँडा |
| २३ | खुदी-बाछे-घिमराङ-घनपोखरा सडक | ७.८३ | ० | ७.८३ | ० | खुदी, घनपोखरा |
| २४ | काडेलुम-बागुम सडक | १.२७ | ० | १.२७ | ० | उत्तरकन्या |
| २५ | कोइरालाफाँट-धुसेनी सडक | २.८६ | ० | २.८६ | ० | धुसेनी |
| २६ | खत्रीठाँटी-कुन्छाभञ्जयाङ-सोतीपसल-सुन्दरादिही-दुई पिप्ले सडक | २३.०८ | ० | ४.२९ | ० | सुन्दरबजार, परेवाडाँडा, कुन्छा, जिता, टक्सार, सूर्यपाल, रम्घा |
| २७ | थकानबेसी-शीतलबेसी-बाहुनडाँडा-घेर्मुफाँट सडक | ४.७९ | | ३.३५ | | खुदी, बाहुनडाँडा, घेर्मु |
| २८ | ठाँटी-अर्चलबोट सडक | २.९९ | ० | २.९९ | ० | अर्चलबोट |
| २९ | करापुटार-डडुवा-गिलुङ-साल्मेभञ्ज्याङ-पसगाउँ-सिड्दी सडक | २५.६६ | ० | २५.६६ | ० | करापु, गिलुङ, भोजे, पसगाउँ |
| ३० | पाउँदीढिक-हर्राबोट-कुवापानी-प्यारजुङ-गौंडा-इलमपोखरी सडक | ५२.७० | ० | ५२.६० | ० | सुन्दरबजार, तार्कुघाट, मरियाकोट, प्यारजुङ, गौंडा, कोल्की, इलमपोखरी |
| ३१ | सुन्दरादिही-सूर्यपाल सडक | ४.१६ | ० | ४.१६ | ० | सूर्यपाल |
| ३२ | मीठोभञ्ज्याङ-कोल्की सडक | ४.२१ | ० | ४.२१ | ० | कोल्की |
| ३३ | रानीकुवा-गाउँशहर-नाल्मा-रामबजार सडक | २९.८६ | | २१.३३ | | गाउँशहर, नालमा, करापु, ईशानेश्वर |
| ३४ | रिट्ठेबजार-तिवारीडाँडा-तीनपिप्ले-तिलाहार-हिलेबेसी-फलेनी सडक | २१.२७ | ० | २१.२७ | ० | उदिपुर, चिती, बन्सार, फलेनी |
| ३५ | लामाबगर-श्रीमञ्ज्याङ सडक | ६.८१ | ० | ६.८१ | ० | श्रीमञ्ज्याङ |
| ३६ | जीताटार-सप्तधार सडक | ३.८१ | ० | ३.८१ | ० | जिता |
| ३७ | बेलघारी-अर्चलबोट-लामाबगर-शेराबजार-जितौरे-पाल्चोक सडक | १०.९८ | ० | १०.९८ | ० | भार्ते, अर्चलबोट, श्रीमञ्ज्याङ, नौथर, पाचोक |
| ३८ | कपुरगाउँ-मालिङ-साल्मेभञ्ज्याङ सडक | ८.९० | ० | ८.९० | ० | बाग्लुङपानी, नाल्मा, भोजे, गिलुङ |

| क्र. सं. | सडकको नाम | कुल लम्बाइ | सडकको किसिम | | | सडकले पार गर्ने/छुने वस्तीहरु |
|---|---|---|---|---|---|---|
| | | | कालोपत्रे | ग्राभेल | धुले | |
| | | ३८९.२९ | ० | ३००.५७ | ० | |

२.१५.१.२ गाउँ सडक मुल सञ्जाल (Village Road Core Network)

गाविस सदरमुकामबाट सम्बन्धित गाविसका विभिन्न वस्तीहरुसम्म पुग्ने सडकलाई ग्रामीण सडक मूल सञ्जाल नामकरण गरिएको छ । यसअन्तर्गतका सडकहरु देहायबमोजिम छन्:

**तालिका-४७**
**जिल्लामा ग्रामीण सडकअन्तर्गतका सडक**

(किलोमिटर)

| क्र.सं. | सडकको नाम | कुल लम्बाइ | कालोपत्रे सडक | ग्राभेल सडक | धुले सडक | बाह्रैमहिना चल्ने सडक | मौसमी सडक | सडकले पार गर्ने/छुने वस्तीहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | ताघ्रिङ (रामबजार)-छापडांडा गा.वि.स. सडक | | | | | | | ताघ्रिङ, छापडांडा |
| २ | थकानबेसी-शीतलडांडा-बाहुनडांडा-घेर्मुफांट सडक | ४.७९ | | १.४४ | ३.३५ | १.४४ | ३.३५ | थकानबेसी, सितलडांडा, ठूलीबेसी, बाहुनडांडा, घेर्मु |
| ३ | खुदि-बाच्छे-घिम्राङ्ग-घनपोखरा गा.वि.स. सडक | ७.८३ | | | ७.८३ | | ७.८३ | खुदि, बाच्छे, घिम्राङ्ग |
| ४ | खुदि (छहरेखोला)- भुलभुले गा.वि.स सडक | | | | | | | छहरेखोला, भुलभुले |
| ५ | खुदि-सिग्ले (सिम्पानी) गा.वि.स. सडक | ४.७० | | | ४.७० | | ४.७० | खुदि, सिम्ले |
| ६ | बेसिशहर-चांदीस्थान गा.वि.स. सडक | ५.४८ | | | ५.४८ | | ५.४८ | बेसिशहर, रावतगांउ, चण्डिस्थान |
| ७ | बेसिशहर- बाग्लुङ्गपानी-कपुरगांउ-भुजुङ्ग सडक | ३२.२५ | | १९.२४ | १३.०१ | १९.२४ | १३.०१ | बेसिशहर, भिम्दाबेसि, कपुरगांउ, घलेगांउ, नायु, भुजुङ्ग |
| ८ | काडेलुङ्ग-बागुम ( उत्तरकन्या) गा.वि.स. सडक | १.२७ | | | १.२७ | | १.२७ | काडेलुङ्ग, बागुम |
| ९ | कपुरगांउ-मालिङ्ग-साल्मेभन्ज्याङ्ग सडक | ८.९० | | | ८.९० | | ८.९० | कपुरगांउ, मालिङ्ग, साल्मेभन्ज्याङ्ग |
| १० | बेसिशहर-बांभ्काखेत-बाचोकबेसी गा.वि.स. सडक | ३.०६ | ०.३२ | | २.७४ | ०.३२ | २.७४ | बेसिशहर, बांभ्काखेत तल्लो बजार, बाछोकबेसी |
| ११ | बांभ्काखेत-हिले-कार्कीडांडा-चिती तिलाहर सडक | १०.१२ | | | १०.१२ | | १०.१२ | बांभ्काखेत, हिले, कार्कीडांडा, तिलाहार |
| १२ | कार्कीडांडा-माभ्कगांउ ( हिलेटक्सार) गा.वि.स. सडक | २.९५ | | | २.९५ | | २.९५ | कार्कीडांडा, लकुरीबोट, माभ्कगांउ |
| १३ | करापुटार-ढडुवा-जिलुङ्ग-साल्मेभन्ज्याङ्ग-पासगांउ-सिड्दी सडक | २५.६६ | | | २५.६६ | | २५.६६ | रामबजार, ढडुवा, गिलुङ्ग, साल्मेभन्ज्याङ्ग, पासागांउ, सिड्दी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | साल्मेभन्ज्याङ्ग- भोजेगांउ गा.वि.स. सडक | | | | | | | साल्मेभन्ज्याङ्ग, भोजेगांउ |
| १५ | रानीकुवा-गाउंशहर-नाल्मा-रामबजार (करापुतार) सडक | २९.८६ | | ८.५३ | २१.३३ | ८.५३ | २१.३३ | रानीकुवा, गाउंशहर, नाल्मा, रामबजार |
| १६ | रामबजार-भान्टबेसी-कल्याण-मजुवा-रुडी दोभान एम.यच.पी. सडक | ४.१२ | | | ४.१२ | | ४.१२ | रामबजार, भांटबेसी, कल्याण, मजुवा, रुदी |
| १७ | बाखेजगत-पुरानकोट-चिहानपाटा-सत्रसय सडक | १४.४२ | | ७.०९ | ७.३३ | ७.०९ | ७.३३ | बाखेजगत, पुरानकोट, चिहानपाटा, सत्रसय |
| १८ | चिहानडांडा-सिन्दुरे गा.वि.स सडक | १.२ | | | १.२० | | १.२० | चिहानडांडा, सिन्दुरे |
| १९ | नेटा (ज्यामिरे भन्ज्याङ्ग)-थाङ्गसिङ्गकोट-बाङ्रे गा.वि.स. सडक | ३.०८ | | | ३.०८ | | ३.०८ | ज्यामिरेभन्ज्याङ्ग, थाङ्गसिङकोट, बाङ्रे |
| २० | बिमिरेभन्ज्याङ्ग-ज्यामिरेभन्ज्याङ्ग- नेटा गा.वि.स. सडक | १.५३ | | १.११ | ०.४२ | १.११ | ०.४२ | बिमिरेभन्ज्याङ्ग, ज्यामिरेभन्ज्याङ्ग, नेटा |
| २१ | कोइरालाफांट-धुसेनी गा.वि.स. सडक | २.८६ | | | २.८६ | | २.८६ | कोइरालापन्थ, धुसेनी |
| २२ | सिउंडीबार-सुन्दरबजार-खत्रीठांटी-सत्रसय-बिमिरेभन्ज्याङ्ग-भोर्लेटार सडक | २६.६९ | ३.४५ | १८.७९ | ४.४५ | २२.२४ | ४.४५ | सिउंडीबार, सुन्दरबजार, खत्रीठांनी, सत्रसय, बिमिरेभन्ज्याङ्ग, भोर्लेटार |
| २३ | रिट्ठेबगर-तिवारीडांडा-तीनपिप्ले-तिलाहार-हिलेबेसि-फलेनी सडक | २१.२७ | | | २१.२७ | | २१.२७ | रिठेबगर, दलाल, बगैचा, तिवारीडांडा, तिनपिप्ले, तिलाहार, स्याउलृ, हिलेबेसी, फलेनी |
| २४ | उदिपुर- रामचोकबेसी-नौथर सेरा-कीर्तिपूर सडक | १६.४३ | | ७.१० | ९.३३ | ७.१० | ९.३३ | उदिपुर, रिट्ठेबगर, रामचोकबेसी, सेराबजार, हिलेबेसी, कीर्तिपूर |
| २५ | सेरा-शिखरा- कौवाकुए (नौथर) गा.वि.स. सडक | | | | | | | सेराबजार, शिारा, कबाकु |
| २६ | बेलघारी-अर्चलबोट-लामाबगर-सेराबजार-जिताउरे-पचोक सडक | १०.९८ | | | १०.९८ | | १०.९८ | बेलघारी, ठांटी, अलैचे, अर्चलबोट, लामाबगर, सेराबजार, जिताउरे, पाचोक |
| २७ | लामाबगर-श्रीमन्ज्याङ्ग गा.वि.स. सडक | ६.८१ | | | ६.८१ | | ६.८१ | लामाबगर, जिताउरे, श्रीमन्ज्याङ्ग |
| २८ | ठांटी-अर्चलबोट गा.वि.स. सडक | २.९९ | | | २.९९ | | २.९९ | ठांटी, अर्चलबोट |
| २९ | भोटेवडार-बेलघारी-भार्ते-गौंडा सडक | १५.१८ | ०.०६ | ०.९५ | १४.१७ | १.०१ | १४.१७ | भोटेवडार, बेलघारी, सिरुबारी, भार्ते, लाकुरिभन्ज्याङ्ग, डांडाथोक, गौंडा |
| ३० | काफलबोट-भार्ते गा.वि.स. सडक | ०.२० | | | ०.२० | | ०.२० | काफलबोट, भार्ते |
| ३१ | दुईपिप्ले-समिभन्ज्याङ्ग गा.वि.स. सडक | ४.७२ | | | ४.७२ | | ४.७२ | दुईपिप्ले, समिभन्ज्याङ्ग |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | सुन्दरदिही-सूर्यपाल गा.वि.स. सडक | ४.१६ | | | ४.१६ | | ४.१६ | सुन्दरदिही, सूर्यपाल |
| ३३ | सोतीपसल-टक्सार गा.वि.स. सडक | २.८४ | | | २.८४ | | २.८४ | सोतिपसल, टक्सार |
| ३४ | जिताटार-सप्तधारा गा.वि.स. सडक | ३.८१ | | | ३.८१ | | ३.८१ | जिताटार, सप्तधारा |
| ३५ | खत्रीठांटी-कुन्छा भन्ज्याङ्ग-सोतीपसल-सुन्दरदिही-दुईपिप्ले सडक | २३.०८ | ०.६४ | १८.१५ | ४.२९ | १८.७९ | ४.२९ | खत्रीठांटी, कुन्छा भन्ज्याङ्ग, सोतिपसल, सुन्दरदिही, दुईपिप्ले |
| ३६ | पाउंदीढिक-हर्राबोट-कुवापानी (मोहरीयाकोट)-प्यारजुङ्ग-गौंडा-इलमपोखरी-बिचौर-दूधपोखरी-कुनाघाट सडक | ५२.७० | | | ५२.७० | | ५२.७० | पाउंदी, हर्राबोट, बगुवा, कुवापानी, प्यारजुङ्ग भन्ज्याङ्ग, गौंडा, पिरभन्ज्याङ्ग, मिठेभन्ज्याङ्ग, जोर्नी, फुलिङगिरी, ठांटीबजार, कुनाघाट |
| ३७ | कोकेगाउं-लामागांउ ( प्यारजुङ्ग) गा.वि.स. सडक | २.६२ | | | २.६२ | | २.६२ | कोकेगाउं, लामागाउं |
| ३८ | बन्सारबेसी-कोल्की गा.वि.स. सडक | ४.२१ | | | ४.२१ | | ४.२१ | बन्सारबेसि, कोल्की भन्ज्याङ्ग |
| ३९ | सम्घडेरी-ताजी ( इलमपोखरी) गा.वि.स. सडक | | | | | | | सम्घाडेरी, ताजी |
| ४० | ठांटी-कल्लाबारी ( दुधपोखरी गा.वि.स.)-फिरिपैंचो एम.यच.पी. सडक | ५.५१ | | | ५.५१ | | ५.५१ | ठांटीबजार, कल्लेरि, फिरिपैचो माइक्रो एच.पी. |
| ४१ | हर्राबोट-भैसेखोला सडक | २.३८ | | | २.३८ | | २.३८ | हर्राबोट, भैसेखोला |
| ४२ | तार्कुघाट-धमिलिकुवा-चक्रतीर्थ-साहिलिटार-बोराङ्गखोला-बन्सारबेसी सडक | २२.१३ | | १.७२ | २०.४१ | १.७२ | २०.४१ | भैसेंखोला, धमिलिकुवा, तीनपिप्ले, सहिलटार, बोराङ्गबजार |
| ४३ | सहिलिटार-भलायखर्क गा.वि.स. सडक | २.६६ | | | २.६६ | | २.६६ | सहिलटार, भलायखर्क |
| | कुल सडक | ३९५.४४ | ४.४७ | ८४.१२ | ३०६.८६ | ८८.५९ | ३०६.८६ | |

*स्रोत: जिल्ला सडक यातायात गुरुयोजना, २०७०*

### २.१५.२ सञ्चार प्रणाली

लमजुङ जिल्लाको सञ्चार प्रणालीमा परम्परागत कटुवाल प्रथादेखि आधुनिक इन्टरनेट सेवासम्मको विस्तार भएको छ। कटुवाल प्रथा खासगरी बजारीकरण कम भएका क्षेत्रमा बढी देखिन्छ भने आधुनिक सञ्चार साधनहरू खास गरी बजार क्षेत्रमा केन्द्रित देखिन्छ। जिल्लामा उपलब्ध अन्य सञ्चार माध्यमहरूमा ल्याण्डलाइन टेलिफोन, मोवाइल, फ्याक्स, इमेल, हुलाक सेवा, कुरियर सेवा, रेडियो, एफ.एम., स्थानीय एवम् राष्ट्रिय पत्रपत्रिका तथा विभिन्न टेलिभिजन च्यानलहरू तथा चलचित्र मन्दिरहरू रहेका छन्। टेलिफोन, ट्रङ्कल सेवा, मोवाइल, इमेल, इन्टरनेट, नेपाल टेलिकम, एनसेल, एस.टी.एम., स्मार्टसेल तथा युटिएल मार्फत् उपलब्ध छ भने हुलाक सेवा जिल्ला हुलाक कार्यालय र अन्तर्गतका कार्यालयहरूले प्रदान गरिरहेका छन्  साथै हुलाक सेवाले जिल्ला र इलाका हुलाकमार्फत् इन्टरनेट इमेल सुविधा समेत प्रदान गरिरहेका छन्। जिल्लामा टेलिफोन लाइन तथा मोवाइल सेवा वितरणको स्थिति देहायबमोजिम रहेको छ:

**तालिका-४८**
**जिल्लामा मोवाइल तथा टेलिफोन सेवाको संख्या**

| क्र.सं. | टेलिफोन/मोवाइल सेवाको प्रकार | | कैफियत |
|---|---|---|---|
| | **नेपाल टेलिकम** | | |
| १. | टेलिफोन लाइन (ल्याण्डलाइन) | १५६५ | |
| २. | मोवाइल (सिमकार्ड, रिम कार्ड) | ६७०९३ | |
| | *स्काइ प्रिपेड रिम कार्ड* | *७२३३* | |
| | *नमस्ते पोस्टपेड सिमकार्ड* | *५७१* | |
| | *नमस्ते प्रिपेड सिमकार्ड* | *५९१५०* | |
| | *इ-भिडीओ रिमकार्ड* | *१३९* | |
| ३. | एडीएसएल लाइन | ३१९ | (बेसीशहर १९२, सुन्दरबजार ६७, भोटेवडार ६०) |
| ४. | **कुल** | १३६०७० | |
| | **एनसेल, युटिएल र स्मार्ट** | | |
| ५. | एनसेल सिम कार्ड | ४१८६ | |
| ६. | युटिएल सिम कार्ड | ६३७ | (भ्वाइस कार्ड ४२२, डाटा कार्ड २१५) |
| ७. | स्मार्ट सिम कार्ड | २३६० | |
| ८. | **कुल** | ७१८३ | |
| ९. | **जम्मा कुल** | १४३२५३ | |

*स्रोत: नेपाल टेलिकम, २०७०, अल इन्फोटक प्रा.लि., बेसीशहर*

**पत्रपत्रिका** अन्तर्गत राष्ट्रियस्तरका प्रायः सबै पत्रपत्रिकाको पहुँच रहेको छ भने स्थानीयस्तरमा १ वटा दैनिक पत्रिका (लमजुङ खबर), ६ वटा साप्ताहिक पत्रिका (अन्तरङ्ग, कर्मदा, लमजुङ हाइवे, लमजुङ जागरण, लमजुङ आवाज) रहेका छन् ।

**रेडियो** अन्तर्गत सर्टवेभ तथा मिडियम वेभ सेवाका रेडियोका अतिरिक्त चारवटा स्थानीय एफ.एम. रेडियोहरू ( मर्स्याङ्दी एफ.एम., लमजुङ रेडियो, रेडियो चौतारी तथा भोटेवडार रेडियो) रहेका छन् । सञ्चारको आधुनिक माध्यम इन्टरनेट अन्तर्गत नेपाल टेलिकमबाट ३१९ लाइन एडीएसएल वितरण भएको देखिन्छ भने लमजुङ जिल्लालाई प्रतिनिधित्व गर्ने करिब आधा दर्जन वेभसाइटहरू सञ्चालनमा रहेका देखिन्छन् ।

राष्ट्रिय जनगणना २०६८ को नतिजाअनुसार लमजुङ जिल्लामा **टेलिफोन** भएका घरधुरी २.४५ प्रतिशत, **मोवाइल** भएका घरधुरी ७१ प्रतिशत, **टेलिभिजन** भएका घरधुरी २०.१२ प्रतिशत र **कम्प्युटर** भएका घरधुरी ३.०८ प्रतिशत रहेका छन् ।

जिल्लामा चिठी पत्र तथा पत्रपत्रिका आदान प्रदान गर्ने प्रयोजनका लागि जिल्ला **हुलाक** कार्यालय र यसअन्तर्गत १० वटा इलाका हुलाक तथा ५० वटा अतिरिक्त हुलाक रहेका छन् । अतिरिक्त हुलाकले टिकट बिक्री, रजिष्ट्रि तथा चिठी पत्र दर्ता एवम् वितरण र डाँक आदान प्रदान गर्दछन् । इलाका हुलाकहरूले अतिरिक्त हुलाकको कामका अतिरिक्त टेलिसेन्टरमार्फत् फोटोकपी सेवा, फोन सेवा, इन्टरनेट सेवा, कम्प्युटरसम्बन्धी तालिम तथा लेमिनेशन सेवा प्रदान गर्दछन् । जिल्ला हुलाक कार्यालयले यसका अतिरिक्त पत्रपत्रिका दर्ता तथा नवीकरण, केवल नेटवर्क दर्ता तथा नवीकरण, रोयल्टी, धनादेश तथा बीमा दर्ता भुक्तानी, वैदेशिक पार्सल भुक्तानी, भन्सार महसुल असुल र लोकसेवा आयोगका फाराम स्वीकृति गर्ने काम गर्दछ ।

हुलाक कार्यालयहरूको वितरण निम्नअनुसार छः

**तालिका-४९**
**जिल्लाका हुलाक कार्यालयहरूको र अवस्थिति**

| क्र.सं. | हुलाक कार्यालय | अवस्थित स्थान |
|---|---|---|
| १. | जिल्ला हुलाक कार्यालय | बेसीशहर, लमजुङ |
| २. | इलाका हुलाक कार्यालय | सोती पसल (तन्द्राङ टक्सार), कुन्छा, सुन्दरबजार, गौंडा, भारते, तार्कुघाट, फलियासाँघु (चिती), खुदीबेनी, मालिङ, गिलुङ |
| ३. | अतिरिक्त हुलाक कार्यालय | धुसेनी, समिभन्ज्याङ, भोर्लेटार, चण्डीस्थान, बाहुनडाँडा, बिचोर, ईशानेश्वर, मोहोरियाकोट, श्रीमञ्ज्याङ, नेटा, अल्काटार (चक्रतीर्थ गाविस), नौथर, घनपोखरा, |

| | | |
|---|---|---|
| | | बाग्लुङपानी, चन्द्रेश्वर, पसगाउँ, भुजुङ, नाल्मा, कुम्लुङ (भोजे गाविस), गाउँशहर, उत्तरकन्या, फलेनी, सिन्दुरे, भलायखर्क, रम्घा, बन्सार, कोल्की, ढोडेनी, इलमपोखरी, पुरानकोट, दूधपोखरी, सिम्पानी, तार्कु, सूर्यपाल, घेर्मु, अर्चलबोट, पाचोक, परेवाडाँडा, भुलभुले, प्यारजुङ, बाँफाखेत, करापु, बाँग्रे, हिलेटक्सार, धमिलीकुवा, उदिपुर, जीता, दुराडाँडा (चन्द्रेश्वर), ताघ्रिङ, भोटेवडार |

हरेक गाविसमा कम्तिमा एकवटा अतिरिक्त हुलाकको व्यवस्था गरिएको छ .

**चलचित्र मन्दिर** अन्तर्गत जिल्लामा कुल पाँच वटा चलचित्र मन्दिर सञ्चालनमा छन् । यी चलचित्र मन्दिरहरू बेसीशहर, भोर्लेटार, सोतीपसल, सुन्दरबजार र भोटेवडारमा एक एक वटा छन् । **कम्प्युटर इन्स्टिच्यूट**हरू जिल्लामा कुल ६ वटा रहेका छन् जसमध्ये पाँचवटा सदरमुकाम बेसीशहरमा र एकववटा भोटेवडारमा रहेका छन् ।

### २.१५.३ जलविद्युत्

विद्युत् दैनिक जीवनलाई सुविधा पुर्‍याउने तथा आर्थिक विकासका लागि पूर्व आधार समेत हो । यसकारण जिल्लाका सबै घरपरिवारको पहुँचमा विद्युत् पुग्नु आवश्यक छ । जिल्लामा कुल परिवार संख्या ४२०७९ (जनगणना २०६८) भएकोमा लमजुङ विद्युत् उपभोक्ता संस्थामार्फत् ५३ गाविसमा २१५०० ग्राहकलाई विद्युत् सेवा उपलब्ध भएको छ । विद्युत् सेवा सुचारु रुपमा उपलब्ध गराउन जिल्लामा ४ वटा नोलाइट शाखहरू रहेका छन् : क) पाउँदी नोलाइट शाखा २) रामचोक बेसी नोलाइट शाखा ३) खुदी नोलाइट शाखा ४) सत्रसय नोलाइट शाखा । मोवाइल टोलीबाट २० स्थानमा महसुल संकलन केन्द्र सञ्चालन गरिएको छ ।

जिल्लाको पश्चिम क्षेत्रमा विद्युत सेवा विस्तारको लागि पश्चिम लमजुङ विद्युतिकरण कार्यक्रम अन्तरगत तार्कु, दुराडाँडा, चन्द्रेश्वर, धुसेनी, नेटा भोर्लेटार, ईशानेश्वर, बाँग्रे, सिन्दरे, नाल्मा, पुरानकोट लगायत ३५ गाविसमा विद्युत् आंशिक वा पूर्णरुपमा विस्तार भएको छ ।

जिल्लामा विद्युत विकासको प्रशस्त संभावना भए पनि जिल्लाका सबै गाविसमा विद्युतिकरण सेवा विस्तार हुन सकेको छैन । केही गाविसमा सेवा विस्तार भए पनि सबै वडामा पुर्‍याउन सकिएको छैन । यद्यपि जिल्लामा राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न जलविद्युत् परियोजना सञ्चालित छन् । यस जिल्लाको केन्द्रीयस्तरमा जर्मनी सरकारको सहयोगमा उदिपुर र भोटेओडार गाविस क्षेत्रभित्र मध्य मर्स्याङदी परियोजना ७० मेघावाटको विद्युत उत्पादनको काम पूरा भएको छ भने ६०० मेगावाटको उपल्लो मर्स्याङ्दी ए आयोजना निर्माणाधीन अवस्थामा छ । ४ मेगावाटको खुदी जलविद्युत् आयोजना र ५ मेगावाटको सिउरी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएको छ । ३० मेगावाटको डादी जलविद्युत आयोजनाले जलविद्युत् निर्माणको अनुमति प्राप्त गरिसकेको छ । मादी, दोर्दी लगायत अन्य छहरे तथा खहरे खोलाहरूबाट जलविद्युत् उत्पादनको लागि सम्भाव्यता अध्ययन गर्ने काम भइरहेको छ । विद्युतीकरण सुविधा आगामी केही वर्ष भित्रमा जिल्लाका सबै गाउँमा पुग्ने अपेक्षा गरिएको छ ।

प्रशस्त खोलानाला भएको र पर्याप्त विद्युत् संभावित क्षेत्र भएकाले स्थानीय स्तरमा लघु जलविद्युत आयोजनाहरू सञ्चालित छन् । ताघ्रिङको स्याँगे, बाँफाखेतको साँधु, भुजुङ, खुदीको सिउँरुङ जस्ता ठाउँहरूमा स्थानीयस्तरमा विद्युत उत्पादन गरी उपयोगमा ल्याइएको छ । केही गाविसहरूमा सोलारद्वारा विद्युत सुविधा उपलब्ध गराएको छ ।

### २.१५.४ वैकल्पिक ऊर्जा

दीगोरुपमा निरन्तर उत्पादन गरिरहन सकिने भएकाले दीगो विकासको सन्दर्भमा वैकल्पिक ऊर्जाको वर्तमान समयमा महत्व बढ्दै गएको छ । वैकल्पिक ऊर्जाका स्रोतहरु नवीकरणीय भएकाले वैकल्पिक ऊर्जालाई नवीकरणीय ऊर्जासमेत भन्ने गरिन्छ । नेपालको पहाडी भूभागका अधिकांश वस्ती छरिएर रहेका र यस्ता सबै वस्तीमा केन्द्रिय विद्युत् प्रशारण लाइन विस्तार गर्न खर्चिलो हुने भएको सन्दर्भमा ग्रामीण दुर्गम गाउँमा समेत स्थानीय स्रोत साधनको प्रयोगबाट सञ्चालनमा आउने र तुलनात्मकरुपमा थोरै लगानीबाट सञ्चालन हुन सक्ने भएको हुँदा आवधिक जिल्लाका विकास योजनाले वैकल्पिक ऊर्जाको विस्तारमा विशेष जोड दिनु पर्ने देखिन्छ । प्राकृतिक स्रोतको अधिक उपभोगबाट सिर्जित विश्वव्यापी उष्णता तथा जलवायु परिर्वतनजस्ता गम्भीर चुनौतिहरु विश्वव्यापीरुपमा सिर्जना भएको वर्तमान समयमा वैकल्पिक ऊर्जा अन्तर्राष्ट्रिय रुपमा समेत उत्तिकै महत्वपूर्ण रहेको छ । वैकल्पिक ऊर्जाअन्तर्गत यस जिल्लामा लघुजलविद्युत् आयोजना, पेट्रिक सेट, सोलार, बायोग्याँस, सुधारिएको चुलोको विस्तार भएको छ । यससम्बन्धी विवरण निम्नअनुसार छः

*२.१५.४.१ लघुजलविद्युत*

सामान्यतया पानीको प्राकृतिक वहावबाट दुर्गम ग्रामीण गाउँमा उपयोग गर्ने प्रयोजनले उत्पादन गरिने १०० किलोवाटसम्मको क्षमताभन्दा कमका जलविद्युत् परियोजनाहरुलाई लघुजलविद्युत् भनिन्छ। जिल्लाको जलस्रोतको प्रचूरता र लघुजलविद्युत्को उपयोगितालाई ध्यान दिँदै केही वर्षयता जिल्लामा धमाधम लघुजलविद्युत् विस्तार भइरहेको छ। यस क्रममा जिल्लामा कुल ५६७.५ किलोवाट लघुजलविद्युत् उत्पादन भई ४३७२ घरधुरी लाभान्वित भएका छन्।

**तालिका-५०**
**लघु जलविद्युत् आयोजना र लाभान्वित घरधुरी**

| क्र.स. | लघु जलविद्युत् आयोजना | गा.वि.स. | क्षमता ( कि.वा.) | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|---|
| १. | घट्टे खोला | ताघ्रिङ-१ | २५ | २१२ | AEPC को सहयोग |
| २. | गैरी कटेरी | विचौर-१ | १२ | १७० | AEPC को सहयोग |
| ३. | किसेदी खोला | पाचोक-७ | २१ | २०० | AEPC को सहयोग |
| ४. | तोगो खोला | पसगाँउ-४ | ३५ | २८० | AEPC को सहयोग |
| ५. | फिरी पैचे खोला | दुधपोखरी-९ | ५० | ४९४ | AEPC को सहयोग |
| ६. | साँध खोला | बाँझाखेत-२ | २० | १७० | AEPC को सहयोग |
| ७. | पैसे खोला दोस्रो | इलमपोखरी-४ | १२ | १०५ | AEPC को सहयोग |
| ८. | पैसे खोला | इलमपोखरी-३ | १० | ९५ | AEPC को सहयोग |
| ९. | महाविर खोला | विचौर-७ | १८ | १७६ | AEPC को सहयोग |
| १०. | चिल्ली खोला दोस्रो | कोल्की-**४**,६ | १० | १०४ | AEPC को सहयोग |
| ११. | तल्लो की खोला | कोल्की-५ | ६ | ६५ | AEPC को सहयोग |
| १२. | सारङ्गी खोला | गौंडा-३ | ४ | ४५ | AEPC को सहयोग |
| १३. | मिदिम खोला | इशानेश्वर | १०० | ८५० | AEPC को सहयोग |
| १४. | छहरे खोला | इलमपोखरी-६ | ८.५ | ८१ | AEPC को सहयोग |
| १५. | सिम खोला | सिमचोक, वन्सार | १ | ७ | AEPC को सहयोग |
| १६. | ओश्या खोला | किर्तीपुर, ढोडेनी | ३ | ३० | AEPC को सहयोग |
| १७. | त्रिवेणी सामुदायिक | फलेनी | ३ | ३३ | AEPC को सहयोग |
| १८. | ओले खोला | हरीगाँउ, ढोडेनी | १.५ | ३४ | AEPC को सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | कोत छर्ने खोला | इलमपोखरी-१ | २ | २० | AEPC को सहयोग |
| २०. | सैदु खोला | ढोडेनी-९ | ५ | ५५ | AEPC को सहयोग |
| २१. | रक्ष छहरे | विचौर-९ | ४.५ | ४५ | AEPC को सहयोग |
| २२. | घारेढुङ्गा | इलमपोखरी-७ | ५ | ४३ | कादुरीको सहयोग |
| २३. | खोगुम | उत्तरकन्या-८,९ | ७ | ६० | कादुरीको सहयोग |
| २४. | घाम्राङ | भोजे-६,७,८ | १५ | १५० | कादुरीको सहयोग |
| २५. | ताप | वन्सार-९ | १० | ८० | कादुरीको सहयोग |
| २६. | तामु (घिचे) | भोजे-९ | ७ | ५७ | कादुरीको सहयोग |
| २७. | पसगाँउ लघु जलविद्युत | पसगाँउ-६,७,८,९ | ६५ | २१४ | |
| २८. | भुजुङ लघु जलविद्युत-I र भुजुङ-II | भुजुङ | ९० | ३६५ | |
| २९. | आरुबोटे | विचौर-७ | ६ | २७ | |
| ३०. | गैरी कटेरी (दिपक तामाङ) | विचौर-५ | ३ | २५ | |
| ३१. | नवज्योति गैरी कटेरी | विचौर- | ८ | ८० | |
| कुल | | | ५६७.५ | ४३७२ | |

*स्रोतः ऊर्जा शाखा, जिविसको कार्यालय, लमजुङ, २०७०*

उपरोक्त निर्माण सपन्न आयोजनाबाहेक २५ किलोवाटको छोटेखोला लघु जलविद्युत् आयोजना, ८ कि.वा.को नेरेस्यो युर्मी खोला, १० कि.वा.को मुग्रे खोला र २० कि.वा.को महावीरखोला लघुजलविद्युत् आयोजनाको अध्ययन सम्पन्न भएको छ ।

#### *२.१५.४.२ पेल्ट्रिक सेट*

लघुजलविद्युत् विस्तारको अर्को सशक्त माध्यम पेल्ट्रिक सेटको विस्तार पनि जिल्लामा सुरु भएको छ तर यसको पर्याप्त विकास हुन सकेको छैन । जिल्लाभरिमा गरी कुल २० किलोवाट लघुजलविद्युत् यसबाट उत्पादन भई कुल २२४ घरधुरी लाभान्वित भएका छन् ।

**तालिका-५१**
**पेल्ट्रिक सेट र लाभान्वित घरधुरी**

| क्र.स. | पेल्ट्रिक सेट आयोजना | गा.वि.स. | क्षमता (कि.वा.) | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिम खोला | सिमचोक, वन्सार | १ | ७ | AEPC को सहयोग |
| २. | ओश्या खोला | किर्तीपुर, ढोडेनी | ३ | ३० | AEPC को सहयोग |
| ३. | त्रिवेणी सामुदायिक | फलेनी | ३ | ३३ | AEPC को सहयोग |
| ४. | ओले खोला | हरीगाँउ, ढोडेनी | १.५ | ३४ | AEPC को सहयोग |
| ५. | कोत छर्ने खोला | इलमपोखरी-१ | २ | २० | AEPC को सहयोग |
| ६. | सैदु खोला | ढोडेनी-९ | ५ | ५५ | AEPC को सहयोग |
| ७. | रक्ष छहरे | विचौर-९ | ४.५ | ४५ | AEPC को सहयोग |
| | | **जम्माः** | **२०** | **२२४** | |

*२.१५.४.३ सौर्य ऊर्जा*

महत्वपूर्ण वैकल्पिक ऊर्जाका रुपमा रहेको सौर्य ऊर्जाको विस्तार जिल्लामा उल्लेख्य रुपमा भएको छ। जिल्लामा हालसम्म ४५०८ परिवार सौर्य ऊर्जाबाट लाभान्वित भएका छन्। यससम्बन्धी संक्षित विवरण निम्नअनुसार छः

**तालिका-५२**
**सौर्य ऊर्जा**

| क्र.सं. | गाविस | लाभान्वित घरधुरी | सौर्य ऊर्जा क्षमता | |
|---|---|---|---|---|
| १ | अर्चलबोट | १ | ४० | |
| २ | बाग्लुडपानी | ८५ | ३३७९ | |
| ३ | बाहुनडाँडा | १४ | ३६८ | |
| ४ | बांग्रे | १३५ | ४७०५ | |
| ५ | बाँझाखेत | ३५ | ११०३ | |
| ६ | बन्सार | १७३ | ५६४४ | |
| ७ | बेसिशहर | १ | २० | |
| ८ | भलायखर्क | ५४ | २१८४ | |
| ९ | भोजे | ८६ | २७४० | |
| १० | भार्ते | २८ | १२७१ | |
| ११ | भोर्लेटार | ४०३ | १२४५० | |
| १२ | भोटेवडार | १ | ३६ | |
| १३ | भुजुड | १ | ४० | |
| १४ | बुलबुले | १५ | ५२१ | |
| १५ | बिचौर | १६ | ६३१ | |
| १६ | चक्रतीर्थ | ४३ | १५०९ | |
| १७ | चण्डीस्थान | | | |
| १८ | चन्द्रेश्वर | १२ | ४०२ | |
| १९ | चिती | १ | ४० | |
| २० | धमिलीकुवा | ११ | ४२७ | |
| २१ | ढोडेनी | १३७ | ३९३९ | |
| २२ | धुसेनी | १५२ | ३१७९ | |
| २३ | दूधपोखरी | ४० | १५३९ | |
| २४ | दुराडाँडा | | | |
| २५ | फलेनी | ९१ | २६६७ | |
| २६ | गौंडा | ११३ | ५१७९ | |
| २७ | गाउँशहर | १ | २१ | |
| २८ | घनपोखरा | ५९ | २२१२ | |
| २९ | घेर्मु | १८ | ४५९ | |
| ३० | गिलुङ | २१८ | ६२३९ | |
| ३१ | हिलेटक्सार | ६९ | १४२० | |
| ३२ | इलमपोखरी | ११८ | ३६०० | |
| ३३ | ईशानेश्वर | ३८४ | ९९९७ | |
| ३४ | जिता | ३१ | १०३६ | |
| ३५ | खर्पु | | | |

| क्र.सं. | गाविस | लाभान्वित घरधुरी | सौर्य ऊर्जा क्षमता | |
|---|---|---|---|---|
| ३६ | खुदी | ६७ | १५८३ | |
| ३७ | कोल्की | १६१ | ५५८७ | |
| ३८ | कुन्छा | ९१ | ३०८२ | |
| ३९ | मालिङ | ११७ | ४४८९ | |
| ४० | मोहोरियाकोट | ११० | ४८११ | |
| ४१ | नाल्मा | १६२ | ६३८४ | |
| ४२ | नौथर | २७ | ७६८ | |
| ४३ | नेटा | १४५ | ३९९९ | |
| ४४ | पाचोक | ५० | १६५२ | |
| ४५ | परेवाडाँडा | २१ | ६९४ | |
| ४६ | पसगाउँ | १०७ | २४८६ | |
| ४७ | पुरानकोट | ७९ | २७९५ | |
| ४८ | प्यारजुङ | १२३ | ५३९८ | |
| ४९ | रम्घा | ८२ | १९२६ | |
| ५० | समिभञ्ज्याङ | ११२ | २६६२ | |
| ५१ | श्रीमञ्ज्याङ | १ | ४० | |
| ५२ | सिम्पानी | ३१ | १११६ | |
| ५३ | सिन्दुरे | ११५ | ४००६ | |
| ५४ | सुन्दरबजार | | | |
| ५५ | सूर्यपाल | ३१ | ११३२ | |
| ५६ | तान्द्रिङ टक्सार | १ | १० | |
| ५७ | ताघ्रिङ | २६ | ९२३ | |
| ५८ | तार्कु | ३२ | १५२५ | |
| ५९ | करापु | २२८ | ६७४० | |
| ६० | उदिपुर | | | |
| ६१ | उत्तरकन्या | ४३ | १७६७ | |
| | | ४५०८ | १४४५७२ | |

*स्रोतः ऊर्जा शाखा, जिविसको कार्यालय, लमजुङ, २०७०*

### *२.१५.४.४ सुधारिएको चुल्हो*

वैकल्पिक ऊर्जाका विभिन्न विधिहरुमध्ये सुधारिएको चुल्हो एउटा हो, यसले परम्परागत चुल्होका तुलनामा कम दाउरा खपत गरी बढी ऊर्जा प्रदान गर्न सक्ने भएकाले यसको उल्लेख्य महत्व रहेको छ। जिल्लामा सुधारिएका माटे चुल्हो र सुधारिएका फलामे चुल्हो गरी दुईथरी सुधारिएको चुल्होको विस्तार गरिएको छ। जिल्लाभरिमा गरी सुधारिएको माटे चुल्हो ४९३२ वटा र सुधारिएको फलामे चुल्हो ३६२ गरी कुल ५२९२ वटा सुधारिएको चुल्हो विस्तार भएको छ। यसआधारमा हेर्दा जिल्लामा ५००० भन्दा बढी घरधुरीमा सुधारिएको चुल्होको विस्तार भएको छ। जिल्लामा सुधारिएको चुल्होको विस्तारको विवरण देहायबमोजिम रहेको छ :

**तालिका-५३**
**सुधारिएको चुल्हो**

| क्र.सं. | गाविस | सुधारिएको माटे चुल्हो संख्या | सुधारिएको फलामे चुल्हो संख्या | कुल सुधारिएको चुल्हो संख्या |
|---|---|---|---|---|
| १ | अर्चलबोट | ७ | | ७ |
| २ | बाग्लुडपानी | १९६ | | १९६ |

| क्र.सं. | गाविस | सुधारिएको माटे चुल्हो संख्या | सुधारिएको फलामे चुल्हो संख्या | कुल सुधारिएको चुल्हो संख्या |
|---|---|---|---|---|
| ३ | बाहुनडाँडा | ६७ | | ६७ |
| ४ | बांग्रे | ० | | ० |
| ५ | बाँभ्काखेत | ० | | ० |
| ६ | बन्सार | ० | ३९ | ३९ |
| ७ | बेसिशहर | ८ | | ८ |
| ८ | भलायखर्क | ७६ | | ७६ |
| ९ | भोजे | ४५ | ४ | ४९ |
| १० | भार्ते | ८ | ७ | १५ |
| ११ | भोर्लेटार | ० | | ० |
| १२ | भोटेवडार | ० | | ० |
| १३ | भुजुङ | ४ | | ४ |
| १४ | बुलबुले | ० | १२ | १२ |
| १५ | बिचौर | ८९ | | ८९ |
| १६ | चक्रतीर्थ | ८६ | | ८६ |
| १७ | चण्डीस्थान | ० | | ० |
| १८ | चन्द्रेश्वर | ५९ | | ५९ |
| १९ | चिती | १६ | | १६ |
| २० | धमिलीकुवा | ८५ | | ८५ |
| २१ | ढोडेनी | ० | १६ | १६ |
| २२ | धुसेनी | ० | | ० |
| २३ | दूधपोखरी | १०९ | | १०९ |
| २४ | दुराडाँडा | १ | | १ |
| २५ | फलेनी | ० | | ० |
| २६ | गौंडा | ५९० | | ५९० |
| २७ | गाउँशहर | ३५ | | ३५ |
| २८ | घनपोखरा | ६६ | ७ | ७३ |
| २९ | घेर्मु | १६९ | १२१ | २९० |
| ३० | गिलुङ | ३४ | | ३४ |
| ३१ | हिलेटक्सार | ० | | ० |
| ३२ | इलमपोखरी | ६५२ | | ६५२ |
| ३३ | ईशानेश्वर | ० | | ० |
| ३४ | जिता | १६ | १८ | ३४ |
| ३५ | खर्पु | ० | | ० |
| ३६ | खुदी | १ | २ | ३ |
| ३७ | कोल्की | ३४४ | | ३४४ |
| ३८ | कुन्छा | ३३ | | ३३ |
| ३९ | मालिङ | १४० | | १४० |
| ४० | मोहोरियाकोट | ६१२ | | ६१२ |
| ४१ | नाल्मा | ० | | ० |
| ४२ | नौथर | ० | ११ | ११ |

| क्र.सं. | गाविस | सुधारिएको माटे चुल्हो संख्या | सुधारिएको फलामे चुल्हो संख्या | कुल सुधारिएको चुल्हो संख्या |
|---|---|---|---|---|
| ४३ | नेता | ० | | ० |
| ४४ | पाचोक | १३ | | १३ |
| ४५ | परेवाडाँडा | ७ | | ७ |
| ४६ | पसगाउँ | ० | | ० |
| ४७ | पुरानकोट | ० | | ० |
| ४८ | प्यारजुङ | ५०१ | | ५०१ |
| ४९ | रम्घा | ३८९ | | ३८९ |
| ५० | समिभञ्ज्याङ | ० | | ० |
| ५१ | श्रीमञ्ज्याङ | ० | | ० |
| ५२ | सिम्पानी | १९ | | १९ |
| ५३ | सिन्दुरे | ० | | ० |
| ५४ | सुन्दरबजार | ८४ | | ८४ |
| ५५ | सूर्यपाल | ९ | | ९ |
| ५६ | तान्द्रिङ टक्सार | १२७ | | १२७ |
| ५७ | ताघ्रिङ | ३० | १२५ | १५५ |
| ५८ | तार्कु | १२७ | | १२७ |
| ५९ | तार्कुघाट | ७२ | | ७२ |
| ६० | उदिपुर | ५ | | ५ |
| ६१ | उत्तरकन्या | १ | | १ |
| | कुल | **४९३२** | **३६२** | **५२९४** |

*स्रोतः ऊर्जा शाखा, जिविसको कार्यालय, लमजुङ, २०७०*

### २.१५.५ खानेपानी तथा सरसफाइ

सफा, स्वच्छ खानेपानी आधारभूत मानवीय आवश्यकता एवम् आधारभूत मानव अधिकारसमेत हो भने सरसफाइ स्वस्थ जीवनका लागि पूर्वशर्त समेत हो। यसर्थ, दैनिक जीवनयापनका लागि हरेक परिवारमा खानेपानीको पहुँच र सरसफाइ महत्वपूर्ण छ। जिल्लामा खानेपानी तथा सरसफाइसम्बन्धी आधारभूत स्थिति निम्नअनुसार छ :

**तालिका-५४**
**खानेपानी तथा सरसफाईसम्बन्धी आधारभूत स्थिति**

| विवरण | इकाई | २०६९/७० को स्थिति |
|---|---|---|
| जिल्लामा कुल घरधुरी | संख्या | ३७७१७* |
| पाइपद्वारा खानेपानी उपलब्ध भई लाभान्वित जनसङ्ख्या | संख्या | ३५३६० |
| | प्रतिशत | ९४% |
| सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी | संख्या | १४८३९ (३९.३%) |
| निजी धारा प्रयोग गर्ने घरधुरी | सख्या | ५८५० (१५.५%) |
| आधारभूत खानेपानी प्रयोग गर्ने घरधुरी | संख्या | १४६७१ (३८.९%) |
| चर्पी भएका घरधुरी | संख्या | |
| - पक्की | संख्या | ३२२१२ (८५.६३%) |
| - कच्ची | संख्या | - |

| विवरण | इकाई | २०६९/७० को स्थिति |
| --- | --- | --- |
| सार्वजनिक सौचालय | संख्या | ७ |
| खुल्ला दीसामुक्त क्षेत्र घोषणा भएका गाविस | संख्या | २८ |
| क्रियाशिल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | ४८६ |
| खाना खानु अघि र चर्पी बसेर आएपछि साबुनपानीले हात धुने जनसंख्या | संख्या | - |
| | प्रतिशत | - |
| निर्माण तथा सुचारु ढलको लम्बाई | कि.मि. | - |
| फोहोर संकलन तथा व्यवस्थापन स्थल | संख्या | १ |
| फोहोर वर्गीकरण (कुहिने र नकुहिने) गरी व्यवस्थापन गरिने स्थल | संख्या | - |
| खानेपानी तथा सरसफाईको क्षेत्रमा क्रियाशील गैसस | संख्या | वर्ल्डभिजन, च्वाइस नेपाल, रेडक्रस, ब्रिटिस वेलफेयर सोसाइटी, कोपाडेस, सुआहारा, आरसीडीसी, |

** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको सर्भेक्षणअनुरुपको घरधुरी*

*स्रोत : डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय, बेसीशहर, लमजुङ*

डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय, लमजुङको सर्भेक्षणका अनुसार जिल्लाका कुल घरधुरी ३७७१७ रहेकोमा पाइपद्वारा वितरित खानेपानी उपलब्ध भएको जनसंख्या ३५३६० अर्थात् अर्थात कुल घरधुरीको ९४ प्रतिशत रहेको छ। यसमध्येमा सार्वजनिक धारा प्रयोग गर्ने ३९ प्रतिशत, निजी धारा प्रयोग गर्ने १५ प्रतिशत र आधारभूत खानेपानी प्रयोग गर्ने घरधुरी करिब ३९ प्रतिशत छ। आधारभूत खानेपानी उपभोग गर्ने घरधुरी अप्रशोधित खानेपानी उपभोग गर्ने घरधुरी हो, यस्तो घरधुरी ३९ प्रतिशत देखिनुले जिल्लाको जनसंख्याको ठूलो हिस्सा अप्रशोधित खानेपानी उपभोग गरिरहेको देखिन्छ। सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी ३९ प्रतिशत र निजी धारा प्रयोग गर्ने घरधुरी १५ प्रतिशत देखिन्छ। यस तथ्यांकले जिल्लामा सुलभ र स्वस्थ खानेपानी प्रयोग गर्ने घरधुरीको संख्या निकै न्यून देखिन्छ।

जिल्लामा चर्पी भएका घरधुरीको संख्या ३२२१२ देखिन्छ। यस आधारमा कुल घरधुरीको ८५ प्रतिशत घरधुरीमा पक्की चर्पी रहेको र बाँकी १५ प्रतिशत घरधुरीमा चर्पी नभएको देखिन्छ। खुला दिशामुक्त क्षेत्र घोषणा भएका गाविस संख्या २८ रहेको छ। यस आधारमा जिल्लामा चर्पी प्रयोग गर्ने जनसंख्या उल्लेख्य पुगेको देखिन्छ। जिल्लाभरिमा सार्वजनिक शौचालयको संख्या ७ रहेको देखिन्छ।

## २.१६ शिक्षा

वि.सं. २००५ मा औपचारिक शिक्षाको प्रारम्भ भएको लमजुङमा वि.सं. २०१८ मा दुराडाँडाको सर्वोदय हाइस्कूलले पहिलो पटक एस.एल.सी.मा विद्यार्थी पठाउन सफल रह्यो। यो नै जिल्लाको पहिलो माध्यमिक विद्यालय हो। २०३० सालमा नयाँ शिक्षा योजनापूर्व ९ वटा माध्यमिक विद्यालय, १ संस्कृत माध्यमिक विद्यालय र ८ वटा निम्न माध्यमिक विद्यालय र ११४ प्राथमिक विद्यालयहरू खुलेका थिए।

२०४६ सालको परिवर्तनपछि देशमा बहुदलिय शासन पद्धति लागु भए पश्चात् आधारभूत तहका प्रा.वि.हरू धेरै खुले, २०५९ मा नयाँ पाठ्यक्रमको निर्माण भयो। विभिन्न दातृ राष्ट्रहरूको सहयोग अन्तरगत यस जिल्लामा २०५१ सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) कार्यक्रम थालनी भयो। यसबाट शिक्षामा गुणस्तरीयता सुधार, भौतिक पूर्वाधार विस्तार, शिक्षक तालिमजस्ता कार्यक्रमहरूमा प्राथमिकता दिइयो। वि.सं. २०५१ मा आइपुग्दा उ.मा.वि. २, मा.वि. २७, निामाावि। ३३ र प्राथमिक विद्यालयहरू २५६ गरी जम्मा ३१८ वटा विद्यालयहरू खोलिएका थिए। यसरी BPEP को कार्यक्रम पछि केही शैक्षिक सुधारहरू देखिएको थियो। वि.सं. २०५४ पछि मा.वि. तहसम्मको शिक्षा निःशुल्क गरिने परिपाटीको थालनी गरियो। प्रस्तावित रुपमा सञ्चालित विद्यालयहरूको शैक्षिक अवस्थामा स्वीकृत प्राप्त विद्यालयको तुलनामा सुधार भएको पाइयो।

वि.सं. २०५९ देखि विद्यालय समुदायद्वारा सञ्चालन गर्ने परिपाटीको थालनी भयो। हाल (२०७०) सालमा जिल्लामा ५४ मा.वि., २२ उ.मा.वि., ३२ नि.मा.वि., २७६ प्रा.वि. गरी ३८४ सामुदायिक विद्यालयहरू

छन् । यी विद्यालयहरूमध्ये ५ वटा प्राथमिक तहका विद्यालयहरू अन्य विद्यालयहरूमा गाभिएका छन् । त्यस्तै गरेर ८ मा.वि., ४ उ.मा.वि., १५ नि.मा.वि., ११ प्रा.वि. गरी ३८ सामुदायिक विद्यालयहरू छन् । जसमध्ये १०७ विद्यालयको १५४ तह समुदायको व्यवस्थापनमा सञ्चालित छ । समुदायद्वारा विद्यालय व्यवस्थापन हुने क्रम जिल्लामा बढ्ने अवस्थामा रहेको देखिन्छ ।

२०६९ सालको एस.एल.सी परीक्षाको परिणामलाई हेर्ने हो भने जिल्लाको औसत उत्तीर्ण प्रतिशत ५१ देखिन्छ । जिल्लाको शैक्षिक पक्षलाई समग्र रुपमा विश्लेषण गर्दा २०३० सालमा नयाँ शिक्षा योजना लागु भएपछि जिल्लामा शैक्षिक सुविधामा उल्लेख्य रुपले वृद्धि भएको देखिन्छ । वि.सं. २०३९ सालदेखि निजी स्तरमा विद्या विकास बोर्डिङ स्कूल खोलिएको थियो । वि.सं. २०५० पछि निजीस्तरमा पनि विद्यालयहरू धमाधम खुल्ने क्रम बढ्दै गएर हाल यिनीहरूको संख्या ३८ पुगेको छ ।

यस जिल्लामा उच्च शिक्षा अध्ययन गर्ने छात्र-छात्राहरूको लागि क्याम्पस तथा उ.मा.वि.हरू खोलिएका छन् । उ.मा.वि.हरू भौगोलिक तथा क्षेत्रीय आधारमा नभई घनाबस्ती र आर्थिक तथा चेतनाको स्तर सवल भएका क्षेत्रहरूमा प्रतिस्पर्धाका आधारमा खोलिएको देखिन्छ । प्राबिधिक शिक्षातर्फ श्री भक्तिनमुना उ.मा.वि. भोटेओडार र श्री जनविकास उ.मा.वि.बेसिशहरले विज्ञान विषयमा कक्षा ११ र १२ सञ्चालन गर्दै आएका छन् भने श्री अमर उ.मा.वि. खुदीले पनि विज्ञान विषयमा समेत थप गरी ११ र १२ कक्षाहरू सञ्चालन गर्न पूर्वाधार तयार गर्दैछ । CTEVT अन्तरगत सिम्पानी, चन्द्रेश्वर, धमिलीकुवा, बेसीशहर र गाँउशहरस्थित गैरीगाँउमा गरी ५ स्थानमा प्राबिधिक तथा व्यवसायिक तालिम केन्द्रहरू सञ्चालित छन् । यस जिल्लाका अधिकांश उ.मा.वि.हरूमा छात्राहरू पढ्ने पाठशालाको रुपमा विकसित भएको देखिन्छ . यस जिल्लामा सुन्दरबजारमा २०३२ सालमा खोलिएको १ मात्र सरकारी कृषि क्याम्पसमा B.Sc. Ag. सम्मको पढाई हुनेगरेको छ । त्यसैगरी २०४७ सालमा सदरमुकाम बेसीशहरमा खोलिएको मर्स्याङ्दी बहुमुखी क्याम्पसमा प्रमाण पत्र तहको (मानविकी, व्यवस्थापन) स्नातक तहको (मानविकी, व्यवस्थापन र शिक्षा) र स्नातकोत्तर तह (शिक्षा) को पढाई सञ्चालन गरिन्छ । जिल्लाका अन्य ठाउँहरू भोटेओडारको भक्ति आदर्श क्याम्पस, सुन्दरबजारको मातृभूमि क्याम्पस, सूर्यपालको मंगला क्याम्पस, रम्घाको पुष्पलता क्याम्पस, चन्द्रेश्वर क्याम्पस, जनविकास कलेज वेसीशहर, हिलसिटी कलेज बेसीशहर र भोर्लेटारको ईशानेश्वर क्याम्पसमा स्नातक तहको शिक्षा (B.Ed.) को पढाई भइरहेको छ ।

### २.१६.१ शिक्षाका आधारभूत शैक्षिक सूचक

आ.व. ०६९/०७० शिक्षा क्षेत्रका आधारभूत सूचकहरूको आधारमा जिल्लाको विद्यमान स्थिति निम्नअनुसार छः

**तालिका-५५**
**शिक्षा क्षेत्रको आधारभूत अवस्था**

| क्र.सं. | सूचकहरू | आ.व. २०६९/७० को स्थिति |
|---|---|---|
| १. | प्रारम्भिक बाल विकासका लागि कूल भर्नादर (GER) | १०८.०० |
| २. | प्रारम्भिक बालविकास सहित कक्षा १ मा नयाँ भर्ना प्रतिशत | ६५.०० |
| ३. | कक्षा १ को कूल भर्नादर (GER) | १३०.०० |
| ४. | कक्षा १ को खुद भर्ना दर (NER) | ९५.० |
| ५. | प्राथमिक तह कक्षा १-५ मा कूल भर्ना दर (GER) | १२०.५ |
| ६. | प्राथमिक तह कक्षा १-५ को खुद भर्नादर (NER) | ९५.५ |
| ७. | आवश्यक योग्यता र तालिम सहितका शिक्षकको प्रतिशत | ९८.०० |
| ८. | आवश्यक प्रमाण पत्रको आधारमा शिक्षकको प्रतिशत | १००.०० |
| ९. | विद्यालयबाहिर रहेका वालबालिका | ४.५ |
| १०. | कक्षा छोड्ने दर कक्षा १-५ | ७.५ |
| ११. | शिक्षक विद्यार्थी अनुपात प्राथमिक तह | २७.२८ |
| १२. | कक्षा १ मा कक्षा दोहोऱ्याउने दर | ३०.०० |
| १३. | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | १२.५ |
| १४. | कक्षा ५ सम्म विद्यार्थी स्थिती | ६५.०० |

| क्र.सं. | सूचकहरू | आ.व. २०६९/७० को स्थिति |
|---|---|---|
| १५. | दलितको खुद भर्ना दर कक्षा १-५ | ९०.८ |
| १६. | कक्षा ५ मा सिकाई उपलब्धी प्रतिशत | ५१.५६ |
| १७. | GPI | १.०२ |
| १८. | साक्षरता प्रतिशत (६ वर्ष उमेरमाथि) | ७७.३७ |
| १९ | साक्षरता प्रतिशत (१५ बर्ष उमेरमाथि) | ७१.० |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

### २.१६.२ जनसंख्या र शैक्षिक सुविधा

सामान्यतया औपचारिक शिक्षा निश्चित उमेर समूहमा हासिल गरिने भएकाले, उक्त उमेर समूहअनुसार आवश्यक शिक्षण संस्था, शिक्षक तथा अन्य पूर्वाधार उपलब्ध छ छैन अध्ययन गर्नु आवश्यक हुन आउँछ। आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकाले २० वर्ष उमेर सम्मलाई दश जोड दुई अध्ययन गर्ने उमेरका रुपमा वर्गीकृत गरेको छ। उपरोक्त वर्गीकरण अनुसारको जनसंख्याको आकार तथा सो जनसंख्याका लागि आवश्यक विद्यालय संख्या, शिक्षक/शिक्षिका तथा उपलब्ध डेक्स/बेञ्चको संख्या निम्नअनुसार छः

**तालिका-५६**

**विद्यालय जाने उमेर समूहअनुसारको जनसंख्या तथा सम्बन्धित जनसंख्याका लागि उपलब्ध विद्यालय, शिक्षक/शिक्षिका तथा डेक्स/बेञ्च संख्या**

| उमेर समूह | जनसंख्या | | | विद्यालय/ बा.वि.के. संख्या | कुल दरबन्दी संख्या (स्थायी, अस्थायी, राहत) | उपलब्ध डेक्स बेञ्च संख्या |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | कुल | | | |
| पूर्वप्राथमिक उमेर समूह (३-५ वर्ष) | ४६४१ | ४८०८ | ९४४९ | ३७६* | ३७६ | |
| प्राथमिक विद्यालय जाने उमेर समूह (६-१० वर्ष) | ९१२७ | ९४०८ | १८५३५ | २७६ | १३८८ | |
| निमावि, मावि र उमावि जाने उमेर समूह (११-२० वर्ष) | २०२११ | १८६८३ | ३८८९४ | १०८ | ६१५ | |
| अन्य उमेर समूह (२ भन्दा कम, २० भन्दा बढी) | ५७८३२ | ४३०१४ | १००८४६ | - | - | - |
| कुल जनसंख्या | ९१८११ | ७५९१३ | १६७७२४ | - | - | - |

*३०४ वटा पूर्व प्राथमिक कक्षा र ७२ वटा समुदायमा आधारित बाल विकास केन्द्र

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०; के.त.वि., राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार ३-५ वर्ष उमेर समूहको जनसंख्या ९४४९ रहेको छ भने पूर्वप्राथमिक कक्षा तथा समुदायमा आधारित बाल विकास केन्द्रको संख्या ३७६ रहेको छ। यस आधारमा प्रति २५ जना ३-५ वर्ष उमेर समूहको जनसंख्याका लागि १ वटा कक्षा/केन्द्र सञ्चालनमा रहेको देखिन्छ। यस्तै, प्राथमिक विद्यालय जाने उमेर समूहको जनसंख्या १८५३५ रहेकोमा प्राथमिक विद्यालयको संख्या २७६ रहेको छ। शिक्षक/शिक्षिकाको संख्या १३०३ रहेको छ। यस आधारमा प्रति ६७ जना प्राथमिक विद्यालय जाने उमेर समूहका लागि १ वटा विद्यालय र प्रति १३ जना प्राथमिक विद्यालय जाने बालबालिकाका लागि १ जना शिक्षक शिक्षिका रहेको देखिन्छ। निमावि, मावि र उमाविका हकमा भने प्रति ३६० सो उमेर समूहको जनसंख्याका लागि १ विद्यालय र ६३ विद्यार्थीका लागि १ जना शिक्षक शिक्षिका रहेको देखिन्छ। यसरी हेर्दा निमावि, मावि र उमाविका हकमा शिक्षक संख्या आवश्यक संख्यामा देखिँदैन भने पूर्व प्राथमिक र प्राथमिक विद्यालय जाने उमेर समूहका लागि भने शैक्षिक व्यवस्थापन सुदृढ गर्न सकिए विद्यालय र शिक्षक शिक्षिकाको अभाव रहने देखिँदैन।

### २.१६.३ स्रोत केन्द्र र साक्षरता स्थिति

स्थानीयस्तरको शैक्षिक व्यवस्थापनको सहजीकरणका लागि जिल्लाका ६१ गाविसलाई १६ वटा स्रोत केन्द्रमा वर्गीकरण गरिएको छ। वर्गीकृत स्रोत केन्द्रअनुसार साक्षर जनसंख्या तथा वि.सं. २०४८ र २०६८ बीच साक्षर जनसंख्या वृद्धिको प्रतिशत निम्नअनसार रहेको छः

**तालिका-५७**

**स्रोत केन्द्रअनुसार साक्षर जनसंख्या र वृद्धि प्रतिशत, २०४८-२०६८**

| | | २०४८ | | | २०६८ | | | औसत वृद्धिदर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | गाविस | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | महिला | पुरुष | कुल |
| १ | भोटेवडार | १३१८ | १५८६ | २९०३ | ३६४४ | ३४३८ | ७०८३ | ३.७ | ४.९ | ४.३ |
| २ | बेसीशहर | १९१५ | २१५३ | ४०६७ | ३४३० | ४०६० | ७४९० | २.३१ | २.०२ | ३.९ |
| ३ | चिती | १७२५ | २०९० | ३८१४ | ६०९० | ७०३७ | १३१२७ | २.१ | २.०१ | ३.७ |
| ४ | खुदी | १३७१ | १४७८ | २८५० | ४१६८ | ४७३५ | ८९०३ | २.७ | २ | २.३ |
| ५ | भोर्लेटार | ११४४ | १२७२ | २४१७ | ३९५९ | ४८१३ | ८७७१ | २.५ | २ | २.३ |
| ६ | धमिलीकुवा | १२६५ | १३९१ | २६५६ | ३१७९ | ३६३६ | ६८१५ | २.५ | १.८ | २.२ |
| ७ | भार्ते | ८१४ | ९६५ | १७७९ | २५१८ | २७३३ | ५२५१ | १.८ | २.३ | २.१ |
| ८ | घेर्मु | ८६० | ८५६ | १७१६ | २७६८ | ३२३८ | ६००६ | २.२ | १.३ | १.८ |
| ९ | सूर्यपाल | १२०८ | १५२१ | २७३० | २०४८ | २३४३ | ४३९१ | १.६ | २ | १.८ |
| १० | बाग्लुङपानी | १२९९ | १४३५ | २७३४ | २६९१ | ३२७४ | ५९६५ | १.७ | १.६६ | १.६३ |
| ११ | प्यारजुङ | १३२७ | १२५० | २५७७ | २६५० | ३३२४ | ५९७४ | २ | ०.४ | १.२ |
| १२ | कुन्छा | ७५३ | ९१६ | १६७० | ४९६८ | ५४३३ | १०४०१ | ०.८ | १.२ | १ |
| १३ | बिचौर | ९८० | १०३९ | २०१९ | २६९९ | ३२३४ | ५९३३ | १ | ०.८ | ०.९ |
| १४ | चण्डेश्वर | १२६६ | १३१३ | २५७९ | ३३१२ | ४१७४ | ७४८६ | १.६ | ० | ०.८ |
| १५ | गिलुङ | ७९० | ८७४ | १६६४ | २१७१ | २७७९ | ४९५० | ०.६ | -०.१ | ०.३ |
| १६ | पाचोक | १०८३ | ९२० | २००३ | १२९८ | १७५५ | ३०५३ | १.४ | -१.२ | ०.१ |
| | जिल्ला | १९११८ | २१०६० | ४०१७८ | ४३५५३ | ४७९११ | ९१४६३ | १.८ | १.६ | १.७ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७०; के.त.वि., राष्ट्रिय जनगणना २०६८*

प्रस्तुत तालिकाअनुसार यस जिल्लाको १५ वर्षमाथिको जनसंख्याको साक्षरता ४६.६ प्रतिशत रहेको छ। जिल्ला शिक्षा कार्यालयको अभिलेख अनुसार जिल्लामा दलित समुदायको १५ वर्षमाथिको जनसंख्याको साक्षरता प्रतिशत २८.३ र १५ वर्षमाथिको जनजाति समुदायको साक्षरता प्रतिशत ४७.३ रहेको देखिन्छ। पूर्व प्राथमिक विद्यालय उमेर समूह (३-५ वर्ष) का करिव ७० प्रतिशत बालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत रहेको जिल्ला शिक्षा कार्यालयको अनुमान रहेको छ।

### २.१६.४ स्रोत केन्द्र अनुसार विद्यालयको संख्या

ग्रामीणस्तरमा विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धिका लागि नेपाल सरकारले हरेक जिल्लामा विद्यालय स्रोत केन्द्रहरूको व्यवस्था गरेको छ। यी स्रोत केन्द्रहरूको उद्देश्य सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहयोग गर्नु भएकाले सम्बन्धित स्रोत केन्द्रमा विद्यालयहरूको चाप तथा सम्बन्धित क्षेत्रका विद्यालयहरूको शैक्षिक गुणस्तरबीच सकारात्मक सम्बन्ध रहेको हुन्छ। यसकारण प्रस्तुत तालिकामा स्रोत केन्द्रअनुसार विद्यालयको संख्या प्रस्तुत गरिएको छः

**तालिका-५८**

**स्रोत केन्द्रअनुसार सामुदायिक तथा निजी विद्यालयहरूको वितरण, २०६९**

| क्र. स. | स्रोत केन्द्र | सामुदायिक विद्यालय | | | | क्याम्पस | निजी विद्यालय | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रावि | निमावि | मावि | उमावि | | प्रावि | निमावि | मावि | उमावि | |
| १ | बेसीशहर | २४ | - | ४ | ४ | ३ | २ | २ | ३ | ३ | ४५ |

| क्र.स. | स्रोत केन्द्र | सामुदायिक विद्यालय | | | | क्याम्पस | निजी विद्यालय | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रावि | निमावि | मावि | उमावि | | प्रावि | निमावि | मावि | उमावि | |
| २ | खुदी | २९ | ५ | ४ | १ | - | | १ | - | - | ४० |
| ३ | चिती | २५ | ४ | ४ | १ | - | १ | १ | - | - | ३६ |
| ४ | भोटेवडार | १४ | २ | ४ | २ | ३ | १ | २ | ३ | १ | ३२ |
| ५ | धमिलीकुवा | १८ | १ | ३ | ३ | - | २ | १ | - | - | २८ |
| ६ | चण्डेश्वरी | १९ | - | ४ | २ | १ | १ | १ | - | - | २८ |
| ७ | भोर्लेटार | १६ | ४ | १ | २ | १ | १ | १ | १ | - | २७ |
| ८ | प्यारजुङ | १७ | १ | ४ | १ | - | ३ | - | - | - | २६ |
| ९ | बाग्लुङ | २० | १ | ५ | - | - | | - | - | - | २६ |
| १० | सूर्यपाल | १३ | २ | ४ | २ | २ | १ | २ | - | - | २६ |
| ११ | बिचौर | १७ | २ | २ | - | - | १ | - | - | - | २२ |
| १२ | भार्ते | १६ | १ | ३ | १ | - | १ | - | - | - | २२ |
| १३ | कुन्छा | १४ | १ | ३ | १ | - | २ | - | - | - | २१ |
| १४ | पाचोक | १४ | १ | ३ | - | - | १ | - | - | - | १९ |
| १५ | घेर्मु | १४ | ३ | १ | १ | - | | - | - | - | १९ |
| १६ | गिलुङ | १० | १ | ३ | १ | - | | - | - | - | १५ |
| | जिल्ला | २८० | २९ | ५२ | २२ | १० | १७ | ११ | ७ | ४ | ४३२ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

प्रस्तुत तालिका अनुसार जिल्लामा प्राथमिक विद्यालयको संख्या सामुदायिकतर्फ २८० र निजीतर्फ १७ गरी २९७ वटा, निम्न माध्यमिक विद्यालय सामुदायिकतर्फ २९ वटा र निजीतर्फ ११ वटा गरी ४० वटा रहेका छन् । माध्यमिक विद्यालय सामुदायिकतर्फ ५२ र निजीतर्फ ७ गरी ५९ वटा तथा उच्चमाध्यमिक विद्यालय सामुदायिकतर्फ २२ र निजीतर्फ ४ गरी २६ वटा सञ्चालनमा रहेका छन् ।

### २.१६.५ प्राथमिक विद्यालयमा पहुँच

आधारभूत शिक्षालाई नेपालको अन्तरिम संविधानले मौलिक हकका रुपमा स्थापित गरेको छ । आजको आधुनिक युगमा आधारभूत शिक्षा सबैका लागि अति आवश्यक भएको सन्दर्भमा स्रोत केन्द्रअनुसार शैक्षिक पहुँचको स्थिति विश्लेषण गर्ने प्रयास गरिएको छ :

**तालिका-५९**

**स्रोत केन्द्रअनुसार गाविस, गाउं तथा प्राथमिक शिक्षा सुविधा, २०५९**

| क्र.सं. | स्रोत केन्द्र | अन्तर्गतका गाविस | गाउंको संख्या | प्राथमिक विद्यालय वा सेक्सन भएका गाउं | वैकल्पिक शैक्षिक सुविधा भएका गाउं | प्राथमिक विद्यालय वा सेक्सनको सुविधा भएका औसत गाउं संख्या | प्राथमिक विद्यालय वा सेक्सन नभएका गाउं |
|---|---|---|---|---|---|---|---|
| १ | धमिलीकुवा | ३ | ३४ | २० | - | १.७ | ९ |
| २ | प्यारजुङ | ४ | ४८ | १८ | | २.६७ | २६ |
| ३ | बिचौर | ३ | ३१ | १७ | | १.८२ | १० |
| ४ | भार्ते | ३ | २८ | १६ | | १.७५ | ७ |
| ५ | पाचोक | ३ | ४४ | १४ | १ | ३.१४ | २५ |
| ६ | घेर्मु | ३ | ३४ | १४ | - | २.४३ | १३ |
| ७ | खुदी | ४ | ५१ | २९ | १ | १.७६ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | चिती | ५ | ५९ | ३० | १ | १.९७ | २० |
| ९ | बेसीशहर | ४ | ८० | २३ | - | ३.४८ | ५४ |
| १० | बाग्लुङपानी | ५ | ५० | २० | - | २.५ | २० |
| ११ | गिलुड | ३ | १९ | १० | - | १.९ | ४ |
| १२ | भोर्लेटार | ४ | ५४ | १६ | - | ३.३८ | ३१ |
| १३ | सूर्यपाल | ५ | ६० | १३ | २ | ४.६२ | ३९ |
| १४ | चन्द्रेश्वर | ५ | ५८ | १८ | - | ३.२२ | ३४ |
| १५ | कुन्छा | ३ | ३१ | १४ | - | २.२१ | १२ |
| १६ | भोटेवडार | ४ | ४५ | १३ | - | ३.४६ | २३ |
| कुल | | ६१ | ७२६ | २८५ | ५ | २.५५ | ३४६ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

प्रस्तुत तालिका अनुसार जिल्लाको ६१ ग.वि.स. मा भएका ७२६ गाउँहरूमध्ये २८५ गाउँमा प्राथमिक विद्यालयको पहुँच भएको र बाँकी २४६ गाउँमा प्राथमिक विद्यालयको पहुँच नभएको देखिन्छ। यसर्थ, जिल्लाका अधिकांश गाउँमा प्राथमिक शिक्षाको पहुँच नभएकाले बालबालिकाले छिमेकी गाउँसम्म हिड्नुपर्ने अवस्था देखिन्छ।

### २.१६.६ प्राथमिक विद्यालयमा न्यूनतम शैक्षिक सुविधा

प्राथमिक विद्यालयमा उपलब्ध शैक्षिक सुविधाले प्राथमिक विद्यालयको शैक्षिक गुणस्तर प्रभावित गर्दछ। लमजुङ जिल्लामा स्रोत केन्द्रअनुसार प्राथमिक विद्यालयको अवस्था र न्यूनतम शैक्षिक सुविधा निम्नअनुसार छः

**तालिका-६०**
**प्राथमिक विद्यालय र न्यूनतम शैक्षिक सुविधा**

| क्र.सं. | स्रोत केन्द्र | आफ्नै भवन भएका | मर्मत संभार आवश्यक भएका | थप कक्षा कोठा आवश्यक | छात्राका लागि छुट्टै चर्पी भएका | खानेपानी सुविधा भएका | चर्पी सुविधा भएका | आवश्यकता अनुसार फर्निचर भएका | कम्पाउण्ड वाल भएका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धमिलीकुवा | २५ | १३ | १२ | ५ | १८ | २० | २२ | ७ |
| २ | प्यारजुङ | २२ | ८ | ८ | ४ | ७ | १८ | १५ | ४ |
| ३ | बिचौर | २१ | ११ | १० | ४ | १५ | १६ | २१ | ६ |
| ४ | भार्ते | २१ | ८ | ६ | ७ | १८ | १८ | १८ | १० |
| ५ | पाचोक | १९ | १० | ८ | ८ | १७ | १७ | १७ | ३ |
| ६ | घेर्मु | १९ | १० | १० | ५ | १९ | १८ | १५ | १३ |
| ७ | खुदी | ३२ | २० | १८ | ६ | २१ | १९ | २२ | १३ |
| ८ | चिती | ४० | २० | १२ | ६ | २८ | २५ | २८ | १० |
| ९ | बेसीशहर | २७ | १३ | १८ | ५ | १९ | १८ | १९ | ३ |
| १० | बाग्लुङपानी | २९ | ९ | ११ | ८ | २० | २३ | २४ | ११ |
| ११ | गिलुङ | १५ | ६ | ७ | ४ | १२ | ११ | १२ | १० |
| १२ | भोर्लेटार | २३ | १२ | १० | १० | २० | २१ | १८ | ११ |
| १३ | सूर्यपाल | २१ | १२ | ९ | ८ | १४ | १३ | १८ | १२ |
| १४ | चन्द्रेश्वर | २४ | १२ | १० | १० | २१ | १९ | २२ | १२ |
| १५ | कुन्छा | १९ | ७ | १० | ८ | १७ | १५ | १९ | ७ |
| १६ | भोटेवडार | २२ | १२ | २२ | १४ | १८ | १६ | १९ | ८ |

| क्र.सं. | स्रोत केन्द्र | आफ्नै भवन भएका | मर्मत संभार आवश्यक भएका | थप कक्षा कोठा आवश्यक | छात्राका लागि छुट्टै चर्पी भएका | खानेपानी सुविधा भएका | चर्पी सुविधा भएका | आवश्यकता अनुसार फर्निचर भएका | कम्पाउण्ड वाल भएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३७९ | १८३ | १८१ | ११२ | २८४ | २८७ | ३०९ | १४० |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

प्रस्तुत तालिका अनुसार यस जिल्लाका अधिकांश विद्यालयहरूको आफ्नै भवन रहेका छन् । त्यसमध्ये १८३ विद्यालयहरूको भवन मर्मत गर्नु पर्ने अवस्थामा छन् । हाल भएका भवनका कक्षा कोठा पर्याप्त छैनन् । थप ११२ ओटा कक्षा कोठा थप गर्नु पर्ने देखिन्छ । २८४ विद्यालयमा खानेपानीको व्यवस्था छ र ९५ विद्यालयमा खानेपानी सुविधा उपलब्ध हुन सकेको छैन । २८७ विद्यालयमा शौचालयको व्यबस्था छ, ९२ विद्यालयमा शौचालय व्यवस्था गर्नुपर्ने खाँचो छ । १४० विद्यालयहरूमा मात्र कम्पाउण्ड वाल रहेको छ, २३९ विद्यालयमा शौचालय व्यवस्था गर्नुपर्ने खाँचो देखिन्छ ।

### २.१६.७ स्रोत केन्द्रहरूअनुसार प्राथमिक विद्यालय भर्ना प्रवृत्ति

वि.सं. २०६९ को कक्षागत भर्नाको स्थिति अध्ययन गर्दा कक्षा १ देखि ५ सम्मको छात्राहरूको संख्या १३८४२ र छात्रहरूको संख्या १३६७५ गरी कुल विद्यार्थी संख्या २७५१७ रहेको देखिन्छ । कक्षा १ देखि ५ सम्मको दलित छात्राहरूको संख्या ३६३३ र छात्रहरूको संख्या ३५४४ गरी कुल विद्यार्थी संख्या ७१७७ रहेको छ । यस्तै, कक्षा १ देखि ५ सम्मको जनजाति छात्राहरूको संख्या ६८०६ र छात्रहरूको संख्या ६७६४ गरी कुल विद्यार्थी संख्या १३५७० रहेको छ । जिल्लाको प्राथमिक विद्यालयमा भर्ना प्रवृत्ति सूचक (ETI- Enrollment Trend Index) अध्ययन गर्दा सन् २०००□२००१ देखि २०१३ बीचको अवधिमा विद्यार्थी संख्या घट्दो अवस्थामा रहेको देखिन्छ, जुन निम्न तालिका प्रस्तुत गरिएको छः

**तालिका-६१**

**स्रोत केन्द्र अनुसार प्राथमिक विद्यालयमा भर्ना प्रवृत्ति, २०१३**

| क्र.सं. | स्रोत केन्द | २०००/०१ | | | २००१/०२ | | | २०१२/१३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल | छात्रा | छात्र | कुल | छात्रा | छात्र | कुल |
| १ | धमिलीकुवा | १९०४ | २००५ | ३९०९ | १२६५ | १०२८ | २२९३ | १०५८ | १००२ | २०६० |
| २ | प्यारजुङ | १५८१ | १४९७ | ३०७८ | १७३४ | १७७४ | ३५०८ | ८१९ | ७८४ | १६०३ |
| ३ | बिचौर | ८४२ | १०७१ | १९१३ | ८५७ | १०८२ | १९३९ | ६०६ | ५३३ | ११३९ |
| ४ | भार्ते | १५८३ | १५५६ | ३१३९ | १४६१ | १४८९ | २९५० | ६१४ | ४८१ | १०९५ |
| ५ | पाचोक | ८८० | ७६० | १६४० | ७६० | ८८० | १६४० | ५१३ | ४५१ | ९६४ |
| ६ | घेर्मु | ९३९ | ८९५ | १८३४ | ८१७ | ८६७ | १६८४ | ५०१ | ४२५ | ९२६ |
| ७ | खुदी | १६३४ | १६५२ | ३२८७ | १६१२ | १६९९ | ३३१२ | १११२ | ११३२ | २२४४ |
| ८ | चिती | १९८७ | १९८२ | ३९६९ | १५८५ | १९४४ | ३५२९ | ११६१ | ११४२ | २३०३ |
| ९ | बेसीशहर | २४३९ | २६७० | ५१०९ | २३६३ | २५०८ | ४८७१ | २०२४ | २२१३ | ४२३७ |
| १० | बाग्लुङपानी | १३४३ | ११२७ | २४७० | ११५५ | १३४४ | २४९८ | ५४७ | ५५६ | ११०३ |
| ११ | गिलुङ | ७०८ | ६७६ | १३८४ | ६४७ | ६४७ | १२९४ | ४४२ | ४१८ | ८६० |
| १२ | भोर्लेटार | १६६७ | १५२३ | ३१९० | १४७८ | १४१३ | २८९१ | ९७० | १०१४ | १९८४ |
| १३ | सूर्यपाल | १५६५ | १६४४ | ३२०९ | १६४४ | १५६५ | ३२०९ | ८६७ | ८४० | १७०७ |
| १४ | चन्द्रेश्वर | १२९० | १२९१ | २५८१ | १२२६ | १२६२ | २४८८ | ५९३ | ५३३ | ११२६ |
| १५ | कुन्छा | ११८० | ११०७ | २२८७ | १०९४ | ११५२ | २२४६ | ३६० | ३५० | ७१० |
| १६ | भोटेवडार | २१४७ | २०६९ | ४२१६ | २०६३ | २२६० | ४३२३ | १६५५ | १८०१ | ३४५६ |
| | जिल्ला | २३६८९ | २३५२४ | ४७२१३ | २१७६१ | २२९१४ | ४४६७५ | १३८४२ | १३६७५ | २७५१७ |

*स्रोत: लमजुङ जिल्लाको स्वास्थ्यसम्बन्धी वस्तुगत विवरण, २०७०, जिल्ला जनस्वास्थ्य कार्यालय*